

# तेस्रो स्वर्गदूतको सन्देश सशक्तिकरण गर्ने चाबी

डीयान डेल्केभ
एड्रियन एबेन्स

डीयान डेल्केभ
एड्रियन एबेन्स

# तेस्रो स्वर्गदूतको सन्देश सशक्तिकरण गर्ने चाबी

**मारनथा**
मिडिया

loveofGod-Nepal.com

मे, २०१९

# विषय सूची

परिचय

१. घृणितकार्यको जड........................................7

२. मानवतामा घृणितकार्यको प्रयोग...............................20

३. इस्रायलमा प्रकट भएको घृणितकार्य..........................32

४. दैनिक र विध्वंसको उल्लंघन..................................46

५. इस्रायल र बेबिलोनको शासकको सात गुणा दण्ड........65

६. अनन्तको सुसमाचार.............................................82

७. परमेश्वरसँग डराओ.............................................91

८. उहाँलाई महिमा देओ............................................98

९. उहाँको न्यायको घडी...........................................102

१०. बनाउनुहुनेलाई दण्डवत गर................................114

११. के कारणले बेबिलोनको पतन हुन्छ.........................129

१२. बेश्याको मत परमेश्वरको क्रोधमा बदलिन्छ..............134

निष्कर्ष

# परिचय

केहि समय अगाडि डीयान र म सुसमाचारको बारेमा हाम्रो बुझाइमा अनुग्रहपूर्वक हामीलाई दिइएका प्रगतिहरुका बिभिन्न पक्षहरुका बारेमा छलफल गरिरहेका थियौं । सुसमाचारको बिषय, विश्वासद्वारा धार्मिकता र ईश्वरको छाप प्राप्त गर्ने इच्छित परिणामलाई तीन स्वर्गदूतहरुको सन्दर्भमा राख्नुपर्दछ ।

*विशेष अर्थमा सेभेन्थ डे एडभेन्टिष्टहरु संसारमा चौकीदार र प्रकाश वाहकको रुपमा स्थापित गरिएको छ । तिनीहरुलाई नाश भइरहेको संसरको लागि अन्तिम चेतावनी सौंपाइएको छ । तिनीहरुमा परमेश्वरको वचनबाट अद्भुत ज्योति चम्किरहेको छ । तिनीहरुलाई सबैभन्दा गम्भिर महत्वको काम दिइयो - पहिलो, दोस्रो र तेस्रो स्वर्गदूतहरुको सन्देशहरुको घोषणा । यतिको महत्वको अरु कुनै काम छैन । तिनीहरुले आफ्नो ध्यान खिच्न अरु कुनै पनि कुराको लागि अनुमति लिनु पर्दैन । (9 T 19 . 1)*

यो केहि स्पष्ट भएको छ कि पहिलो स्वर्गदूतको सन्देशको क्रमबध्द सही बुझाइले बेबिलोनको पतन र उनको मद्यको विषाक्तताको पर्दाफासको चाबीलाई पकेर राखेको छ । यस पहिलो स्वर्गदूतसँग केवल कुनै सुसमाचार मात्र छैन तर “अनन्तको सुसमाचार” छ । (प्रकाश १४ : ६) जसले यसलाई ग्रहण गर्दछ उसले थुमाको गीत मात्र गाउने छैन, तर मोसाको गीत पनि गाउनेछ, किनकि अननतको सुसमाचारमा यो नै गीत हो । यस्तो सुसमाचारको आश्वासनले हामीलाई यो निष्कर्षमा पुऱ्याउँछ कि ख्रीष्टले पृथ्वीमा आफ्नो चरित्रमा पूर्ण रुपमा अहिंसकको रुपमा प्रकट गर्नुभएको कुरा हिजो, आज र सदासर्वदाको निम्ति उस्तै हो, र यस्तो प्रकाशले हामीलाई उहाँको महिमा गर्न उत्प्रेरित गर्दछ । ख्रीष्टमा यस चरित्रको प्रकाशको साथ हामी त्यसपछि न्यायको भाग लिन र परमेश्वरलाई पवित्र, दयालु र धर्मीको रुपमा न्याय गर्न सक्षम हुन्छौं । यसले हाम्रो हृदय उहाँमा विश्राम लिन खोज्नेछ “जसले स्वर्ग र

पृथ्वी र समुद्र र पानीका मूलहरु सृष्टि गर्नुभयो" र प्रेम र सत्यतामा उहाँको उपासना गर्दछ ।

सेभेन्थ डे एडभेन्टिष्टहरुले १८४४ देखि तेस्रो स्वर्गदूतको सन्देशलाई घोषणा गरिरहेका छन्, तर परमेश्वरको चरित्रको पूर्ण ज्ञान बिना नै यो सन्देशले त्यो समयको दोस्रो सन्देशको वितरणमा दबाबको भाव उत्पन्न गर्यो । तेस्रो स्वर्गदूतको सन्देशलाई शक्ति दिने चाबी परमेश्वरको प्रेमिलो चरित्रको एउटा महिमित ज्योति हो । (काइस्ट अबजेक्ट लेशनको पृष्ठ ४१५ मा हेर्नुहोस्) यो चाबी प्राप्त गर्नका लागि मूल ढोका एकमात्र पुत्रको हातमा र १८८८ मा एल्डर वागनर र जोनस्ले दिएको अनन्तको करारको सत्यतामा थियो ।

यो पुस्तक एउटा बीज हो । यो केहि खँदिलो छ र यसमा धेरै विचारहरु समावेश छन् जुन ध्यानपूर्वक अध्ययन गर्दा स्वादिष्ट फलको साथ एडभेन्टिष्ट सन्देशहरुको धेरै पक्षमा फूल्नेछ । केहि बुँदाहरु सत्यको ढाँचामा बुझ्नको लागि धेरै चोटि समेट्न आवश्यक पर्दछ । तत्कालका केहि सत्यताहरु सँगै राख्नु महत्वपूर्ण थियो जुन हामीसँग एउटा पुस्तकमा आएको छ ताकि ती हराउनेछैनन् बरु भविश्यमा निर्माण हुने छन् ।

डीयान २५२० बर्षको प्रसंगको सन्दर्भमा र किन त्यहाँ क्रोधको अवधि छ ई. पू. सातौं शताब्दीमा इस्रायलको कब्जा देखि  ए. डी. १८४४ सम्म जति बेला भेला हुन शुरु भएको छ । पृथ्वीमा येशू ख्रीष्टको माध्यमबाट परमेश्वरको चरित्रको प्रकाशले यस क्रोधलाई अन्त्य गर्न शक्ति दिने बिउलाई रोप्यो (व्यवस्था २९ : २८) र हामीलाई महापवित्र स्थानमा परमेश्वरको प्रत्यक्ष उपस्थितिमा नयाँ जीवितरिका प्रदान गर्दछ । यो काममा भविष्यसूचक अवधिहरु र पृथ्वीको इतिहासको समापन दृश्यहरु कसरी प्रस्तुत गर्ने भन्ने हाम्रो बुझाइको तरिका संलग्न छन् ।

धेरै एडभेन्टिष्टहरु अन्त्यका दिनको चिन्न्हहरुमा यस पृथ्वीमा छँदा खीष्टको जीवनसँग मेल नखाने खालको परमेश्वर माथिको दृष्टिकोण राखिएको छ । यस्ता धेरै कुराहरु तिनीहरुको सहि ठाउँमा पुनःसंरचना गर्नु आवश्यक छ ताकि चौथो स्वर्गदूतको ज्योति चम्केर आउनेछ ।

यो पुस्तकले त्यो प्रकृयाको चाबीलाई उपलब्ध गराउनेछ ।

एड्रियन एबेन्स
मारनथा मिडिया

# १. घृणितकार्यको जड

धर्मशास्त्रले हामीलाई बताउँदछ कि कसरी स्वर्गमा ठूलो विवाद शूरु भयो :

> "ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। **परमेश्वरका ताराहरू** भन्दा माथि **म मेरो सिंहासनलाई उच्च पार्नेछु।** पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, **म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।"** (यशैया १४ : १२-१४)

लुसिफर सबैभन्दा उच्च जस्तो हुन चाहान्थे र आफ्नै राज्य स्थापना गर्न चाहान्थे।

> **अभिभावक करूब हुनलाई तँ अभिषेक गरिएको थिइस्,** किनकि त्यसरी नै मैले तँलाई नियुक्त गरेको थिएँ। परमेश्वरको पवित्र पर्वतमा तँ थिइस्। **अग्निमय पत्थरहरूका बीचमा तँ हिँड्थिस्।** तँ सृजिएको दिनदेखि तँमा अधर्म फेला नपरेको दिनसम्म, तेरो चाल-ढङ्गमा तँ दोषरहित थिइस्। **तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस्।** यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तँलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ। **तेरो सुन्दरताले गर्दा तेरो हृदय घमण्डले फुलियो**, तैंले आफ्नो गौरवको कारण तेरो बुद्धिलाई भ्रष्ट पारिस्। यसैले मैले तँलाई जमिनमा फालिदिएँ। राजाहरूका अगि मैले

तँलाई तमाशा बनाइदिए। तेरा धेरै पापहरू र बेईमान व्यापारद्वारा तैंले तेरा पवित्रस्थानहरूलाई बिटुलो पारेको छस्। यसैले गर्दा मैले तँबाटै एउटा आगो निकालिदिएँ, र त्यसले नै तँलाई भस्म पाऱ्यो। तँलाई नियालेर हेर्नेहरू सबैका दृष्टिमा मैले तँलाई जमिनमा खरानी तुल्याइदिएँ। (इजकिएल २८ : १४-१८)

उनको पतन हुनुभनदा अघि लुसिफरको मिसन, परमेश्वरको चरित्रको ज्ञानबाट प्रकाशको प्रसरसँग जोडिएको थियो, जस्तो कि यसलाई यसरी अभिव्यक्त गरिएको छ "अभिभावक करुब हुनलाई तँ अभिषेक गरिएको थिइस् र अग्निमय पत्थरहरुका बीचमा तँ हिँडथिस् ।" तर अचम्म तरिकाले उसले उहाँलाई बिर्सियो जसमा उसले आफ्नो सुन्दरता र महान क्षमताहरु आर्जन गरेको छ, र आफ्नो क्षमताहरुको लागि आफैलाई श्रेय दिन थाले र उसको घमण्ड "माथि उठाइयो" । अगमवाणीको आत्मामा यस कथाको बिस्तारित संस्करणलाई हेरौं :

*"आफ्नो विद्रोह अघि, स्वर्गमा शैतान, एक उच्च र महिमित स्वर्गदूत थियो, आदरमा **परमेश्वरको प्रिय पुत्र पछिको थियो**....एउटा विशेष ज्योति उसको मुहारमा चम्कियो र उसको वरिपरि उज्यालो भयो र अरु उसको वरिपरिको दूतहरु भन्दा धेरै सुन्दर देखियो, **यधपि, परमेश्वरको प्यारो पुत्र येशू, सबै स्वर्गीय दूतहरुमा पूर्व प्रधान हुनुहुन्छ । स्वर्गदूतहरु सृष्टि हुन अघि उहाँ पिताको साथमा हुनुहुन्थ्यो । शैतानले ख्रीष्टको ईर्ष्या गऱ्यो, र बिस्तारै आदेश ग्रहण गर्यो जुन केवल ख्रीष्टमा मात्र निहित छ**....त्यहाँ स्वर्गदूतहरुको बीचमा झगडा भएको थियो । **शैतान र उसको सहनुभूतिशिलहरुले परमेश्वरको शासन सत्तालाई सुधार्न कोशिस गरिरहेका थिए । तिनीहरु असन्तुष्टि र दुःखी थिए किनकि उनीहरुले उहाँको अपारनिय ज्ञानमा ध्यान दिन सकेनन् र उहाँको पुत्र येशूलाई उच्च पार्ने र उहाँको असीमित शक्ति र आदेश दिएर उहाँको***

***<u>उद्देश्य पत्ता लगाउन सकेनन् । तिनीहरुले पुत्रको अख्तियारको विरुद्ध विद्रोह गरे ।”</u>*** *(1SP, 17,18)*

सबै सृष्टिका भलाईका लागि परमेश्वरले आफ्नो पुत्रद्वारा सबै ब्रह्मण्डको सृष्टि गर्नुभयो; ताकि तिनीहरु सर्वशक्तिमान परमेश्वरको उपासना मध्यस्थता गर्न सिद्ध अधिनता र विश्वासको ईश्वरीय उदाहरण पाउन सक्छन् । लुसिफर र उनका अनुयायीहरुले उसको सेवा गर्ने इच्छा गरेनन् जसले सबै कुराहरु परमेश्वरबाट पाएको छ, किनकि उनीहरुले सबै थोक परमेश्वरबाट पाइसकेका थिए भन्ने कुराको यो अनुस्मारक हो । यसैकारणले गर्दा येशू परमेश्वरको एकमात्र पुत्र हुनुहुन्छ भन्ने कुरा तिनीहरुले लुकाउने योजना गरे ।

***"तिनीहरु आफूलाई उच्च पार्न आएका थिए, र तिनीहरुले बिर्से कि तिनीहरुको सुन्दरता र चरित्र प्रभु येशूबाट आएको थियो ।*** *यस तथ्यलाई ती पतित स्वर्गदूतहरुले देख्न सक्ने थिएनन् कि* ***<u>येशू एकमात्र पुत्र हुनुहुन्छ,</u>*** *र तिनीहरुले यो बुझे कि उनीहरुले खीष्टको सल्लाह लिनु हुँदैन ।”* (TDG 128 . 2)

यस अस्वीकारमा स्वर्गदूतहरुले आफ्ना अन्तर्निहित मूल्यको बारेमा लुसिफरको झूटो दर्शन अपनाए र परमेश्वर र उहाँको पुत्रमाथि कुनै भरोसा गरेनन् । येशूको नम्र र धन्यवादी आत्मालाई पिताबाट ग्रहणकर्ता र जीवनको औचित्यवादी रुपमा अस्वीकार गर्दै, शैतानले आफ्नो बुद्धिलाई परमेश्वरको भन्दा पनि आफ्नै हो भन्ठानेको थियो, त्यसैले ऊ परमेश्वर जतिकै उपासना गर्न योग्य थियो । कृतज्ञता हकदार द्वारा प्रतिस्थापित भयो । खीष्ट आफ्नो मानव चोलाको समयमा, यो दुःखद इतिहासलाई सुनाउनु भयो :

*उहाँले (खीष्ट) शैतानको धृढता र कुर्कमलाई सम्झनुभयो, जसले स्वर्गमा स्वर्गदूतहरुसँग साहसी भई झगडा गऱ्यो कि उनको सजाय अन्यायपूर्ण छ, परमेश्वरसँग कुनै आत्म-इन्कार छैन भन्ने कुरालाई सुनिश्चित गर्दै शैतानले आफ्नो उद्देश्यहरु पूरा गर्न संघर्ष गरिरहेको*

*थियो र आफ्नै तरिकाले परमेश्वरको उदाहरण अनुकरण गर्दै थियो । यदि परमेश्वरले आफ्नै इच्छालाई सिद्ध र निरन्तर अनुसरण गर्नुभयो भने, किन उहाँको स्वरुपमा सृष्टि गरिएका पहिलो छोराहरुले त्यसो गर्नु हुँदैन ? यस तर्कबाट शैतानले थुप्रै पवित्र स्वर्गदूतहरुलाई धोका दिइयो । ( 3SP 77 )*

स्वर्गदूतहरु र परमेश्वरबीचको मध्यस्थको रुपमा ख्रीष्ट र उहाँको भुमिकालाई शैतानले वेवास्ता गर्यो । शैतानले सीधै परमेश्वरको उदाहरण अनुकरण गर्न कोशिस गर्यो र "परमेश्वरले आफ्नै इच्छाको सिद्ध र निरन्तर अनुकरण गर्नुभयो ।" पुत्रले कसरी स्वीकार गरे भनेर हेर्नको लागि परमेश्वरले ख्रीष्टलाई उनीहरुको उदाहरणको रुपमा राख्नुभयो, तर शैतानले ख्रीष्टको अधिनमा बस्न अस्वीकार गर्यो र परमेरश्वर जस्तै हुन खोज्यो । शैतानको विनाशकारी योजना अस्वीकृत भएपछि गुनासो र तीतोपनाले कृतज्ञाता र प्रशंसालाई शैतानको हृदयमा प्रतिस्थापन गर्यो ।

*लुसिफरलाई दिइएका उच्च सम्मानहरु परमेश्वरको विशेष उपहारको रुपमा ग्रहण गरिएको थिएन, र त्यसैले आफ्नो सृष्टिकर्ताको लागि कुनै कृतज्ञता जाहेर गरेन । उसले आफ्नो चमक र उज्वलतामा गर्व गरे र परमेश्वरसँग बराबर हुनको चाहना गरे । (PP 37)*

स्वर्गदूतहरुले वास्तविकतालाई कसरी लिन्छ भनि शैतानले निफन्ने काम गरिरहेको थियो । यदि तिनीहरु आफैमा प्रसंशा गर्दछन भने, यो तार्किक रुपमा अनुसरण गर्दछ कि परमेश्वर उहाँको महिमा खोज्दै स्वार्थी भइरहनु भएको छ । शैतानले परमेश्वर कस्तो हुनुहुन्छ र उहाँको तिनीहरु प्रतिको मनसाय के थिए भन्ने कुरालाई गलत ढंगले प्रस्तुत गरी तिनीहरुलाई फसाउनमा सफल भयो । परमेश्वरले ख्रीष्टलाई उनीहरु भन्दा माथिल्लो स्थानमा राख्नु यो उनीहरुको अपमान जस्तो ठाने । विश्वासिलो स्वर्गदूतहरुले परमेश्वरले आफ्नो पुत्रको सम्बन्धमा गर्नुभएको निर्णयले उनीहरुको मानमा केहि कमि ल्याएको छैन भनि

ढुक्क पार्ने कोशिस गरे, कि परमेश्वरले कसरी यो ब्रह्मण्डलाई सृष्टि गर्नुभयो त्यहाँनेर ठूलो बुद्धि र व्यवस्थाको आवश्यक्ता थियो र तिनीहरु पहिले यसमा पूर्ण रुपमा खुशी थिए । तर, त्यसपछि शैतानले परमेश्वरको शासनको सम्बन्धमा अर्को भ्रम प्रस्ताव गर्यो :

*शैतानका धेरै सहनुभूतिदाताहरु वफदार स्वर्गदूतहरुको सल्लाहलाई ध्यान दिएर हेरे, र* ***उनीहरुको असन्तुष्टिको लागि पश्चाताप*** *गरे,* ***र फेरि पिता र उहाँको पुत्रको विश्वासमा निश्चितता भए*** *। तब शक्तिशाली विद्रोहकर्ताले घोषणा गरे कि उनी परमेश्वरको* ***कानुनबाट परिचित थिए,*** *र उनी आफै र तिनीहरु टाढा पुगेका थिए कि फर्केर* ***आउन असम्भव ठाने*** *र उसले त्यसको परिणामहरुमा बहादुरी देखाउँथे ; किनभने परमेश्वरको पुत्रलाई प्रसन्न पार्नको लागि उहाँलाई दण्डवत गरि उहाँको आराधना गर्ने काम उसले कहिल्यै गर्ने छैन,* ***जसलाई परमेश्वरले क्षमा दिनुहुन्न,*** *र अब तिनीहरुले आफ्नो* ***स्वतन्त्रतालाई*** *जोड दिन* ***र आफ्नो स्थान र अधिकार बल र शक्तिद्वारा*** *हाँसिल गर्नै पर्छ जो स्वेच्छाले तिनीहरुलाई दिइएको थिएन । (1SP 20.2)*

अब शैतानले परमेश्वरको व्यवस्थाको व्याख्या गर्न सक्ने हिम्मत गर्यो ताकि तिनीहरुको विनाश सुनिश्चित हुनेछ । जब उनले घोषणा गरे कि उनले परमेश्वरको कानुन जान्दछन् र उहाँले तिनीहरुलाई क्षमा गर्नुहुन्न, यसरी उनले पिताको चरित्रको गलत अर्थ लगाए ।

*शैतानले* ***परमेश्वरको व्यवस्थाको विरुद्ध लडाई गरिरहेको थियो, किनकि आफूलाई उच्च पार्ने महत्वकांक्षी, र परमेश्वरको पुत्रको अधिनमा बस्न राजी छैन,*** *स्वर्गको महान सेनापति उसले दावी गर्यो कि स्वर्गदूतहरुलाई कानुनको आवश्यक्ता छैन् ; तर तिनीहरुको* ***आफ्नै इच्छाको अनुसरण गर्न स्वतन्त्र छाड्नु पर्छ,*** *जसले तिनीहरुलाई* ***सँधै मार्गदर्शन गर्दछ.....*** *परमेश्वरको* ***मन त्यस्तो छैन, जसले नियम बनाउनुभयो र अफै तिनीहरुको बराबरमा राख्नुभयो । स्वर्गदूतहरुको खुशी उनीहरुको कानुन प्रतिको पूर्ण आज्ञाकारीतामा केन्द्रित थियो ।*** (1SP 22)

परमेश्वरको एकमात्र पुत्रको शक्तिलाई बेवास्ता गर्नु, जसले सबै कुरा परमेश्वरबाट हाँसिल गर्नुभएको थियो, शैतानले पुत्रको मााध्यमबाट प्राप्ता गर्ने मान्यतालाई इन्कार गर्यो र त्यो विश्वासमा मूल्यलाई खोजी गर्न शुरु गर्यो जसले बताउँछ कि हामीमा भएको गुणहरु अन्तनिर्हित हो, त्यसैले बाइबलले भन्दछ, "तेरो सुन्दरताले गर्दा तेरो हृदय घमण्डले फुलेर आयो ।" त्यसैकारण अर्को तार्किक  कदम भनेको परमेश्वरको व्यवस्था प्रकृतिक खुशीको सिद्धान्त होइन, तर मनमानी र कृत्रिम ढंगले थोपारिएको थियो भनेर विश्वास गर्न उसको रोजाइ थियो ।

तर हामीलाई भनिएको छ कि यो व्यवस्था परमेश्वरको चरित्रको प्रतिलिपि हो, र त्यो व्यवस्था स्वेच्छाले नभई यो ब्रह्मण्डको संरचनाको एक अंश हो, गुरुत्वार्कषण जस्तो, जसको अभावमा ब्रह्मण्ड विखण्डित हुनेछ :

*परमेश्वरलाई आफ्नो सन्तानहरुको सिद्धता चाहिन्छ । उहाँको व्यवस्था उहाँको चरित्रको अभिलेख हो, र यो सम्पूर्ण चरित्रको मानक (आधार) हो ।* (COL 315.1)

*प्रेमको व्यवस्था परमेश्वरको शासनको जग हो, सबै बौद्धिक प्राणीहरुको खुशी यसको धर्मिकताको महान सिद्धान्तहरुको साथ तिनीहरुको पूर्ण सहमतिमा निर्भर गर्दछ ।* ( PP 34.3)

*परमेश्वरको पुत्रले उसको सामु महान्ता, भलाई र सृष्टिकर्ताको न्याय, र उहाँको व्यवस्थाको पवित्र, अपरिवर्तनिय प्राकृतिक प्रस्तुत गर्नुभयो । परमेश्वर आफैले स्वर्गको व्यवस्था स्थापित गर्नुभयो ; र यसबाट प्रस्थान गर्दा, लुसिफरले आफ्नो निर्मातालाई अनादर गर्ने र आफैमा विनाश ल्याउने थियो ।* (PP 35.3)

तसर्थ, जब लुसिफरले परमेश्वरको व्यवस्थालाई स्वर्गदूतहरु सामु मनमानी र कृत्रिम ढंगले प्रस्तुत गरे, वास्तवमा परमेश्वरको स्वयं चरित्र

क्रुर र प्रतिबन्धित तानाशाहको रुपमा प्रस्तुत गर्यो । अनि तिनीहरु मध्ये कोहि-कोहि फर्केर आउन इच्छुक भए, तर उनले सल्लाह दिए कि तिनीहरु धेरै टाढा पुगेका छन् र अब परमेश्वरले उनीहरुलाई माफी गर्नुहुन्न, र यसरी यो विद्रोहमा परमेश्वर क्षमाशील हुनुहुन्न भनि थपे । ब्रहाण्डको आनन्दको सुनिश्चित गर्न खाका गरिएको प्रेमको व्यवस्था शैतानले धोका दिइएकाहरुको निम्ति अत्याचारी बलको व्यवस्थामा माथिको तल पारी उल्टाइ दियो ।

*महान विवादको शुरुवातमा शैतानले घोषणा गरेको थियो कि परमेश्वरको व्यवस्था पालना गर्न सकिन्न, कि न्याय दयासँग विसागत थियो, र त्यो* ***व्यवस्था भंग गर्न सम्भव छ, र पापीहरुको लागि क्षमा पाउन असम्भव हुनेछ*** *। प्रत्येक पापले त्यसको सजाय भोग्नै पर्दछ, शैतानले अग्रह गर्यो, र यदि परमेश्वरले* ***पापको दण्ड भोग्नु पर्यो भने,*** *उहाँ सत्य र न्यायको परमेश्वर हुनुहुन्न* । (DA 761.4)

*शैतानको निन्दा गर्ने शक्तिले उसलाई* ***दयाको साथ नमिल्ने न्यायको सिद्धान्त स्थापना गर्न डोहोर्याउँछ ।*** *ऊ परमेश्वरको आवाज र शक्तिको रुपमा कार्य गरेको दावी गर्दछ, आफ्ना दावीहरु निष्पक्ष, सफा र कुनै गल्ती नभएको दावी गर्दछ ।* ***यसैले ऊ न्यायआसनमा आफ्नो ओदाह लिन्छ र आफ्नो सल्लाहहरु असफल नभएको घोषणा गर्दछ ।*** *यहाँ उसको* ***निर्दयी न्याय आउँदछ, नक्कली न्याय, परमेश्वरलाई घृणा गर्ने*** *।* (CTR 11.4)

वेबसाइटको शब्दकोषमा **अभोरेन्ट** शब्दले यसको मूल **अभोर** शब्दको सम्बन्धमा निम्न प्रविष्टि गर्दछ ।

> ABHOR, v.t (अभोर) (L abhorreo, of ab and horreo, (एल अबोरोरियो, अब र हरियो) जसको अर्थ हुन्छ रौँ ठाडो पार्नु, काम्नु ; डरलाग्दो देखिन काम्नु ।

१. अत्याधिक घृणा गर्न वा अवहेलनाको साथ ; घृणा गर्न वा घृणित बन्न ।

यहाँ घृणाको जड छ । यो परमेश्वरले खीष्ट मार्फत सृष्टि गरिएको प्रणिहरुलाई दिनुभएको जुन उत्तराधिकारलाई अस्वीकारगरि तयार गरिएको थियो ।यो अस्वीकार गरिएको उत्तराधिकारले अन्तर्निहित जीवनको झूटमा डोह्रेऱ्यायो । अन्तर्निहित जीवनको झूटले परमेश्वरको व्यवस्थालाई मनमानी बनायो, शैतानले व्यवस्थालाई परमेश्वरको इच्छा अनुसार स्वर्गदूतहरुलाई प्रतिबन्धितगर्न र हेरफेर गर्ने माध्यमको रुपमा चित्रण गर्यो । यसले न्यायलाई दयाको विरोधीको रुपमा उल्ट्यायो किनकि शैतानको सिद्धान्त अनुसार प्रत्येक व्यक्ति सँग तिनीहरुलाई डोह्रेऱ्याउनको लागि अन्तर्निहित बुद्धि हुन्छ ; र तिनीहरुलाई कुनै व्यवस्थाको आवश्यक्ता छैन् । त्यस्तो प्रसंगमा आज्ञाकारिताको आवश्यक्ता पर्ने कानुन लागु गर्नु भनेको दया सम्भव छैन भन्नु हो, किनभने सम्भवत : सबै स्वर्गदूतहरुसित व्यवस्थाको कुनै पनि उल्लंघन क्षमा गर्न नसक्ने बनाउन पर्याप्त बुद्धि थियो । शैतानले स्वर्गदूतहरुको गर्वमा चापलुसी गर्यो र परमेश्वरलाई गलत ढंगले परिभाषित गर्यो, र यो झूटलाई विश्वास गर्ने स्वर्गदूतहरुले अरु कुनै पनि सम्भावना बिना तर उनीहरुलाई स्वतन्त्रतालाई “जोड दिएर र उनीहरुको पद र अधिकारलाई जबरजस्ती प्राप्त गर्न छाडिए जुन उनीहरुलाई राजीखुशी दिइएको थिएन ।”

शैतानले तर्क गर्यो कि यदि परमेश्वर फर्कनुभयो र त्यस्ता स्वर्गदूतहरुलाई क्षमा गर्नुभयो भने न्याय कमजोर देखिनेछ ; त्यसैकारण क्षमा र दया असम्भव थिए ।

यधपि परमेश्वरलाई अरु कुनै पनि सृष्टि गरिएको प्राणीले भन्दा शैतानले राम्रो सँग चिन्थ्यो तर शैतानले उहाँलाई क्षमा नगर्ने, कठोरको रुपमा प्रस्तुत गऱ्यो । हाम्रो स्वर्गमा हुनुहुने पिताको लागि शैतानको विचारधारा **अभोरेन्ट** (डरलाग्दो) वा घृणित कुरा हो किनभने यसले

परमेश्वरको सन्तानलाई आफ्ना सृष्टिकर्ताबाट अलग गर्दछ । यसले उनीहरुमा अनन्त जीवनको मूल्य चुकाउँदछ ।

जब शुरुमा शैतानले खुशीसाथ उसलाई पछ्याउने दूतहरुलाई औँल्यायो, तिनीहरु लगभग सम्पूर्ण स्वर्गदूतहरुको भीडको आधा थिए :

*तब शैतानले उफ्रदै आफ्ना सहनुभूतिकर्ताहरुलाई औँल्यायो,* ***लगभग सबै आधा स्वर्गदूतहरुलाई*** *समावेश गर्दै करायो, "यी म सँगै छन् ! के तपाई यिनीहरुलाई पनि निस्कासित गर्नु हुन्छ र स्वर्गमा यस्तो शून्य बनाउनु हुन्छ ?* (1SP 22.2)

यधपि १६% स्वर्गदूतहरु, जसले शुरुमा लुसिफरलाई अनुसरण गरेका थिए, परमेश्वरमा फर्किए, किनकि हामीलाई भनिएको छ :

> "यसको पुच्छरले **स्वर्गको एक तिहाइ ताराहरूलाई** सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो। ९.त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र **त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए ।** (प्रकाश १२: ४,९)

*जब शैतान स्वर्गमा विचलित भयो, उसले परमेश्वर र ख्रीष्टको सामु आफ्नो गुनासो राखेन ; तर ऊ ती स्वर्गदूतहरु बीच गए जसले उसलाई सिद्ध तुल्याए र प्रतिनिधित्व गरे कि परमेश्वरले आफूलाई ख्रीष्टमा प्राथमिकता दिँदा उहाँले अन्याय गर्नुभयो ।* ***यस गलत व्यवहारको परिणाम यो थियो कि उहाँसँगको सहनुभूतिले गर्दा एक तिहाइ***

***स्वर्गदूतहरुले उनीहरुको निर्दोषता,*** *उच्च सम्पति र उनीहरुको खुशी घर गुमाए ।* (5T 291.1)

शैतानले उनीहरुलाई झूट बोलेको थियो कि परमेश्वरले उनीहरुलाई क्षमा गर्नुहुन्न, तर करिब १६% स्वर्गदूतहरु बलिदान र रगत बहाउनु बिना नै परमेश्वर र ख्रीष्टले ग्रहण गर्नुभयो । शैतानको गलत न्याय प्रणाली त्यो हो जसले परमेश्वरको व्यवस्था र उहाँको चरित्रको अर्थलाई बङ्ग्याउँदछ र यो दावी गर्दछ कि यदि व्यवस्था भंग गरियो भने, परमेश्वरले माफी दिन सक्नुहुन्न, यो विचारलाई रोप्दै कि त्यहाँ रगत नबगाई कुनै क्षमा हुनेछैन :

> वास्तवमा, व्यवस्थाअनुसार रगतले प्राय: सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन। (हिब्रु ९ : २२)

यस तर्कको श्रृंखलाले यो विश्वासमा पुऱ्याउँदछ कि व्यवस्थालाई बहाल गर्नको लागि कोही वा केहि मर्न आवश्यक छ । माथिको पदमा यो देखिन्छ कि परमेश्वर आफैलाई र उहाँको व्यवस्थालाई रगतको आवश्यक्ता छ जस्तो, तर धर्मशास्त्रले यो व्यवस्था कहाँबाट आएको हो भनेर वर्णन गरेको छ :

> "**जीवनको प्रतिज्ञा दिने** त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। **किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई माऱ्यो।** व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ। **त के जो असल छ, त्यसले मेरो निम्ति मृत्यु ल्यायो त ? कदापि होइन!** तर पापचाहिँ पापैको रूपमा देखिओस् भनेर असल कुराद्वारा पापले ममा मृत्यु उत्पन्न गराइरहेछ, ताकि

आज्ञाद्वारा पाप सम्पूर्ण रूपले पापमय बनोस्।" (रोमी ७ : १०-१३)

परमेश्वर जीवन र ज्योति हुनुहुन्छ। उहाँ र उहाँको पुत्रमा कुनै अन्धकार छैन । परमेश्वरका आज्ञाहरु ती व्यक्तिहरुका लागि जीवनको मूल हुन जो तिनीहरुलाई ख्रीष्टको आँखाले देख्छन् ।

"बुद्धिमान्को शिक्षा जीवनको फुहारा हो, जसद्वारा मानिस मृत्युको पासोबाट उम्कन्छ।" (हितोपदेश १३ : १४)

"जीवनको त्यस वचनको विषयमा, जो सुरुदेखि थियो, जो हामीले सुनेका छौं, जो हाम्रै आँखाले हामीले देखेका छौं, जो हामीले हेर्‍यौं र हाम्रा हातले छोयौं, त्यो जीवन प्रकट भयो, र हामीले देख्यौं, र हामी गवाही दिन्छौं, र **तिमीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौं, जो पितासँग थियो, र हामीकहाँ प्रकट भयो।"** (१यूहन्ना १ : १-२)

शैतानको झूटले पतित स्वर्गदूतहरुलाई त्यो सोचाईमा छल गर्यो जसले परमेश्वरको वचनहरुको अर्थ भनेको, उहाँले तिनीहरुलाई मार्नुहुनेछ भन्ने हो । यो पाप शो परमेश्वर होइन जसले मृत्युलाई निम्त्याउँदछ । परमेश्वरले क्षमा दिनुहुन्न भन्ने विश्वासको पापले उनीहरु पक्कै मर्ने छैनन् भन्ने झूट बोलेर उनीहरुलाई यो निर्ष्कषमा छाडे कि परमेश्वर विनाशक हुनुहुन्छ जसले रगतको बलिदान मार्फत प्रायश्चित र तुष्टीकरणको माग गर्नुहुन्छ । यी ती विचारहरुमा हामीले परमेश्वरको

पुत्रलाई मार्नको लागि शैतानको मूल षड्यन्त्रको उदय देख्दछौँ, किनभने, शुरुदेखि नै शैतान हत्यारा थियो ।

> "तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो।" (यूहन्ना ८ : ४४)

त्यसैले यहाँ घृणितकार्यको जडको विकासको लागि अनुक्रम छ :

१. एकमात्र पुत्रको इन्कार जसमा सबै कुरा आत्मनिहित भएको छ ।
२. जसले जीवनलाई उपहारको रुपमा अस्वीकार गर्यो ।
३. जसले अन्तर्निहित अमरत्वको सिद्धान्त तर्फ डोह्र्याायो ।
४. जसले यो सिद्धानतमा डोह्र्याायो कि स्वर्गदूतहरुलाई उनीहरुको शासनको लागि व्यवस्थाको आवश्यक्ता पर्दैन ।
५. जसले गर्दा परमेश्वरको व्यवस्था मनमानी (तर्करहित) देखियो ।
६. जसले गर्दा शैतानले यो घोषणा गर्न गयो कि दया न्यायसँगत छैन किनकि आत्मर्निहित बुद्धिलाई दयाको खाँचो छैन तिनीहरुलाई डोह्र्यााउन उनीहरुसँग पर्याप्त बुद्धि हुन्छ ।
७. जसले गर्दा परमेश्वरलाई यसरी प्रस्तुत गर्यो कि उहाँ न्यायी र क्षमाशिल हुनुहुन्न ।
८. जसले गर्दा पपरमेश्वरले क्षमा गर्नुहुन्न भनेर शैतानले स्वर्गदूतलाई डोह्र्याायो ।

९. जसले शैतानलाई प्रत्येक पापको सजाय भोग्नै पर्छ भनि बताउन डोहोऱ्यायो ।

१०. जसले गर्दा त्यो विचारमा पुऱ्यायो कि न्यायले मृत्युको माग गर्दछ ।

११. जसको अर्थ यो हुन्छ कि परमेश्वरको शासन जबरजस्तीको जगमा छ, प्रेममा होइन ।

१२. जसले गर्दा प्रायश्चितको बलिदान सिद्धान्तको लागि ढोका खोल्यो वा अपराधको लागि दण्ड प्रतिस्थापन ।

शैतान मानवजातिलाई यो छलमा ल्याउन कि परमेश्वर क्षमा दिनुहुने हुनुहुन्न उहाँ विनाशक हुनुहुन्छ भनि विश्वास्त पार्न आतुर थियो ।

# २. मानवतामा घृणितकार्यको प्रयोग

अघिल्लो अध्यायमा हामीले पत्ता लगाएका १२ चरणहरुमा हामीले शैतानले आफ्नै न्याय प्रणालीसहित सम्पूर्ण नयाँ सिंहासन स्थापना गरेको आधार पत्ता लगाउँदछौं ।

> "के **दुष्ट शासकहरू** तपाईंसँग मिल्न सक्छन्, जसले आफ्ना **ऐनद्वारा विपद्** ल्याउँछन्।" (भजनसंग्रह ९४ :२०)

आफ्नो गलत इन्साफ प्रणालीको माध्यमबाट, शैतानले आफ्नो लामो इच्छित लक्षको लागि लडाइ लडेको छ - आफ्नो सिंहासनलाई परमेश्वरको ताराहरु माथि स्थापित गर्न। बाइबलले हामीलाई बताउँदछ कि "जे छ त्यो अघि नै थियो, जे हुनेछ त्यो पहिले देखि थियो ।" ( उपदेशक ३:१५) यहि कारणले मानव इतिहास र त्यसको पतनसाथै अन्त्यको समयसम्मको लुकेको इतिहास जुन आज हामी बाँचिरहेका छौं, यिनीहरु केवल ठूलो विवादको शूरुवात देखिनै भोगेको घटनाहरुको प्रतिबिम्ब मात्र हुन् ।

*स्वर्गमा लडाइ भयो र शैतान र त्यसका अनुयायीहरुलाई धपाइयो । स्वर्गबाट निकालिए पछि शैतानले यस पृथ्वीमा एउटा राज्य स्थापना गर्ने र मानव जातिलाई आफ्नो पक्षमा जित्ने संकल्प गर्यो ।* (CTr 200.2)

मानिसको पतनको कथामा हामी उही सिद्धान्तहरु लागु भइरहेको देख्छौं, तर अब हामी आफैले आफूमा कसरी बहुमूल्य महसुस गर्न सकिन्छ भन्ने माध्यमबाट थप विकाश भइरहेको देख्छौं ।

> "परमप्रभु परमेश्वरले बनाउनुभएका वन-पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, **"के**

> **परमेश्वरले** तिमीहरूलाई बगैँचाको कुनै पनि रूखको फल नखानू भनी **भन्नुभएको छ"** स्त्रीले सर्पलाई भनिन्, "बगैँचाका रूखहरूका फल हामी खान सक्छौं, तर बगैँचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ।" सर्पले स्त्रीलाई भन्यो, **"तिमीहरू मर्दैनौ। किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्,** तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए।" (उत्पति ३ : १-६)

सर्वप्रथम, उसले हव्वालाई खुल्लमखुल्ला भन्दछ कि परमेश्वरले सत्य बताउनुहुन्न किनकि उहाँको आफ्नै मनसाय छ । उसले दृढतापूर्वक भन्दछ कि तिनीहरुले फल खाए भने तिनीहरु मर्ने छैनन्, यधपि परमेश्वरले दृढतापूर्वक भन्नुभएको छ तिनीहरु मर्नेछन् ।

त्यसो गरेर, उसले एक स्वतन्त्र, आत्मर्निहित जीवनको स्रोतको विचारलाई घुसाउने कार्य गर्छ - उनको जीवनको स्रोतको रुपमा उनको जीवन परमेश्वरप्रति आज्ञाकारितामा निर्भर छैन ।

हव्वालाई यो रुखले बुद्धिमानी बनाउने कुरा बताउँदा शैतानले हव्वाको माध्यमबाट मानवताको दिमागमा नयाँ र मूल्यप्रणाली ल्याइरहेको थियो । जब शैतानले परमेश्वरको पुत्रलाई अस्वीकार गरेर उसको आफ्नै पुत्रत्वलाई अस्वीकार गर्यो, तब उसले मूल्यवान महसुस गर्ने नयाँ उपाय खोज्नु पर्यो । यो अन्तर्निहित बुद्धिमा विश्वासको माध्यमबाट र तपाईको ज्ञान बढाउने कुराहरु गरी निषेधित रुखबाट लिइ । यस्तो स्पष्टिकरणको साथ शैतानले परमेश्वरलाई यस्तो व्यक्तिको रुपमा प्रतिनिधित्व गऱ्यो जसले यो रुखको ज्ञानलाई आफूमा मात्र राख्छन, किनकि उसले आफ्नो धनसम्पतिको “उत्तम भाग” तिनीहरुसँग बाँडन चाहादैनन् । भनिन्छ कि हव्वाले यस रुखलाई त्यस्तो तरिकाले हेरिन जसरी शैतानले यसलाई वर्णन गरेको थियो- “एउटा रुख जसले कसैलाई बुद्धिमानी बनाउन चाहान्छ,” जसको अर्थ हो कि पहिले उनले सोचेको थियो कि उहाँ धेरै असल हुनुहुन्छ ।

जब आदम र हव्वाले रुखको फल खाए, उनीहरुले वास्तवमा बलको सम्राज्यको सिद्धान्तलाई समाहित गरे, जहाँ तपाईको शक्ति र उपलब्धिबाट मूल्य निर्धारण गरिन्छ । तिनीहरुको चरित्र शैतानको स्वरुपमा परिवर्तन भयो । अब जब आदम र हव्वाले जीवनको आत्मर्निहित स्रोतको शैतानको झूटो परिस्परिक विचारहरुलाई अपनाएका थिए, परमेश्वरको निरङ्कुश चरित्र, र स्वइच्छा ढंगले लगाइएको परमेश्वरको व्यवस्था, तिनीहरुको स्वभाविक प्रतिक्रिया भनेको स्वर्गमा हुनुहुने पिताबाट लुक्ने प्रयास गर्नु थियो । यदि सर्पले भनेको जस्तो गरी तिनीहरु मर्दैनन भने तब परमेश्वर उनीहरुमाथि व्यक्तिगत रुपमा मृत्युदण्ड सुनाउन आउनुहुनेछ :

> “अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैँचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। तर परमप्रभु परमेश्वरले मानिसलाई

**बोलाउनुभयो, “तँ कहाँ छस्”** (उत्पति ३ : ८-९)

*हव्वाले शैतानको कुरामा विश्वास गरिन, र परमेश्वरको चरित्रको सम्बन्धि झूटको विश्वासमा विश्वास गरिन, त्यसले उनी र उनको श्रीमानको चरित्र र अवस्था दुवैमा परिवर्तन ल्यायो ।* (RH Jan 5th, 1886 par.8)

तिनीहरुका चरित्रहरु अब यी झूटहरुको माध्यमबाट परिवर्तन भएका थिए र उनीहरुले परमेश्वरलाई यी झूटहरुको लेन्स मार्फत देखेका थिए । तिनीहरुले उहाँलाई त्यस्तो केहि कुरा हुनको लागि सोचे जुन उहा हुनुहुन्न थियो । यी सबै झूटहरु जुन तिनीहरुले आफ्नो दिमागमा गहिरो सँग निले पछि कसरी परमेश्वरले तिनीहरुसँग कुराकानी गर्नुहुन्छ, झूटले वबस्तवमा उनीहरुको “अवस्था र चरित्र” लाई नै परिवर्तन गऱ्यो ? अब तिनीहरु परमेश्वरले प्राचिन समयमा चिन्नुभएको छोराछोरीहरु जस्तो थिएनन ; तिनीहरुको व्यक्तित्व पूर्णरुपले विरुपित गरिएको थियो । अब परमेश्वरले उनीहरुलाई भन्नुहुने सबै कुरा एक विकृत प्रकाशमा व्यख्या गरिनेछ । परमेश्वरले उनीहरुलाई त्यस्तो प्रश्नहरु सोध्नुभयो जसले उनीहरुलाई स्पष्टसित उनीहरुको दोषलाई देखाउनेछ, तर त्यसले उनीहरुलाई पश्चातापमा पापस्वीकार्न तर्फ डोह्येऱ्याएन तर केवल बहाना बनाउन र परमेश्वरमाथि दोष थोप्न लगायो ।

**“मानिसले भने, “जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।” अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, “तैंले यो के गरिस्” स्त्रीले भनिन्, “सर्पले मलाई छल गऱ्यो, र मैले त्यो खाएँ।”** (उत्पति ३ : १२-१३)

आदमको शब्दहरुमा हामी आफ्नो छुटकाराको लागि व्यक्तिगत दोषलाई अरु कसैमा सार्ने सिद्धान्तलाई देख्छौँ । आदमको न्यायको नयाँ बुझाई भित्र, आदम आफ्नी स्वास्नी र परमेश्वरको मृत्युको उच्चारण गर्दै थिए ।

यधपि आदमले उनको भनाईको अर्थ पूर्णरुपमा नबुझी, उनी यहाँ परमेश्वरको पुत्रको मृत्युको कुरा गर्दै थिए । उनी आफ्नो पत्नीलाई उनको कामको पनि  जिम्मेवार बनाउन चाहिरहेका थिए, त्यसैले उसको आफ्नो पापको खातिर उनीलाई प्रयाश्चित बनाउन खोजीरहेका थिए । यहाँ हामी मानवता भित्र घृणितकार्यको शुरुवातलाई  देख्छौँ जसले ध्वांश पार्छ ; एउटा प्रयास जसले आफूलाई सफा गर्न अर्को व्यक्तिमा दोष राखी झूटो न्याय सन्टुष्ट पार्ने प्रयास ।

त्यसपछि परमेश्वर सर्पतर्फ फर्कनुभयो र यी कुराहरु भन्नुभयो :

> "तब परमेश्वरले सर्पलाई भन्नुभयो, तैंले यसो गरेको हुनाले, "तँ सबै पाल्तु पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिँड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" (उत्पति ३ : १४-१५)

"तँ पेटले तँ हिँड्नेछस, र तौँले धुलो खानेछस," भन्ने शब्दहरुमा शैतानले उसको पतित, पार्थिव र आत्मनिर्भर राज्यको विचारधाराको स्वभाविक नतिजा देख्न सक्दछ । तर उसको र स्त्री बीचको दुश्मनी

एउटा मौलिक तत्व थियो जुन परमेश्वरले मानिसजातिमा ती दुई राज्यहरुको बीचमा पुन : छनौट गर्न सक्षम हुनको लागि प्रदान गर्नुभयो, उनीहरुको वर्तमान अवस्थामा उनीहरुले आफ्नो नयाँ मालिकको आत्मालाई पूर्ण रुपमा अँगालेका थिए र पापको दोषी थिए ।

यी नयाँ तत्व परमेश्वरको पुत्रको शक्ति हो जुन उनीहरुलाई समय र अवसर दिनको लागि जसको कारण उनीहरुले परमेश्वरलाई चिनुन र शैतानको उपासकहरुको रुपमा उनीहरुको अपरिवर्तनिय भाग्यलाई परिवर्तन गर्न प्रदान गरिएको थियो, तर जीवनको लागि यो शक्ति केवल तिनीहरुको खातिर केवल ख्रीष्टको पक्षमा कष्टदायी पीडा द्वारा मात्र प्रदान गर्न सकिन्छ ।

> **"र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।"** (प्रकाश १३ : ८)

> **"त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए भनेता तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि ल्याउनु असम्भव छ। किनभने तिनीहरूले आफ्नै खातिर परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।"** (हिब्रु ६: ६)

आदम र हव्वाले महसुस गरेनन् कि उनीहरुले अनाज्ञाकारिताले आफू भित्र बसिरहेका परमेश्वरको पुत्रको आत्मालाई कुल्चिदिए र चोट पारे । उनीहरुको निरन्तर जीउनुको कारण यो थिएन कि उनीहरुलाई शैतानले सिकाएको जस्तो उनीहरु भित्र भएको आत्मर्निहित जीवन शक्तिको कारण तर ख्रीष्टले उनीहरुलाई बाँच्ने शक्ति निरन्तर रुपमा

दिनुभयो, तिनीहरुलाई प्रेमिलो पीताको वास्तविक चरित्र बुझेर पश्चाताप गर्ने समय र क्षमता प्रदान गर्नु भएको थियो । आदम र हव्वालाई यो शक्ति दिनको लागि, खीष्टले उनीहरुका सबै पपीपनहरु सहनु पर्यो । र हरेक चोटी उनीहरुले पाप गर्दा यसले उहाँको हृदय छेड्यो । शैतानको विपरित उनीहरुको लागि आशा थियो किनकि तिनीहरुले परमेश्वरलाई तेती चिन्दैनथे जतिको लुसिफरले उहाँलाई चिन्दछ । मानिसजातिको इतिहाससँगको अर्न्तकियामा परमेश्वरले आफ्नो भलाई देखाउनुहुनेछ र लक्ष्य जुन मानिसहरुले अनन्त : देख्नेछन् "उहाँले भलाई, सहनसिलता र धर्यताको प्रसस्तताको कारण पश्चतापमा डोह्रेर्‍याउनेछ ।" (रोमी २: ४)

*"तर एक पापी भएर पनि मानिसको अवस्था शैतानको भन्दा फरक थियो । स्वर्गमा लुसिफरले परमेश्वरको* ***महिमाको प्रकाशमा पाप गरेका थिए । उसलाई जस्तो परमेश्वरको प्रेमको प्रकाश अरु कुनैपनि सृष्टिलाई दिएको थिएन । परमेश्वरको चरित्रलाई बुझ्दै उहाँको भलाइलाई थाहा पाएपछि शैतानले आफ्नै स्वार्थी र स्वतन्त्र इच्छालाई अनुशरण गर्ने छनौट गर्यो । यो अन्तिम रोजाई थियो । यो भन्दा ज्यादा परमेश्वरले उसलाई बचाउन केहि गर्न सक्नुहुने थिएन ।*** *तर मानिस धोकामा परेको थियो । उसको दिमाग शैतानको कुटिलताबाट अँध्यारो भयो ।* ***परमेश्वरको प्रेमको उचाइ र गहिराइलाई चिनेन । उसको लागि परमेश्वरको प्रेमको ज्ञानमा आशा थियो । उहाको चरित्रलाई हेरेर ऊ फेरि परमेश्वर तर्फ फर्कन सक्ने थिए ।"*** *(DA . 761.5)*

अब जब आदम हव्वाले फल खाए, तिनीहरुले शैतानको झूटो न्याय प्रणालीलाई पूर्णरुपमा अपनाए जसको अनुसार "हरेक पापको दण्ड भोग्नु पर्नेछ।" पिता र पुत्रमा फर्केर आएका स्वर्गदूतहरुको विपरित, तिनीहरुले विश्वास गर्न सकेनन् कि परमेश्वरले रगत नबगाइ पनि पापको क्षमा गर्न सक्नुहुन्छ । हव्वाले फल खान गरेको अनुरोधमा उनी पराजित हुन भनदा अघि आदमले पहिले नै त्यो झूटो न्याय प्रणालीको धारणामा प्रभावित भएका थिए ।

*आदमको अनुहारमा दु:खको अभिव्यक्ति आयो उनी झस्याङ्ग र चिन्तित भए । हव्वाको कुरालाई उनले जवाफ दिए कि यो उनीहरुको शत्रु हो जसको विरुद्धमा उनीहरुलाई चेतावनी दिइएको थियो ; कि* ***उनी मर्नै पर्छ*** *भन्ने शब्दद्वारा ।* (PP.56.1)

यी शब्दहरुसँग आदमले देखायो कि उनले परमेश्वरको चरित्रलाई शैतानको न्याय प्रणालीको बङ्ग्याउने चश्माबाट मात्र देख्न सक्नेछ । फल खानु भन्दा पहिले नै आदमले पापको स्वभाभिक नतिजाबाट हव्वा मर्दैनन भनने धारणा राख्न थालेको देखिन्छ "किनकि शैतानले भन्यो कि उनीहरु कुनै हालतमा मर्ने छैनन् - उत्पति ३:४ तर परमेश्वर आफैले दिनुभएको मृत्युको आदेशबाट । यदि शैतानको राज्यको विषय बन्न प्रलोभन गर्ने क्रममा आदमले यो सोच राखेका थिए भने उनले फल खाए पछि उनको चेतनामा कति गहिरो अपत्यारणिय ढंगले प्रवेश गर्यो होला । "उनी मर्नै पर्छ ;" भनि आदमले सोचे त्यसैले आदमलाई पाप स्वीकार गर्न र क्षमा माग्न चाहेनन् उनले विश्वास गरेन कि परमेशवरले मृत्यृ दण्ड सुनाउने सजायलाई खारेज गर्न सक्नुहुनेछ । आदमको दिमागमा शैतानको गलत न्याय प्रणालीको माध्यमबाट "पापको ज्याला मृत्यृ हो" (रोमी ६: २३) भन्ने बाइबलिय शिक्षाको धारणामा "परमेश्वर आफैले पापको ज्याला मृत्युदण्ड दिनुहुन्छ" भन्ने धारणाले परिवर्तन ल्याएको छ ।

मानिसलाई उसले के गर्यो भनि देखाउन परमेश्वरले आदमको उहाँको पुत्रको बलिदानलाई यो दृश्य संसारमा प्रकट गर्नुहुनेछ (त्यो आत्मिक र अदृश्य रुपमा के भइरहेको थियो प्रकट गर्नु हुनेछ ।) बलिदान प्राथाको स्थापना द्वारा ।

> "परमप्रभु परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति **छालाका लुगा बनाई** तिनीहरूलाई लगाइदिनुभयो।" (उत्पति ३ : २१)

हामीलाई बाइबलमा बताइएको छैन कि छालाको वस्त्रहरु कसरी बनाइए र कसले यी जनावरहरुको रगत बगायो ; तर अगमवाणीको आत्माले प्रकट गर्दछ कि बलिदान गर्नमा पहिलो जनावरको ज्यान लिन कसको हात उठाइयो ।

*आदमको निम्ति पहिलो बलिदानको भेटी सबै भन्दा दर्दनाक समारोह थियो । जीवन लिनको लागि उसको हात उठनु पर्नेछ ; जुन जीवन केवल परमेश्वरले दिन सक्नुहुन्छ । यो मृत्यु उसको जीवनमा पहिलो पटक देखेको थियो ; र उसलाई थाहा थियो कि यदि उनी परमेश्वर प्रति आज्ञाकारी भएको भए मानिस र पशुको मृत्यु हुने थिएन ।* (PP 68)

बलिदान प्रणालीले मानिसका पापहरुलाई प्रशस्त मात्रामा देखायो ताकि अनुग्रह अझै धेरै प्रशस्त हुन सक्छ ।

(रोमी ५:२०) यसले मानिसबाट उसको न्याय प्रणालीलाई बाहिर निकाल्छ र उसको अनुहारमा देखाउँछ कि उसले परमेश्वरको क्षमामा विश्वास गर्न सक्छ । तथ्य यो हो कि आदम र हव्वालाई दोष दिन इच्छुक थिए जब उसलाई प्रश्न गरियो, र त्यहि समयमा “उनी मर्नै पर्छ” भनि विश्वास गर्दै यसले यो देखाउँदै छ कि आफूलाई बचाउनको लागि आदम उसको पत्नीको बलीदान गर्न राजी थिए । त्यसैले शैतानबाट आएको बलीप्रथा अब आदममा सर्यो ; यो परमेश्वरबाट आएको थिएन । यधपि परमेश्वरले बलीप्रथालाई स्थापीत गर्नुहुनछ ताकि उसको हृदयमा के छ भन्ने कुरा आदमलाई देखाउनको लागि जसले गर्दा पश्चाताप गरुन र परमेश्वरको बारेमा सत्यतालाई र उहाँको क्षमालाई विश्वास गरुन । बलिदान प्रणालीको स्थापनाको माध्यमबाट, परमेश्वर आदम कहाँ पुग्न सकुन जहाँ ऊ खसेको थियो, केवल उसको दया प्रतिको सोचाईको धारणाको भाषाद्वारा बोलेर, जसले परमेश्वरको अनुग्रहमा विश्वास गर्दैनन् :

*बलिदानहरु परमेश्वरले मानिसलाई सँधैको लागि सम्झाउने कामको रुपमा नियुक्त गर्नुभयो र उसको पापको पछुतो स्वीकृति र उसको प्रतिज्ञा गरिएको उद्धारकर्ता माथिको विश्वासको स्वीकृति थियो ।* ***तिनीहरु पतित जातिमा पापको कारणले मृत्यु आएको हो भन्ने गम्भिर सत्यलाई प्रभावित पार्ने उद्देश्यले आएका थिए ।*** (PP 68.1)

*जब आदम शत्रुको परिक्षामा फँसे, र आफ्नो उच्च सम्मान र पवित्र अवस्थालाई गुमाए, शैतान र उसको दूतहरु फ्याँकिए ।* ***तर परमेश्वरको सिंहासनबाट रहस्यमय बोलेको आवाज आयो । " बलिदान र भेटी तपाई चाहानुहुन्न ; तपाईले मेरो कान खोल्नु भयो : होम बलीहरु र पापबलीहरु तपाईले चाहानु भएन ।*** *तब मैले भने, "हेर्नुहोस्, म आउनेछु : पुस्तकको पानाहरुमा मेरो बारेमा लेखिएको छ, हे मेरो परमेश्वर, तपाईको इच्छा पूरा गर्न पाउँदा म प्रसन्न छु । हो तपाईको व्यवस्था मेरो हृदयमा छ ।"* (RH September 3, 1901)

हाम्रो परमेश्वरले तयाग र बलिदानको क्षमा कहिल्यै चाहानुहुन्नथ्यो, तर आदम र हव्वाले शैतानबाट पाएको न्याय प्रणाली, जुन उनीहरुको सबै वंशबाट वंशानुगत थियो, तिनीहरुलाई त्यहीँ राखियो जहाँ उनीहरुले रगत नबगाई परमेश्वरको क्षमामा विश्वास गर्दैन थिए । त्यसैकारण आदमलाई परमेश्वर र उहाँको पुत्रको यी शब्दहरु पिताको वास्तविकता भन्दा परमेश्वरको बारेमा उनीहरुको गलत सोचाई झल्किन्छ ।

> "तब परमप्रभु परमेश्वरले भन्नुभयो, **"मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ।** अब **त्यसले जीवनको रूखको फल पनि टिपेर खान नपाओस्, नत्रभने त्यो सधैँभरि जीवित रहला।" यसैकारण जुन भूमिबाट उनी बनाइएका थिए, त्यसैको खेतीकिसानी गर्न परमप्रभु**

**परमेश्वरले उनलाई अदनको बगैँचाबाट निकालिदिनुभयो।"** (उत्पति ३ : २२-२३)

आदमले जति परमेश्वरले खराबलाई कहिल्यै चिन्नु भएन । थाहा भन्ने शब्दको अर्थ थाहा पाउने सम्बन्धमा फराकिलो हुन्छ, तर परमेश्वर भन्नुहुन्छ कि अब आदम असल र खराब जान्नलाई तिनीहरु मध्ये एक भएको छ, भन्नु यो एउटा आदमले के सोचिरहेको छ भन्ने ऐनामात्र हुनसक्छ, किनकि आदमले जाने जति परमेश्वरले खराबलाई जान्नुहुन्न । उहाँले आदमसँग भएको परमेश्वरको गुणहरुको गलत समझ अनुसार बोल्नुभयो । यहाँ हामी एउटा महत्वपूर्ण (अफ्ठेरो) परिस्थिति बनाउछौं । अब देखि परमेश्वर र ख्रीष्टले मानिसलाई उहाँ तर्फ खिच्ने प्रयास गर्नु हुने थियो र आदमका सबै पतित सन्तानहरुको सोचाई झल्काउँदै उनीहरुलाई तिनीहरुको पापको कारण उहाँको प्रशस्त दयाको उद्देश्यलाई निम्त्यायो । यो असम्भव छ कि त्यो तपाईको विरुद्ध छ भनि कसैलाई विश्वास दिलाउन कि तिनीहरु गलत छन् । "पापमय दिमाग परमेश्वरसँग युद्धमा छ ।" (रोमी ८ : ७) र परमेश्वरले भन्नु भएको कुनै कुरामा विश्वास वा भरोसा गर्दैन । तसर्थ मानवताको अवस्थाको वास्तविकतामा ल्याउने यो एकमात्र तरिका हो, र तनीहरुको लागि तिनीहरुको अनन्त जीवन दावी गर्न तसर्थ पश्चाताप :

"संसारले **आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको** हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचारेको **सुसमाचारको मूर्खताद्वारा** नै विश्वास गर्नेहरूलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो।" (१ कोरिन्थी १ : २१)

"अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, **के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ**"
(रोमी २ : ४)

उनीहरुको आफ्नै सोचाईमा फर्केर एउटा व्यक्तिसँग बोल्नु मुर्खता हो जस्तो देखिन्छ, जब त्यो सोचाई गलत हुन्छ, तर यो त्यस्तो विधि हो जसद्वारा परमेश्वरले मानिसलाई प्रकट गर्नुहुन्छ कि तिनीहरुको हृदयमा के छ । जब मानिसहरुले उहाँको पुत्रको उपहार मार्फत परमेश्वरलाई प्रेम गर्छन, तब उनीहरुले बुझ्दछन, र त्यसपछि उसले पश्चाताप गर्नसक्छ र मुक्ति पाउन सक्छ ।

# ३. इस्रायलमा प्रकट भएको घृणितकार्य

किनभने पतित मानिसले विश्वास गर्दैन कि परमेश्वरले उसलाई क्षमा गर्न सक्नुहुन्छ जबसम्म व्यवस्थाको पूर्ण पवित्रता अनुसार ठूलो बलिदान नलिएसम्म,त्यसैकारण परमेश्वरले आफ्नो पुत्रको क्रुसीकरण र मृत्युको प्रतिबिम्ब जनावरको बलिदानमा प्रकट हुन अनुमति दिनुभयो ताकि मानिसहरुलाई पश्चतापमा डोह्याउनेछ र त्यो विश्वासलाई अनुमति दिनुभयो कि उसको पाप देखि उसलाई क्षमा दिइनेछ । हामी देख्छौं कि यस विधिले हाबीललाई ख्रीष्टको धार्मिकता स्वीकार्न कसरी डोहोऱ्यायो :

> "विश्वासद्वारा **हाबिलले परमेश्वरलाई कयिनले भन्दा अझ ग्रहणयोग्य बलि चढ़ाए**, र त्यसद्वारा नै हाबिल धर्मी ठहरिए। तिनको बलि स्वीकार गरेर परमेश्वरले आफ्नो सम्मति जनाउनुभयो। तिनी मरे तापनि विश्वासद्वारा नै तिनी अझै बोलिरहेका छन्।" (हिब्रु ११ : ४)

हाबीलले विश्वासको साथ पत्ता लगाए कि कसरी उसको पापले परमेश्वरको पुत्रलाई क्रुसमा टाँगेको थियो, धन्यवाद यो दृश्यात्मक प्रतिनिधित्व को लागि, पशूको बलिदानको माध्यमबाट कयिनले त्यस्तो बलिदानहरुलाई हेर्ने निर्णय गरे जसले उहाँको मागलाई पूर्ति गर्नेछ र उहाँलाई मनाउनेछ । तब कयिनले आफ्नै फलहरु चढाएर परमेश्वर बारे उसको आफ्नै गलत झुकावको विद्रोह गरे :

> "केही समय बितेपछि कयिनले परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए।" (उत्पति ४ : ३)

यसरी उनी देवताहरुलाई उपहार दिएर मनाउन मूर्तिपूजक दर्शनको संस्थापक भए । त्यसको लगतै मानिसहरुले यो सिद्धान्त जनावरहरु र मानव बलिदान दिन प्रयोग गर्थ्यो, जुन हाम्रो स्वर्गमा बस्नुहुने पिताको लागि घिनलाग्दो छ किनकि यसले मानिसजातिबाट उहाँको कृपालु मुहार पूर्णतया लुकाउँछ । कयिनको हृदयमा यस्तो व्यक्तिको आत्मालाई पोषण दियो कि जो मारिएको थुमा मार्फत कुसको पाप उजागर गर्ने चित्र लुकाउन केवल आफ्नै हातको फल दिन तयार थियो । जब कयिनले आफ्नो क्रोधलाई बलिदानको माध्यमबाट शान्त पार्न आवश्यक ठानी परमेश्वरको न्याय गरे, त्यसकारण उनले आफ्नो भाइलाई उनको क्रोधलाई तृप्त पार्न मृत्युदण्डको योग्य ठहऱ्याए । कयिनले आफ्नो भाइको हतयामा शैतानको न्यायलाई मूर्त रुप दियो । कयिन असाध्यै दुःखीत भए कि उसको कान्छो भाइले उसलाई निर्देशन दिनुपर्ने थियो, र त्यसैले आफ्नो भाइको हत्या गरेर आफैलाई राहत भएको महसुस गरे :

> “**कयिनजस्तो नहोओ, जो दुष्ट थियो। उसले आफ्नो भाइको हत्या गऱ्यो। उसले आफ्नो भाइको हत्या किन गऱ्यो किनकि उसका आफ्ना कामहरू दुष्ट थिए, अनि उसको भाइका कामहरूचाहिँ धार्मिक थिए।**” (१यूहन्ना ३ : १२)

इस्रायलका पिता अब्राहमको समयमा मूर्तिपूजक धर्मको कुरता चरमोरकर्षमा पुगेको थियो ।

*तर यहोवाका उपसकहरुका निम्ति जंगलको पहाड र फलदायी मैदानमा ठूलो छायाँ बस्यो । “त्यसैबेला त्यो कनानी त्यस देशमा थियो ।” अब्राहम आफ्नो लक्ष्यमा पुगेका थिए जुन एउटा देश भेटाउन जसलाई* ***विदेशीजातिहरुले ओगटेको छ र मूर्तिपूजाले भरिएको छ । आशेरामा झूटा देवताहरुको वेदीहरु स्थापना गरिको थियो र छिमेकिहरुको अग्लो***

***पर्वतमा मानव बलीहरु चढाएका थिए । जब उनी पवित्र प्रतिज्ञाहरुमा लागिरहेका थिए, यो बीना चेतावनी पीडादायी थिएन*** *कि उसले आफ्नो पाल टाँगेको । तब परमप्रभु अब्रामको अघि प्रकट हुनुभयो अनि भन्नुभयो, "म तेरो सन्तानहरुलाई यो भूमी दिनेछु"* (PP 127.2)

अब्राहमलाई उनको सनतान र भूमीको हकको बारेमा गर्ने प्रतिज्ञामा भरोसा गर्न सिकाएर, मूर्तिपूजक राष्ट्रहरुको क्रुर बलिदानहरुमा प्रकट भएको परमेश्वरले बिस्तारै शैतानको झूटो न्याय प्रणालीबाट उनलाई निकाल्नुभयो । तर अब्राहमलाई यो गलत टुष्टीकरण प्रणालीबाट स्वतन्त्र हुन धेरै समय लाग्यो :

> "अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छस् कि सक्दैनस्, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तेरा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" **अनि तिनले परमप्रभुमाथि विश्वास गरे**, र यो तिनको निम्ति धार्मिकता गनियो। फेरि उहाँले तिनलाई भन्नुभयो, "यो देश तेरो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तँलाई ल्याउने परमप्रभु म नै हुँ।" तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, **मैले यसको अधिकार गर्न पाउँछु भनेर म कसरी थाहा पाऊँ"** (उत्पति १५ : ५-८)

अब्राहमले "आशा गरेका कुराहरुको अभिप्राय, नदेखिने प्रमाण" को प्रदर्शनमा कठिनाई अनुभव गरे (हिब्रु ११ : १)

*अझै पुर्खा पिताले आफ्नो विश्वासको पुष्टिको रुपमा र पछि -पुस्तालाई तिनीहरुका लागि परमेश्वरको अनुग्रहपूर्ण उद्देश्यहरु पूरा हुनेछ भन्ने प्रमाणको रुपमा* ***केहि दृश्यात्मक टोकनको लागि विन्ती गरे । प्रभुले***

***आफ्ना दाससँग एउटा करार बाँध्न स्वीकार गर्नुभयो, त्यस्ता रुपहरु प्रयोग गरेर जुन पुरुषहरुमा परम्परागत रुपमा एउटा गम्भिर व्यस्तताको अनुमोदनको लागि थियो ।*** *ईश्वरीय निर्देशन पाएर, अब्राहमले प्रत्येक तीन बर्षे उमेरमा गाई, बाखा र एउटा भेडा बली चढाए र लाशहरु विभाजन गरे अनि टुकालाई केहि टाढा राखे । यीनमा उनले एउटा कछुवा र एउटा परेवा जोडे, जसलाई विभाजित गरिएको थिएन । यो भइरहेको उनले श्रदापूर्वक बलिदानका अंशहरु बीच पार गरे र* ***परमेश्वर प्रति सदासर्वदै आज्ञाकारिताको भाकल गरे ।*** (PP 137.1)

हामीलाई भनिएको छ कि अब्राहमले एउटा दृश्यात्मक संकेतको लागि बिन्ती गरे कि परमेश्वरले उनलाई गरेको प्रतिज्ञा पूरा गर्नुहुनेछ, र यस परिप्रेक्षमा प्रभु न्यायसंगत झूटा प्रणाली झल्काउने अभ्यासहरु मार्फत आफ्ना सेवकहरुसंग एउटा करारमा बाँधिन राजी हुनुभयो । विश्वासको पिता बन्नको लागि अब्राहमले आफ्ना जनहरुले अनुशरण गर्ने मार्ग अनुशरण गरे - पूरानो करारदेखि नयाँ करारका लागि :

> "किनभने लेखिएको छ, अब्राहामका दुई छोराहरू थिए, कमारीतर्फबाट एक, अर्कोचाहिँ स्वतन्त्र स्त्रीबाट। कमारीको छोरोचाहिँ शरीरअनुसार जन्मेको थियो, तर स्वतन्त्र स्त्रीबाट जन्मेको छोरो प्रतिज्ञाद्वारा। यो कुरालाई रूपक दृष्टान्तको रूपमा लिन सकिन्छ। ती स्त्रीह**रू दुई किसिमका करारहरू** हुन्। **एउटीचाहिँ सीनै पर्वतबाट दासत्वको लागि सन्तान जन्माउने हागार हो।** हागार अरब देशको सीनै पर्वत हो, र वर्तमान यरूशलेमसँग त्यसको तुलना गर्न सकिन्छ। किनकि त्यो आफ्ना बालकहरूका साथ दासत्वमा छ। तर माथिको

**यरूशलेम स्वतन्त्र छ, जो हाम्री आमा हुन्।**"                (
गलाती ४ : २२-२६)

अब्राहमलाई पूर्णरुपमा नयाँ करारमा ल्याउन प्रभुले अब्राहमको विचारलाई गलत न्याय प्रणालीको आधारमा सोच्नुभएको थियो ।

*परमेश्वरले अब्राहमलाई विश्वासीहरुका पिता हुन बोलाउनुभएको थियो र उनको जीवन आउँदो पुस्ताहरुका विश्वासको उदाहरणको रुपमा खडा हुन पुग्यो ।* ***तर उनको विश्वास सिद्ध थिएन*** *। साराले आफ्नी पत्नि भएको तथ्यलाई लुकाउन उनले फेरी परमेश्वर प्रति अविश्वास देखाए र हागारसँग फेरि उनको विवाह गरे ।* ***उनी उच्चस्तर सम्म पुग्न सक्छन*** *कि भनि, परमेश्वरले उनलाई अर्को परिक्षाको अधीनमा राख्नुभयो, जुन मान्छेलाई कहिल्यै सहने भनिएको थिएन । रातको दर्शनमा उनलाई मोरिया देशको मर्मत गर्न निर्देशन दिइयो, र त्यहाँ पहाडमाथि उसको* ***छोरालाई होम बलिको रुपमा चढाउने,*** *त्यो उसलाई देखाएको हुनुपर्छ ।* (PP 147.2)

जबसम्म अब्राहमले पूर्णरुपमा प्रतिज्ञा पूरा गर्ने सम्बन्धमा परमेश्वरमाथि भरोसा गरेन तबसम्म ऊ एक व्यवस्थालाई सुन्ने व्यक्ति मात्र थिए पालन गर्ने होइन ।

"**कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ,**" । (याकुब १: २३)

परमेश्वरको व्यवस्थामा उनले परमेश्वर र उहाँको पुत्रको महिमा वा चरित्र देख्नु अघि, उनको आफ्नै व्यवस्थाको सोचाई प्रतिबिम्बित गर्नु पऱ्यो, उनको अविश्वाससँग आमनेसामने भेट गर्नको लागि, र परमेश्वरको हातलाई पूर्णरुपले समाउन रोज्नको लागि, उसलाई नयाँ करारमा प्रवेश गराउनुभयो ।

“हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।” (२ कोरिन्थी ३ : १८)

“तिमीहरूका पुर्खा अब्राहाम मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे अनि रमाए।” ( यूहन्ना ८ : ५६)

मारिएको थुमालाई छुटकारा दिने व्यक्तिको रुपमा हेर्दा, अब्राहमले न्यायको आफ्नै धारणाको आधारमा परमेश्वरको दयालाई बुझे । अब्राहमले आफ्नै छोरालाई चढाएको समपूर्ण कथा, न्यायलाई सम्बोधन गर्न परमेश्वरले के गरिरहनुभएको छ भन्ने कुराको उसको विश्वासको एक झलक हो ।

बालकलाई बलिदान दिने प्राथा परमेश्वरको दिमागमा थिएन, तर अब्राहमको दिमागमा उनी बसोबास गरेको संस्कृतिको कारण थियो ।

“तिनीहरूले आफ्ना छोराहरूलाई बाल देवताको लागि आगोमा होमबलि चढ़ाउनलाई बाल देवताका अल्गा-अल्गा ठाउँहरू बनाएका छन्, जुन गर्नलाई मैले न त भनेको थिएँ न सोचेको थिएँ, न मेरो मनमा कहिल्यै यस्तो कुरो पसेको थियो।” (यर्मिया १९ : ५;) यर्मिया ७ : ३१ पनि हेर्नु होला ।

मृत्युसम्मको विश्वासको यस प्रकृयामा, अब्राहमले जीवनको माथिबाट नै परमेश्वरका वचनमा विश्वास गर्ने छनौट गर्दछन् र यसरी परमेश्वर माथिको उनको विश्वासलाई नयाँ करारमा छाप लगाइन्छ, यधपि यस प्रकृयामा उनको आफ्नै विकृत सोचमा काम गरिरहेको थियो ।

अब्राहमको जीवन र प्रतिज्ञा गरिएको भूमीमा गरिरहेको यात्राले इस्रायलको  कनान तर्फको यात्राको चित्रण गर्दछ । जब परमेश्वरले अब्राहमको सन्तानलाई मिश्रबाट बाहिर ल्याउनुभयो, उहाँले उनीहरुलाई आफ्नो नयाँ करारमा प्रवेश गर्न आमन्त्रित गर्नुभयो । तिनीहरुले मात्र विश्वास गर्नुपर्थ्यो - तर तिनीहरुको दुःखको कारण उनीहरुले शैतानको कठोर ज्योतिमा परमेश्वरलाई देखेका थिए ।

> “यसकारण इस्राएलीहरूलाई भन्, ‘म परमप्रभु हुँ’। म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु। आफ्नो हात उठाएर तिनीहरूलाई ठूलो दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु। म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु। अनि म तिमीहरूका परमप्रभु परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रीहरूको दासत्वबाट निकाल्नुभयो भन्ने कुरा तिमीहरूले जान्नेछौ। अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ। म त्यो तिमीहरूको अधिकारमा दिनेछु। म परमप्रभु हुँ।” तब मोशाले इस्राएलीहरूलाई त्यसै भनेर सुनाए, तर कठोर दासत्व र

> नैराश्यले गर्दा तिनीहरूले मोशाका कुरा सुनेनन्।" (प्रस्थान ६ : ६-९)

त्यसकारण जब परमेश्वरले सीनै पर्वतमा इस्रायलीहरुसँग भेट गर्नुभयो, तब उनीहरुले उहाँबारे सोचेको कुरा झल्काउने काममा उहाँले त्यसो गर्नुभयो, किनकि त्यो एकमात्र उपाय थियो जसद्वारा तिनीहरुलाई नयाा करारमा डोह्र्याउन सकिन्छ । तिनीहरुले नयाँ करारलाई इन्कार गरेको कारण त्यसैले पहिले पुरानो करारबाट जानुपर्ने थियो ।

> "परमप्रभु आगोमा ओर्लेर त्यहाँ आउनुभएको कारणले सीनै पर्वत बिलकुलै धूवैँधूवाँले भरियो। पर्वतबाट धूवाँ भट्टीबाट झैँ निस्क्यो र सारा पर्वत जोडसित काँप्न लाग्यो," (प्रस्थान १९ : १८)
>
> "तब परमप्रभुले मोशालाई भन्नुभयो, "तल गएर मानिसहरूलाई सावधान गर्, नत्रता तिनीहरू परमप्रभुलाई हेर्न बार नाघेर माथि आउलान् र तिनीहरूमध्ये धेरै नष्ट होलान्।" (प्रस्थान १९ : २१)
>
> "अनि परमप्रभुले तिनलाई भन्नुभयो, "जा, तँ आफै तल जा, र हारूनको साथमा माथि उक्लेर आइज। तर पूजाहारीहरू र मानिसहरूचाहिँ परमप्रभुकहाँ बार नाघेर उक्ली नआऊन्, नत्रता उहाँले तिनीहरूलाई तत्कालै नाश गर्नुहुनेछ।" (प्रस्थान १९ : २४)

जसरी मानिसहरुले परमेश्वरको कल्पना गरे, त्यसैगरि उहाँ तिनीहरु सामु प्रकट हुनुभयो । यदि उहाँ अरु कुनै तरिकाबाट आउनुभएको भए

उनीहरुले यो परमेश्वर हुनुहुन्छ भनि विश्वास गर्दैनथे । उनीहरुले के सोचिरहेका थिए सो परमेश्वरले उनीहरुलाई देखाउनुभयो ।

> "जब सारा मानिसहरूले गर्जन, बिजुली र तुरहीको आवाज सुने र पर्वतबाट धूवाँ उठिरहेको देखे, तब तिनीहरू थरथर काँपे र टाढ़ै उभिरहे। तिनीहरूले मोशालाई भने, "तपाईं हामीसित कुरा गर्नुहोस् र हामी सुन्नेछौं, तर परमेश्वर हामीसित नबोलून्, नत्रता हामी मर्नेछौं।" मोशाले मानिसहरूलाई भने, "नडराओ, किनकि परमेश्वर तिमीहरूलाई जाँच्नलाई, र उहाँको भय तिमीहरूका सामु रहोस्, र तिमीहरूले पाप नगर भनेर आउनुभएको छ।" (प्रस्थान २० : १८-२१)

जसरी मोशालाई परमेश्वरको चरित्रको अधिक ज्ञान थियो, उसले मानिसहरुको डरलाई शान्त पार्ने प्रयास गऱ्यो, यधपि उनले अझै पनि परमेश्वरको उपस्थितिमा डर महसुस गरे ।

> किनभने "यदि कुनै जनावरले त्यो पर्वत छोए, त्यसलाई ढुङ्गाले हानेर मार्नू" भन्ने आज्ञा तिनीहरूले सहन सकेनन्। र त्यहाँको दृश्य यस्तो भयानक थियो, कि मोशाले पनि "म डरले काम्दछु" भनेका थिए। (हिब्रु १२ : २०-२१)

यो डर प्रत्येक व्यक्ति वरिपरिको वातावरणको वास्तविकताबाट उत्पन्न हुन्छ यो एक हामीले सास फेर्ने हावा जतिकै वास्तविक छ ।

*प्रत्येक व्यक्तिको विचार र कार्यहरुको प्रभावले उनको वरिपरि अदृश्य वातावरण जस्तो घेर्दछ, जसले अचेत भई उहाँसँग सम्पर्कमा आउने*

*सबै सास फेर्दछन् । यो वातावरण बारम्बार विषाक्त प्रभावको साथ चार्ज हुन्छ, र जब यी सासहरु लिइन्छ, नैतिक पतन निश्चित परिणाम हुन्छ ।* (5T 111.1)

परमेश्वर वरिपरिको वातावरण सुन्दर प्रभावहरु द्वारा प्रभावित हुनछन्, तर यो वातावरण मानवताको लागि यति अनजान छ कि यो वातावरण सँग सम्पर्कमा आउँदा प्राकृतिम मानिस असाध्यै डराउँछ । स्वभावले हामी परमेश्वरसँग यति धेरै अमिल्दो छौं कि हाम्रो प्रकृतिक अवस्थामा प्रेमको उपस्थिति हामीलाई विनाश र विध्वंश महसुस हुन्छ ।

पछि, जब परमेश्वरको महिमाको प्रेमिलो ज्योति पर्वतको माथि छायो, तिनीहरुले यसलाई भस्म गर्ने आगोको रुपमा देखे ।

> "**परमप्रभुको महिमा सीनै पर्वतमा रह्यो, र बादलले छ दिनसम्म पर्वतलाई ढाकिराख्यो। सातौँ दिनमा परमप्रभुले बादलको बीचबाट मोशालाई बोलाउनुभयो। इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो।**" (प्रस्थान २४ : १६-१७)

यी सबैको बीचमा परमेश्वर र उहाँको पुत्रले सारा इस्रायलीलाई सबै जातिका सामु तिनीहरुको चरित्र र राज्यको प्रतिनिधित्व गर्न आमन्त्रित गर्दै हुनुहुन्थ्यो ।

> "**अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, सबै जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य**

> **र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तैंले भन्नुपर्ने कुरा यी नै हुन्।"** (प्रस्थान १९ : ५-६)

उहाँलाई चिन्ने अन्धकारको धारणा मार्फत परमेश्वरले आफ्ना मानिसहरुलाई बोलाउनु हुन्छ ।

> **"अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु।"** (१कोरिन्थी १३ : १२)

यदि उनीहरुले विश्वास गरे भने परमेश्वरले उनीहरुको हृदयमा उहाँको व्यवस्था लेखेर तिनीहरुलाई यस्तो बनाउनु हुन्थ्यो । यसको सट्टा तिनीहरुले आफ्नो शक्तिले परमेश्वरको व्यवस्था (अब्राहमले जस्तै) परमेश्वरको व्यवस्था पालन गर्ने प्रतिज्ञा गरेर परमेश्वरलाई खुशी पार्न रोजे, यो देखाउँदै कि तिनीहरु अझै पनि झूटा धारणाको दासहरु छन् कि मानिससँग स्वतन्त्र जीवन स्रोत वा शक्ति छ जसद्वारा उसले पालन गर्न सक्छ :

> **"सारा मानिसहरूले एकसाथ यसो भने, ''परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी पालन गर्नेछौं।" तब मोशाले मानिसहरूको जवाफ परमप्रभुलाई सुनाइदिए।"** (प्रस्थान १९ : ८)

अबदेखि, परमेश्वरले यी मानिसहरुसँग मात्र उनीहरुको पुरानो करारको सोचाई झल्काउने आदेशहरु जारी गरेर काम गर्न सक्नुहुनेछ । अविश्वासको कारण तिनीहरुले ज्योतिमा प्रवेश गर्न इन्कार गरे । किनकि शैतानको गलत न्याय प्रणालीले उनीहरुको दिमागमा निपुणता हाँसिल गरेको थियो, बलिदान प्रणालीको पुष्टि र विस्तार गरेर परमेश्वरले

तिनीहरुको पापी सोचलाई प्रतिबिम्बित गर्न सक्नुहुनेछ ताकि व्यवस्थाले उनीहरुलाई मुक्तिदाता तर्फ अगुवाइ गर्न सकुन् :

> “**विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो।**” (गलाती ३ : २४)

अदृश्य स्वर्गको पवित्र मन्दिर र तिनीहरुको निम्ति त्यहाँ सेवा गर्ने परमेश्वरको पुत्रलाई देख्न सकुन भनि परमेश्वरले तिनीहरुलाई तिनीहरुको कमजोर विश्वासलाई मद्धत गर्न “देखिने चिन्हको” रुपमा पुजारीको साथमा पवित्र स्थान दिनुभयो ।

*यदि मानिसले परमेश्वरको व्यवस्थालाई पालन गरेको भए, जसरी आदमलाई उनको पतन पछि दिइएको थियो, जुन नोआद्वारा सुरक्षित गरेको थियो र अब्राहमद्वारा ख्याल गरेको थियो,* ***त्यहाँ कुनै खतनाको नियमको आवश्यक्ता पर्ने थिएन ।*** *र* ***यदि अब्राहमका सन्तानहरुले करार पालन गरेका थिए भने जुन खतनाको संकेत थियो, तिनीहरु कहिल्यै मूर्तिपूजामा फस्न सक्ने थिएनन् र मिश्रमा दासत्वको जीवन विताउनु पर्ने थिएन । तिनीहरुले परमेश्वरको व्यवस्थालाई दिमागमा राखेका हुन्थे, र सीनैबाट घोषणा गर्न वा ढुङ्गाको टेबुलहरुमा कुँदनको कुनै आवश्यक्ता पर्ने थिएन ।*** *र यदि मानिसहरुले दशआज्ञाका सिद्धान्तहरु पालना गरेको भए, मोशालाई दिइएको* ***थप निर्देशनहरुको आवश्यक पर्ने थिएन*** */* (PP 364.2)

> तर मानिसहरु त्यहाँ **पाठ सिक्न ढिलो थिए** । तिनीहरु मिश्रमा भएको देवताका भौतिक प्रतिनिधित्वको लागि अभ्यस्त थिए, र यी सबै अति पतित प्रकृतिको थियो, **तिनीहरुको लागि अस्तित्व वा नदेखिनेको चरित्रको कल्पना गर्नु गाह्रो थियो ।** तिनीहरुको कमजोरीको दयनियतामा परमेश्वरले उनीहरुलाई आफ्नो

> उपस्थितिको प्रतिक दिनुभयो । उहाँले भन्नुभयो “तिनीहरुलाई मेरो निम्ति एक पवित्र स्थान बनाउन देऊ,” ताकि म तिनीहरु माझ बस्न सकूँ ।” (प्रस्थान २५ : ८) (Ed 35.1)

तर इस्रायलको कथाले देखाउँदछ कि ती सबैलाई परमेश्वरसामु योग्यता र मूल्यवानताको श्रेय दिन यी सबै प्रयोग गर्न रोजेका थिए । उनीहरुका कामहरु मार्फत उनीहरुले परमेश्वरलाई खुशी पार्ने र उहाँको आदर कमाउने आशा राखेका थिए (रोमी ९ : ३१, ३२), तर यर्मियाको माध्यमबाट परमेश्वरले उनीहरुलाई स्पष्ट रुपमा भन्नुभयो :

> “सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ: तिमीहरूका अरू बलिदानहरूमा तिमीहरूका होमबलि पनि मिसाओ र मासुचाहिँ तिमीहरू आफै खाओ। **किनकि तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रदेशबाट निकालेर ल्याएको दिन जब मैले तिनीहरूसँग बोलें, तब मैले तिनीहरूलाई केवल होमबलि र बलिदानका बारेमा आज्ञा मात्र दिइनँ, तर मैले तिनीहरूलाई यो आज्ञा दिएको थिएँ: मेरो आज्ञापालन गर, र म तिमीहरूका परमेश्वर हुनेछु, र तिमीहरूचाहिँ मेरा प्रजा हुनेछौ।** जुन मार्गका विषयमा म तिमीहरूलाई आज्ञा गर्दछु ती सबैमा हिँड, ताकि तिमीहरूको भलो होस्।” **तर तिनीहरूले आज्ञापालन गरेनन् न त तिनीहरूले ध्यान नै दिए। त्यसको सट्टा तिनीहरू आफ्नै दुष्ट हृदयको अटेरीपनामा हिँड्दैरहे। तिनीहरू पछि हटे, अगि बढ़ेनन्।** (यर्मिया ७ : २१-२४)

यदि हामीले इस्रायलको सम्पूर्ण कथा ध्यानपूर्वक पढ्यौं भने हामी देख्न सक्छौं कि परमेश्वरले उनीहरुलाई त्यस झूटो न्याय प्रणालीबाट निकाल्नको लागि कसरी परिश्रम गर्नुभयो जसलाई मृत्युको आवश्यक्ता पर्दछ, जुन एउटा उहाँको निम्ति घृणित कार्य हो । किनकि यसले उहाँको चरित्रका सबै प्रेमिलो गुणहरुलाई बिगार्दछ ; तर इस्रायलले उनीहरुको हेरविचार गर्ने पिताको् सट्टा व्यवस्थाको ऐनामा आफूलाई आफ्नो प्रकृतिक अनुहार हेर्न रोजे :

> "परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ।" परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ।" (यर्मिया ३१ : ३१-३२)

# ४. दैनिक र विध्वंसको उल्लंघन

दु:खको कुरा, एक राष्ट्रको रुपमा इस्रायलले नयाँ करारमा आउने निम्तोलाई प्रतिरोध गऱ्यो । सीनै पर्वतमा भएका सबै मानिसहरु कालेब र यहोशू बाहेक सबै नष्ट भए ।

> धर्मशास्त्रले भन्दछ, “आजै तिमीहरूले उहाँको शब्द सुन्यौ भने विद्रोहका दिनमा जस्तै गरी आफ्नो हृदय कठोर नपार।” सुन्नेहरू को थिए, जसले सुनेर पनि विद्रोह गरे के ती सब तिनीहरू नै होइनन् र, जो मोशाको नेतृत्वमा मिश्रदेशबाट निस्किआएका थिए ? को सँग उहाँ चालीस वर्षसम्म क्रोधित हुनुभयो ? के ती पाप गर्नेहरूसँग होइन, जुनहरू उजाड-स्थानमा मरेर गएका थिए ? आज्ञा नमान्नेहरू नै उहाँको विश्राममा कहिल्यै पस्न पाउनेछैनन् भनी उहाँले शपथ खानुभएको होइन र ? यसैले हामी देख्तछौं, अविश्वासको कारणले नै तिनीहरू पस्न सकेनन्।     (हिब्रु ३ : १५-१९)

> तब यशैयाले साहसपूर्वक भन्दछन्,“मलाई नखोज्नेहरूले मलाई भेट्टाएका छन्, जसले मेरो खोजी गरेनन् तिनीहरूका माझमा मैले आफैलाई प्रकट गरेकोछु।” तर इस्राएलको विषयमा तिनी भन्छन्, “दिनभरि नै अटेरी र

विरोधी मानिसहरूप्रति मैले मेरो हात पसारेको छु।" (रोमी १० : २०-२१)

इस्रायलका मानिसहरु धेरै कम उज्यालोमा जान सक्छन् । त्यहाँ केहि यताउति उल्लेखनीय अपवादहरु थिए ।

परमप्रभुले भन्नुभयो, "पर्वतमा गएर परमप्रभुको उपस्थितिमा खड़ा हो, किनकि परमप्रभु त्यहाँबाट जान लाग्नुभएको छ।" तब परमप्रभुको अगिअगि एउटा ठूलो र प्रचण्ड बतास पहाड़हरू फुटाउँदै र चट्टानहरू चिर्दैआयो, तर बतासमा परमप्रभु हुनुहुन्नथ्यो। बतासपछि भैँचालो आयो, तर भैँचालोमा परमप्रभु हुनुहुन्नथ्यो। भैँचालोपछि एउटा आगो आयो, तर आगोमा परमप्रभु हुनुहुन्नथियो। अनि आगोपछि एउटा मधुरो कानेखुसी आयो। जब एलियाले त्यो सुने तब तिनले आफ्नो खास्टोले मुख छोपे, र बाहिर गएर ओड़ारको मुखमा उभिए। तब एउटा आवाजले तिनलाई भन्यो, "एलिया, तँ यहाँ के गर्दैछस् ?" (१राजा १९ : ११-१३)

एलियाको अनुभव एलीशाले उठाए र लागु गरे र विस्तार भयो ।

उनीहरू सहरमा पसेपछि एलीशाले यसो भने, "हे परमप्रभु, यी मानिसहरूका आँखा खोलिदिनुहोस्, र उनीहरूले फेरि देख्न सकून्।" अनि उहाँले उनीहरूका आँखा खोलिदिनुभयो, र उनीहरूले हेरे, र आफूलाई सामरियाभित्र पो रहेछौं भनी देखे। जब इस्राएलका राजाले

> उनीहरूलाई देखे, तब तिनले एलीशालाई सोधे, "हे मेरा पिता, के म यिनीहरूलाई मारौं ? के म यिनीहरूलाई मारौं ?" (२ राजा ६ : २१-२३)


एलिशाको सेवाकार्यले इजकिएलले दर्शनमा देखेको मन्दिर निर्माण गर्नका लागि इस्रायलमा दिगो सुधार ल्याउन सकेन ; एउटा मन्दिर जुन प्रभुको महिमा देखेका मानिसहरु र आनन्दको हृदयहरु भएका मानिसहरु र स्त्रीहरुबाट बनाइनेछ । यो विधिको नियम र न्याय राख्न एक तरिकाको परमेश्वरको चरित्र प्रकट गर्न असफल भयो (लेबी २६ : १-४) । यसले परमेश्वरलाई रिस गर्ने व्यक्तिको रुपमा बाहेक अरु कुनै देख्ने संसारको ढोका बन्द गर्नेछ (क्षमा र पापको उपचारको सट्टा) र फलामको दण्डा सँगको नियमसँग । इस्रायल एक महान ज्योति हुनका लागि राष्ट्रहरुको प्रमुख भएको हुने थिए, तर यसको सट्टामा २५२० बर्षसम्म संसार अन्धकारमा परेको थियो । हामी अर्को अध्यायमा यस बुँदामा फेरि आउनेछौं ।

बेबिलोनको बन्धनमा परेको समयमा, मानिसहरुको एक शरीरको रुपमा, उनीहरुको पापमा पूर्णरुपमा कठोर हुन अघि शारीरिक इस्रायलले कति बढि समय बिताइसकेका थिए त्यो दानिएलले पत्ता लगाए :

> "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू' को आदेश तोकिएको छ।"
> (दानिएल ९ : २४)

यी ७० हप्ताहरुको भविष्य सूचक ४९० वास्तविक बर्षहरुसँग बराबर छ (इजकिएल ४ : ६) र यसको शुरुवात यरुसलेमको “पुर्नस्थापनाको उर्दी (आदेश) जारी भएको समयबाट शुरुवात हुन्छ ।” (दानिएल ९ : २५)

५७० बि. सी. ३४ ए.डी.





अर्तासास्त्र २ को आदेश शारीरिक
इस्रायलको कठोरताको पूर्णता
यरुसलेमको पुर्ननिर्माण

इस्रायलले आफूलाई कठोर बनाउने वा परमेश्वर तर्फ फर्कने निर्धारण गर्ने कुरा यो समयवधिको अन्तिम भविष्य सूचक हप्तामा भएको घटनाप्रति उनीहरुको प्रतिक्रिया थियो । (तलको रेखाचित्रमा हेर्नुहोस्) :

“यो जान र बुझ, यरुसलेमको पुर्नस्थापना र पुननिर्माण गर्न यो आदेश जारी गरेको समय देखि अभिषिक्त जन , अर्थात **एक शासक नआउन्जेलसम्म सात, सातहरु, र बयसाठी ‘सातहरु’ हुनेछन :** बयसाठी सातहरु पछि ती **अभिषिक्त जन हटाइने छन्** र तिनीसँग केहि पनि रहनेछैन ।.....**धेरै जना सित एक सातको लागि तिनले करारको सदर गर्नेछन्** । **’सात’ को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्**

**। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खडा गर्नेछन, जाबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन ।"** (दानिएल ९ : २५-२७)




पछिल्लो भविष्यसूचक हप्ताले २७ ए. डी. देखि ३४ ए. डी. सम्मको समयवधिलाई समेट्दछ । यस अवधिको पहिलो आधा समयमा परमेश्वरको पुत्रले व्यक्तिगत रुपमा आफ्नो पिताको वास्तविक चरित्र

प्रकट गर्नुभयो, र दोस्रो आधा भागमा उहाँ माथि विश्वास गर्ने र उहाँसँगको करार पुष्टि गर्ने मानिसहरुले यस गवाहीलाई निरन्तरता दिए । यस समयवधिको बीचमा क्रुस खडा भइरहेको छ, जहाँ यहूदीहरु मार्फत सबै मानिसजातिले हाम्रो पापले परमेश्वरको पुत्रलाई के गर्दैछ भनेर देखाएको छ : ती यहूदीहरुले न त अन्यजातिहरुले नै देख्न सके कि बलिदानहरु केवल मानिसजातिको पापले ख्रीष्टको क्रुसमा चित्रण गरिएको थियो । त्यसकारण भयङ्कर अपमान, कष्ट र अनन्त हानीको जोखिममा, स्वर्गमा हुनुहुने हाम्रा पिताले आफ्नो पुत्रको क्रुसमा हुने बलिदानलाई यो देखिने संसारमा प्रकट हुन अनुमति दिनुभयो :

*सारा स्वर्ग ख्रीष्टको दुःखमा पीडामा थिए ;* ***तर त्यो पीडा मानवताको प्रकटमा शुरुवात वा अनन्त भएको थिएन ।क्रुसले हाम्रो पीडाको सुस्त मनस्थितिलाई प्रकट गर्दछ जुन शुरुदेखि नै पापले गर्दा परमेश्वरको हृदयमा ल्याएको छ ।*** (Ed 263.1)

क्रुसमा टाँगिनुमा परमेश्वरले मानिसजातिलाई आफ्नो पुत्रको घृणा प्रकट गर्न अनुमति दिनुहुन्छ भन्ने सोच्न, ताकि मानिस आफैलाई ऐनामा आफूलाई देख्न सकोस, र उसले महसुस गरोस कि यधपि यो सब गरेता पनि परमेश्वर अझैपनि क्षमा दिन इच्छुक हुनुहुन्छ ।

आफ्नो जीवन र मृत्युको माध्यमबाट, परमेश्वरको पुत्रले पिता कस्तो हुनुहुन्छ भनेर स्पष्ट रुपमा देखाउनुभयो । यसैले मानवजातिको चतनामा, मन्दिरको भित्री भागमा बाटो खोलियो -पवित्रको पवित्र, जहाँ परमेश्वरको प्रेमिलो चरित्र यसको शुद्ध रुपमा प्रकट भएको छ :

> "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई **मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक**

**गर्न सत्तरी 'सातहरू'** को आदेश तोकिएको छ।" (दानिएल ९ : २४)

*त्यो क्षणमा अन्त्य हुँदै गरेको मुक्तिदाताले भने "यो समाप्त भयो," एक अदृश्य हातले मन्दिरको पर्दा माथिबाट तल च्यातिदिए.....संसारको जग देखि मारिनुभएका परमेश्वरको थुमाको मृत्यु भयो । **सबैमा पवित्र पवित्र सम्म जानेबाटो खुला राखिएको छ । एक नयाँ र जीवित तरिका, जसको बीचमा पर्दा छैन, यो सबैलाई प्रस्ताव गरिएको छ । अबदेखि सबै यस बाटोमा हिँडन सक्छ.**....यो एक जीवित आवाज थियो कि उपासकहरु सँग बोलेको जस्तै थियो : **त्यहाँ अब सबै बलिदान र भेटीहरुको अन्त्य भएको छ ।*** (12 MR 416.3)

प्राय सबै इस्रायलीहरुका निम्ति यो बुभिन्छ कि बलिदानहरुको अन्त्य भयो किनभने परमेश्वर शरुदेखि नै यहि चाहाहुन्थ्यो र जब ख्रीष्ट मर्नुभयो त्यस पछि उहाँले यो रोक्नुभयो । सत्य कुरा यो हो कि, ख्रीष्टमा पिताको प्रकटको माध्यमबाट मानिसजातिको दिमागमा एउटा ढोका खुलेको थियो, यो देख्नको लागि कि परमेश्वर यस्तो कहिल्यै पनि हुनुहुन्न, कि उहाँले कहिल्यै पनि बलिदान र भेटीहरु चाहानु भएन । यो नै हामी अगमवाणीको आत्माको भाषामा पाउँछौं, "यो यस्तो देखिन्थ्यो कि कनै जीवित आवजहरुले आराधकहरुसँग कुरा गरिरहेको छ ।" यहाँ एक जागरुकताको सिद्धान्त छ जुन तिनीहरु पिता कहाँ नयाँ र जीवित तरिकामा आउँदछन किनभने ख्रीष्टले प्रकट गर्नुभएको उहाँको चरित्रको कारण ।

याद गर्नुहोस, तथापि, क्रुसको यो शारीरिक अभिव्याक्तिले मात्र अत्यन्त पवित्र ठाउँमा जाने बाटो खोल्यो, तर तिनीहरु त्यहाँ पुग्न अघि ती तीर्थयात्रीहरु जसले परमेश्वरको पुत्रको साथ "करारको पुष्ठि" गरेका थिए, पवित्रस्थानको अनुभवबाट इमान्दारीपूर्वक जानुपर्दछ । जहाँ तिनीहरु येशूको धार्मिकता ग्रहण गर्दछन् जसरी उहाँको मानवअवतारमा प्रकट भएको छ ।

तिनीहरुले देख्न सकुन कि जीवनको रोटी र अन्तर्बिन्तीहरु र परमेश्वरको पुत्रको विलाप तिनीहरुको पक्षमा वाकालत गरिएको छ । तिनीहरुको कठोरताका कारण यहूदीहरु त्यहाँ प्रवेश गर्न असफल भए र पवित्रस्थानको आँगनमा (पुथ्वी) मा छोडिए :

*यूहन्नाको सन्देशलाई अस्वीकार गर्नेहरुलाई ख्रीष्टलाई इन्कार गरि क्रुसमा टाँग्न, अझ टाढा सम्म जानको लागि शैतानले अगुवाइ गऱ्यो । यसो गर्दा तिनीहरुले आफूलाई पेन्तिकोसको दिनमा आशिष पाउन नसक्ने ठाउमा राखे,* ***जसले तिनीहरुलाई स्वर्गको मन्दिरमा जाने बाटो सिकाएको थियो ।*** *मन्दिरको पर्दा च्यातिनुले यो देखाउँथ्यो कि यहूदी बलिदानहरु र बिधिहरु अबदेखि स्वीकार्य छैनन् । महान बलिदान चढाइएको थियो र स्वीकार गरिएको थियो* ***र पेन्तिकोसको दिनमा आगमन भएको पवित्रआत्माले चेलाहरुको दिमागहरुलाई पृथ्वीको पवित्रस्थानबाट स्वर्गको पत्रिस्थानमा बोकेको थियो, आफ्ना प्रायश्चितको लाभहरु आफ्ना चेलाहरुप्रति बगाउन जहाँ येशू आफ्ना रगतद्धारा पस्नुभयो ।*** *तर यहूदीहरु पूरा अन्धकारमा छाडिए । उनीहरुले मुक्तिको योजनामा भएको हुनसक्ने सबै ज्योति गुमाए, र* ***अझै पनि उनीहरुको बेकारको बलिदानहरु र भेटीहरुमा विश्वास राखे ।*** *स्वर्गीय पवित्रस्थानले पृथ्वीको ठाउँ लिइसकेको थियो,* ***तर तिनीहरुलाई परिवर्तनको बारेमा केहि थाहा थिएन । त्यसैकारण उनीहरु पवित्रस्थानमा ख्रीष्टको माध्यमबाट लाभान्वित हुन सकेनन् ।*** (EW 259.1)

इस्रायलले परमेश्वरप्रति उसको झूटो धारणामा अडिग रहेको थियो र त्यसले शैतानलाई उनीहरुको झूटो न्याय प्रणालीमा स्थापित गर्न पूर्ण पहुँच प्रदान गऱ्यो, जसको अनुसार हरेक पापले यसको सजाय पाउनु पर्दछ । तिनीहरु जातिहरु सामु यो गलत सोच उजागर गर्नमा मात्र असफल भए, तर उनीहरुले परमेश्वरको पुत्रप्रति देखाएको मनोवृत्तिमा

उनीहरुले शैतानको दिमाग प्राप्त गरे, जसले परमेश्वरको पुत्रप्रति उनको घृणा प्रकट गरे ।उनीहरुलाई परमेश्वरको व्यवस्था दिइएको कानुननै उनीहरुले परमेश्वरको पुत्रलाई मार्न प्रयोग गरे ।

"तर तिनीहरूमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरूलाई भने, "तिमीहरू केही पनि जान्दैनौ! समस्त राष्ट्र नष्ट हुनुभन्दा **बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौ।"** (यूहन्ना ११ : ४९-५०)

"तब काँढ़ाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरूलाई भने, "हेर, यो मानिस!" जब मुख्य पूजाहारीहरू र पहरेदारहरूले उहाँलाई देखे, तिनीहरू यसो भन्दै चिच्च्याउन लागे, "त्यसलाई क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!" पिलातसले तिनीहरूलाई भने, "तिमीहरूले नै यिनलाई लगेर क्रूसमा टाँग, किनभने म यिनमा केही दोष पाउँदिनँ!" यहूदीहरूले उनलाई जवाफ दिए, **"हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ,** किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ।" (यूहन्ना १९ : ५-७)

इस्रायलले परमेश्वरको पुत्रमा प्रकट भएको सत्य चरित्रको सट्टामा परमेश्वरको व्यवस्थामा आफ्नै प्रतिबिम्ब देख्न छनौट गरे । यसकारण परमेश्वर र उहाँको पुत्र अन्यजातिहरु तर्फ फर्कन बाध्य हुनुभयो । तिनीहरुको जातिय (तिनीहरुको रगतमा निहित) गण र मूल्यमा भएको झूटो विश्वासको कारण यहूदीहरुले आफूलाई योग्य र अन्यजातिहरुलाई फोहोरको रुपमा ठाने । क्रुसको माध्यमबाट, यहूदी र अन्यजातिहरु बीचको यो छुट्टिएको पर्खाल, व्यवस्था र परमेश्वरको चरित्रको गलत अर्थ लगाएर बनाइएको थियो :

"तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। **उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ**, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। **उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं।"** (एफिसी २ : १३-१८)

संसारले पिताको बुद्धि चरित्रलाई सीधा चिन्न सक्दैन किनकि यसले शैतानको गलत न्याय प्रणालीलाई पनि गहिरो रुपमा अँगालेको छ, र विश्वास गर्छन कि रगत नबगाइ त्यहाँ कुनै क्षमा हुनेछैन् । महा पवित्रस्थानमा पूर्णरुपमा प्रकट भएको अनुसार पिताले हामीसम्म पुग्नको लागि मानवजातिको यो सोचाइलाई आफ्नो पुत्र दिन स्वीकार गर्नुभयो र हाम्रो हृदय र दिमागमा उहाँको चरित्रलाई बुझ्नको लागि बाटो खोलिदिनुभयो :

> "संसारले आफ्नै **बुद्धिद्वारा परमेश्वरलाई** चिन्न नसकेको **हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचारेको सुसमाचारको मूर्खताद्वारा नै** विश्वास गर्नेहरूलाई **बचाउन परमेश्वरले उचित ठहराउनुभयो।"** (१ कोरिन्थी १ : २१)

यस सन्दर्भमा, प्रचारको मुर्खता यो हो कि परमेश्वरले हामीलाई क्षमा दिन सक्षम हुनको लागि आफ्नो छोराको मृत्युको माग गर्नुभयो, र यसैयाले हामीलाई यो मुर्खता हामीमा गहिरो गरी रोपिएको र विश्वव्यापी रुपमा विश्वास गरिएको छ भनेर बताउँछन् ।

> निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि **हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं।** (यशैया ५३ : ४)

महा पवित्रस्थानमा जान हाम्रो चेतनामा बाटो खोल्नको लागि कलबरीको क्रुस मार्फत पिता हाम्रो सोचाईको माध्यमबाट हामीमा पुग्नुहुन्छ भन्ने धारणा जुन काँसाको प्रतिकवादले पुष्टि गरेको छ :

> "परमप्रभुले मोशालाई भन्नुभयो, "**तैंले विषालु सर्पको** एउटा प्रतिमा बनाएर त्यसलाई एउटा खामामा झुण्ड्या।

**सर्पले डसेकाहरूले त्यसलाई हेरेपछि तिनीहरू बाँच्नेछन्।"** तब मोशाले एउटा **काँसाको सर्प** बनाएर त्यसलाई एउटा खामामा झुण्ड्याए। सर्पले डसेका सबैले काँसाको सर्पलाई हेरेपछि बाँचे।" (गन्ती २१ : ८-९)

सर्पको विष शैतानको न्याय प्रणाली हो, जसले हामीलाई विश्वास गराउँदछ कि परमेश्वरले हामीलाई क्षमा दिन क्रुसमा आफ्नो पुत्रको रगत बहाउनु आवश्यक छ । याद गर्नुहोस कि यो ठ्याक्कै उही सर्प थियो जुन खम्बामा राखिएको थियो जुन क्रुसको प्रतिक हो, किनकि क्रुसको माध्यमबाट, परमेश्वर हामीमा यस गलत सोचाइमा पुग्नुहुन्छ । ख्रीष्ट हाम्रो लागि पाप बन्नुभएको थियो :

"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, **त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ**, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।" (यूहन्ना ३ : १४-१५)

"किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" (२ कोरिन्थी ५ : २१)


दानिएललाई दिइएको स्वर्गदूतको शब्दलाई फर्की हेर्दा ४९० बर्षको भविश्यवाणी "मोहोर" लगाएको वा त्यो एउटा दर्शनमा जोडिएको हुनुपर्छ जुन हामी यो अघिल्लो अध्यायमा पाउन सक्छौं :

"तिनीहरूमध्येबाट अर्को एउटा सीङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। स्वर्गका सेनाहरूसम्म नपुगुन्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल झारियो। विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो।" (दानिएल ८ : ९-१४)

यो दर्शनको शूरुवातमा (दानिएल ८ : १-८) मूर्तिपूजकको शक्तिलाई पाठोको बढ्दो गर्वले प्रतिनिधित्व गर्दछ (मादी फारस ५३९-३३१ इ.बि.) जुन बोकाद्वारा पराजीत भएको थियो ( ग्रिस ३३१ -१६८ इ.बि.) सानो सिंह रोम हो, जुन उसको दुई चरणहरु मार्फत जान्छ : पेगन र पापल

(मूर्तिपूजक र पोपतन्त्र ) उसको पेगन (मूर्तिपूजक) चरणमा, रोमले शारीरिक इस्रायलसँग युद्ध लड्छ (स्वर्गको दल) र यसका राजाहरु अगुवाहरु (ताराहरु), र ख्रीष्ट आफै (स्वर्गको राजकुमार) जो यसै मार्फत क्रुसमा बलिदान हुनुभयो । प्राचिन हिब्रु शब्दले देखाउँछ कि पापल रोमले ( पोपतन्त्र) मूर्तिपूजक गतिविधि (दैनिक बलिदानलाई) गर्वको साथमा रद्ध गऱ्यो र यसलाई अनुमति दिइयो । अनाज्ञाकारीता अथवा झूटो इसाईवादको कारण - पवित्रस्थानमा घृणित थोक (दानिएल ११ : ३१) अगमवाणीको आत्माले पुष्टि गरेको एडभेन्टिष्ट अग्रजहरुको अनुसार यो "प्यागेनिजम" (मूर्तिपूजकको अर्थ "दैनिक" हो । २३०० दिनहरुको भविष्यसूचकको अन्त्यमा ख्रीष्ट आफैले स्वर्गको महा

पवित्रस्थानमा प्रवेश गर्नुहुने थियो जब कुनै राष्ट्रद्वारा उहाँलाई पछ्याउन तयार हुनेछ, आफ्नो पिताको चरित्रको पूर्ण ज्ञानलाई पुर्नस्थापित गर्न । ७० हप्ताहरुको भविष्यवाणी (४९० बर्षहरु) र २३०० दिनहरुको बीचको सम्बन्ध यो हो कि, पहिलो अवधिको अन्त्यमा, परमेश्वरले आफ्नो पुत्रलाई पतित मानिसका भ्रष्ट तर्कहरु पूरा गर्न धोकामा पर्न अनुमति दिनुभयो जसले गर्दा उहाँले स्वर्गीय पवित्रस्थानको बाटो तर्फ हाम्रो दिमागलाई खोलिदिनुहुनेछ ; त्यसैगरि २३०० दिनहरुको दर्शनको अन्त्य तिर केवल पवित्रस्थानमा ख्रीष्टको धार्मिकतालाई ग्रहण गरेर




मात्र मानवताले परमेश्वर वास्तवमा कस्तो हुनुहुन्छ भनेर बुझ्न सक्दछ, महा पवित्रस्थानको अनुभवमा पुगेर मात्र शैतानका झूटो न्याय प्रणालीका घिनलाग्दो कामहरुबाट छुटकारा पाउन सक्षम हुँदछ :

"तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, **दुष्टताको लागि प्रायश्चित गर्न**, **अनन्त धार्मिकता ल्याउन**, **दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू' को आदेश तोकिएको छ।**" (दानिएल ९ : २४)


"**धेरै** जनासित एक 'सात' को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात' को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा **तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्**, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त **खन्याइनेछैन।**" (दानिएल ९ : २७)

ख्रीष्टसँग करार पुष्टि गर्नेहरुको दिमागमा, बलिदान र भेटीहरु अन्तिम भविष्यसूचक हप्ताको बीचमा समाप्तभयो । क्रुसको दृश्यात्मक आकृति । आउनेवाला विनाश दुई घृणित मूर्तिपूजक र पोपतन्त्रको पखेटामा सवारी हुनेछ । पछिका धर्मत्यागी ईसाईहरुको प्रतिनिधिहरु हुन्, जसले झूटा न्यायबाट जन्मेको प्रायश्चितको मूर्तिपूजक दर्शनलाई लिन्छन र यसलाई ईसाई "वस्त्र" ले ढाक्दछन् । "ईसाई" सन्दर्भमा हाम्रो स्वर्गीय पिताको प्रतिनिभित्व यसरी गरिएको छ कि जसलाई खुशी पार्न हजारौं समारोह, भोज पोपको मध्यस्तकर्ता, कन्या मरियम र धार्मिक शहिदहरुको आवश्यक्ता पर्दछ । हाम्रो प्रभु येशू ख्रीष्टको क्रुस क्रुद्ध परमेश्वरको प्रायश्चितको उच्च माध्यमको रुपमा प्रस्तुत गरिएको छ जो उहाँको व्यवस्था उल्लंघनको कारण क्रोधित हुनुहुन्छ :

*ख्रीष्टको पहिलो आगमनको समयमा* ***रोमको चर्च र यहूदी चर्चको बीचमा*** *उल्लेखनीय समानता रहेको छ । त्यसैगरि यहूदीहरुले गोप्य रुपमा परमेश्वरको व्यवस्थाको हरेक सिद्धानतलाई कुल्चिएका थिए, तर तिनीहरु यसका आज्ञाहरु पालन गर्न बाहिरी रुपमा कडा थिए र यसलाई अपराधी र परपराले लत्याएर आज्ञाकारीतालाई कष्टदायी र बोझिलो बनाए ।* ***जसरी यहूदीहरुले व्यवस्थालाई सम्मान गरेको दावी गर्थे, त्यस्तै रोमनवादीहरुले क्रूसलाई आदर गरेको दावी गर्छन ।*** *तिनीहरु ख्रीष्टको कष्टको प्रतिकलाई उचाल्दछन्, जबकि उनीहरुको जीवनमा उनीहरु उहाँलाई इन्कार गर्छन जसलाई यसले प्रतिनिधित्व गर्दछ । रोमन क्याथोलिकहरुले तिनीहरुको चर्चहरुमा, तिनीहरुको वेदीहरुमा र तिनीहरुको लुगामा क्रूसलाई राख्दछन् । जतातते क्रूसको चिन्हहरु देखिएको छ । जतातते यो बाहिरी आदर र सम्मान गरिन्छ ।* ***तर येशूको शिक्षा मुर्खतापूर्ण जमातको परम्परा, झूटो व्याख्या र कठोर अपराधिक गतिविधीहरुमा दफन गर्ने काम गरिएको छ*****.....** *मूर्तिको पूजाहरु र अवशेषहरुको, सन्तहरुको आह्वान ;र पोपको वर्जस्वहरु सबै* ***परमेश्वरबाट र उहाँको पुत्रबाट मानिसहरुलाई आकर्षित गर्न शैतानका उपकरणहरु हुन् । .. परमेश्वरको चरित्रलाई गलत प्रतिनिधित्व गर्नु, पापको स्वभाव र महान विवादमा मुछिएको विषयहरुको गलत अर्थ लगाउनु शैतानको निरन्तर प्रयास हो ।*** *उसको परिस्कारले पवित्रव्यवस्थाको दायित्वलाई कम गर्छ र मानिसहरुलाई पापको लागि अनुमति दिन्छ । त्यहि समयमा उसले मानिसहरुलाई परमेश्वरको बारे झूटो धारणाहरुको कदर गर्न लगाउँछ ताकि तिनीहरुले उहाँलाई प्रेम गर्नुको सट्टा डर र घृणाका साथ मान्छन् ।* ***उसको स्वभाविक चरित्रमा भएको कुरतालाई सृष्टिकर्ताको माथि आरोप लगाउँदछ ; यो धर्मप्रणालीको मूर्तरुपमा परेको छ र आराधना गर्ने तरिकामा अभिव्यक्त भएको छ । यसरी मानिसहरुको दिमागलाई अन्धा पारिन्छ र शैतानले उनीहरुलाई परमेश्वरको विरुद्धमा लड्नको लागि आफ्नो माध्यमको रुपमा तयार पारेर राख्दछ । ईश्वरीय गुणहरुको विकृत अवधारणाले गर्दा अन्यजातिहरुले देवताहरुको पक्षमा सुरक्षित हुन*** *आवश्यक मानव*

*बलिदानहरु विश्वास गर्न थाले र भयङ्कर कूरता मूर्तिपूजाको अन्तर्गत गरिएको छ* ***। रोमनक्याथोलिक चर्चले मूर्तिपूजकवाद र ईसाई धर्मको रुपलाई एकजुट गर्दै*** *(उल्लघंन वा विनाशको घृणितकार्य) र जस्तै* ***मूर्तिपूजक, परमेश्वरको चरित्रको गलत अर्थ, जसले कूर र वद्रोहको अभ्यास गर्न केहि कम अवलम्बन गरेको छैन ।*** (GC 568, 569)

ईसाई धर्ममा मूर्तिपूजकपना ल्याउने यस प्रकिया मार्फत ईसाइहरुले इस्रायलको इतिहासलाई दोह्रेऱ्याइरहेका छन् । त्यसकारण जब उनीहरुको स्वर्गीय प्रधान पुजाहारीलाई महा पवित्रस्थानमा पछ्याउने र स्वर्गमा हुनुहुने उनीहरुको पिताको वास्तविक चरित्रलाई बुझ्ने समय आयो (२३०० बर्षहरुको अन्त्यमा), थोरैले येशूको बोलावटलाई जवाफ दिए, जुन तीन स्वर्गदूतहरुको सन्देशमा समावेश छ। (प्रकाश १४ : ६-१२)



*धेरै यहूदीहरुले ख्रीष्टलाई अस्वीकार र क्रूसमा टाँगेको देख्दा तिनीहरु डरलाग्दो सँग हेरेका थिए ; र तिनीहरुले येशूप्रति लाजमर्दो दुर्व्यवहारको इतिहास पढ्ने क्रममा उनीहरुले सोच्छन कि उनीहरुले उहाँलाई प्रेम गर्छन र पत्रुसले झैँ उहाँलाई गर्ने थिएनन्, न यहूदीहरुले झैँ उहाँलाई क्रूसमा टाँग्ने थिएनन । तर परमेश्वर जसले सबैको हृदय पढ्नुहुन्छ उहाँ येशूप्रतिको प्रेमको प्रतिक्षामा आउनु भएको छ जुन उनीहरुले महसुस गरेको दावी गरे । सबै स्वर्गले गहिरो चासोको साथ पहिलो स्वर्गदूतको सनदेशको स्वागतलाई देखे । तर धेरै जसले येशूलाई प्रेम गर्थे भनि दावी गर्थे, र जसले क्रूसको कथा पढ्थे र उनीहरु जसले आँशु बगाउँथे, उहाँको आगमनको सुसमाचारको खिसी गरे । खुशीको साथ सन्देश प्राप्त गर्नुको सट्टा, उनीहरुले यसलाई भ्रमको रुपमा घोषणा गरे । उनीहरुलाई घृणा गरियो जसले उहाँको उपस्थितिलाई मन पराउँथे र उनीहरुलाई चर्चहरुबाट बाहिर निकालियो । जसले पहिलो सन्देशलाई अस्वीकार गरे दोस्रोबाट फाइदा लिन सकेनन ; मध्यरातमा कराएको आवजले उनीहरुलाई कुनै लाभ भएन,* ***जसले विश्वासको साथ स्वर्गको पवित्रस्थानको महापवित्रस्थानमा येशूसँग प्रवेश गर्न तिनीहरुलाई तयार गर्नु थियो ।*** *र ती दुई पुराना सन्देशहरु अस्वीकार गरेर, उनीहरुले आफ्नो बुझ्ने क्षमतालाई अन्धकारमा राखेका छन् कि तस्रो स्वर्गदूतको सन्देशमा तिनीहरुले कुनै पनि प्रकाश देख्न सक्दैनन्,* ***जसले सबैभन्दा पवित्रस्थानमा प्रवेश गर्न मार्ग देखाउँदछ ।*** *मैले देखे कि* ***यहूदीहरुले जसरी येशूलाई क्रूसमा टाँगेका थिए, त्यसरी नै मूख्य चर्चहरुले पनि यी सन्देशहरुलाई क्रुसमा टाँगेका थिए र त्यसैले उनीहरुलाई महापवित्रस्थानमा पुग्ने मार्गको बारेमा केहि ज्ञान छैन र त्यहाँ येशूको मध्यस्थता बाट उनीहरुले फाइदा लिन सक्दैनन् । आफ्नो बेकारको बलिदानहरु चढाउने यहूदीहरु जस्तै उनीहरु पनि बेकम्माको प्रार्थनाहरु घरहरुमा चढाए जुन येशूले छाड्नु भएको छ ;*** *र शैतान धोकामा परी खुशी भएको छ, धार्मिक चरित्र धारण गरेको छ र यी ईसाई हुँ भनेर दावी गर्ने इसाईहरुको दिमागलाई आफैमा डोह्ऱ्याउँदछ, आफ्नो शक्ति,*

*चिन्ह र झूटा चमत्कारहरुसँग काम गरेर तिनीहरुलाई आफ्नो पासोमा पार्ने गर्दछ ।* (EW 260.1)


अहिलेसम्म भनिएको कुराहरुलाई संक्षिप्त गरौं । ३४ ए.डी. मा इस्रायल राष्ट्रले डिकन स्तिफनसको हत्या गरी आफ्नो भाग्यमा मोहोर लगायो । (प्रेरित ७ : ५१-६०) जस्तो हामीले गलगथाको (क्रूसको दृश्यात्मक अभिव्यक्ति) अन्तिम भविष्यसूचक ४९० बर्षको हप्तालाई दुई भागमा विभाजन गरेको छ साँढे तीन बर्षको वास्तविक बर्षहरुमा । प्रत्येक यी भागहरु सँग १२६० वास्तविक दिनहरु छन् ।

फलस्वरुप परमेश्वरको चरित्रको गवाही जुन मार्फत इस्रायलले आफ्नो भाग्यको फैसला गर्दछ । परमेश्वरको पुत्र र उहाँको अनुयायीहरुद्वारा २५२० दिनहरुको समय अवधीमा महसुस गराएका थिए, जुन दुई बराबर भागमा १२६० दिनहरुको साथ बाँडिएको छ । हामी पछि हेर्नेछौं ; यो एकदम महत्वपूर्ण छ किनकि यसले क्रूसमा हाम्रो प्रभू येशू ख्रीष्टले हाम्रो घृणित पापी सोचलाई सहनुभयो जुन शैतानको पुर्णतया झूटो न्याय प्रणाली अपनाएको छ भन्ने कुरा झल्काउँदछ ।

# ५. इस्रायल र बेबिलोन अधिकारीहरुले पाएको सातगुणा दण्ड

अहिलेसम्म गरिएको हाम्रो अध्ययनले देखाउँदछ कि मूलत : इस्रायल र इसाई धर्म दुई भिन्न करारका सेवकहरु होइनन्, बरु इतिहासका हर समय सबै मानिसहरुलाई पूरानो करारबाट नयाँ करारको सोचमा जानको लागि बोलाइनछ बरु ताकि दिइएका अनन्त करारको प्रतिज्ञाहरुलाई विश्वासपूर्वक स्वीकार गर्न सकुन ।

“अब भेंडाका महान गोठाला हाम्रा प्रभु येशूलाई **अनन्त करारको** रगतद्वारा मृत्युबाट जीवित पार्नुहुने **शान्तिका परमेश्वरले तिमीहरुलाई हरेक असल गुणले सिद्ध पारुन, र तिमीहरुले उहाँको इच्छा पूरा गर्न सक । जे परमेश्वरलाई मनपर्दो छ येशू खीष्टद्वारा उहाँले तिमीहरुमा गरुन** । उहाँको महिमा युगानयुग भइरहोस् । आमेन ।” (हिब्रु १३ : २०,२१)



यस अर्थमा यहुदी र अन्यजाति दुबैलाई परमेश्वरको जनहरुको अंश हुन आमन्त्रि गरियो जसले उहाँको पवित्रलाई बुझ्न र प्रतिबिम्वित गर्न उहाँको पुत्रलाई महा पवित्रस्थानमा पछ्याउँछन् । यधपि धेरै व्यक्तिहरु त्यस समयमा उनीहरुको समयमा भएको ज्योति अनुसार यस यात्रामा सफल भएका थिए तर यहूदीहरु र त्यसपछि इसाईहरुको सामुहिक अनुभव असफल सावित भयो जुन परमेश्वर र उहाँको पुत्रको लागि अत्यनत कष्टकर थियो । यधपि प्रारम्भिक इसाईहरुले पवित्रस्थानमा ख्रीष्टलाई पछ्याए, तर पछि भएको धर्मत्यागले इसाई मानिसहरुलाई त्यस पतित मानिसको सोचलाई झल्काउँदै "रगत नबगाई त्यहाँ पापको क्षमा हुँदैन" भन्दै पवित्र मन्दिरको आँगनको विशिष्ट समझमा फर्कायो ।

> "त्यसपछि नाप्ने टाँगोजस्तै एउटा निगालो मलाई दिइयो, र यसो भनियो, "उठ, र परमेश्वरको मन्दिर र वेदीको नाप लेऊ, र त्यहाँ आराधना गर्नेहरुको गन्ती लेऊ । तर **मन्दिर बाहिर रहेका आँगनलाई छोड र ननाप, किनकि तयोचाहिँ जाति - जातिहरुलाई दिइएको छ, र बयालीस महिनासम्म पवित्र सहरलाई तिनीहरुले कुल्चीमिल्ची गर्नेछन् ।"** (प्रकाश ११: १,२)

यी ४२ महिना भविश्यसूचक पोपतन्त्रको शक्ति हो । (ए.डी. ५३८ १७९८) जब "घृणित कारणले विनाशको काम ल्याउँछ । थोरै मानिसहरु जसले यस अवधिमा पवित्रस्थानमा विनाशको माध्यमबाट आफ्नो यात्रा जारी राख्ने मानिसहरुको रुपमा कोसिस गर्दछन्, त्यसैगरी आधिकारिक इसाई धर्मले पशुको गुणहरुमा झल्किने झूटो न्याय प्रणालीको कारण उनीहरुलाई पछ्याउँछन् :

> "मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार **पशुलाई** दिएको थियो। तिनीहरूले यसो


भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ यसको विरुद्धमा को लड्न सक्ने" त्यसलाई अहङ्कारी र **ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो।** त्यसलाई **बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो।** परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको नाउँ र **उहाँको वासस्थान**, र स्वर्गमा बस्नेहरूसमेत सबैको निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो। अनि **त्यसलाई सन्तहरूसँग लड़ाइँ गर्न र तिनीहरूलाई जित्न अनुमति दिइयो।** सबै कुलहरू, मानिसहरू, भाषाहरू र जातिहरूमाथि त्यसलाई अधिकार दिइयो।" (प्रकाश १३ : ४-७)

त्यसकारण, यहूदीहरु र इसाईहरुको कथा एकै छ र यसमा अनन्त करारलाई उल्लंघन गर्दा हुने परिणामलाई परमेश्वरको इस्रायलले भोग गरेको छ ।

"तर यदि तिमीहरूले मेरा कुरा सुनेनौ, र यी सबै आज्ञा पालन गरेनौ, र मेरा विधिहरूलाई घृणा गरेर इन्कार गर्‍यौ भने, अनि मेरा सम्पूर्ण आज्ञा नमानेर मेरो करार भङ्‌ग गर्‍यौ भने, म तिमीहरूका बीचमा आतङ्‌क फैलाउनेछु, अनि शरीर नष्‍ट पार्दैजाने, आँखालाई विनाश गर्ने र प्राणलाई शिथिल गराउँदैलाने भयङ्‌कर रोगहरू पठाउनेछु। तिमीहरूले रोपेका बीउहरू खेर जानेछन्,

किनकि तिमीहरूका शत्रुहरूले फसल खाइदिनेछन्। म तिमीहरूको विरोध गर्नेछु, र तिमीहरू शत्रुका हातबाट परास्त हुनेछौ। तिमीहरूलाई हेला गर्नेहरूले तिमीहरूमाथि प्रभुत्व गर्नेछन्, र कसैले नखेदे पनि तिमीहरू भाग्नेछौ। "तिमीहरूले अझै पनि मलाई टेरेनौ भने तिमीहरूका पापको **सात गुणा** बढ़ी सजाय म तिमीहरूलाई दिनेछु। 19म तिमीहरूको अभिमान र जिद्दी चूर गर्नेछु। **तिमीहरूमाथिको आकाश फलामजस्तै र तिमीहरूमुनिको जमिन काँसोझैँ म तुल्याउनेछु।** 20तिमीहरूको शक्ति खेर जानेछ, किनकि तिमीहरूको जमिनले उब्जनी दिनेछैन, र देशका रूखहरूले फल दिनेछैनन्।"तिमीहरू मेरो विरुद्धमा हिँड़ेर मलाई अझै टेरेनौ भने म फेरि तिमीहरूका पाप सुहाउँदो **सात गुणा** बढ़ी विपत्तिहरू तिमीहरूमाथि ल्याउनेछु। म तिमीहरूका बीचमा **जङ्गली जनावरहरू** पठाइदिनेछु, जसले तिमीहरूका नानीहरूलाई खाइदिनेछन्, र तिमीहरूका गाईबस्तुहरूलाई नाश गर्नेछन्, अनि तिमीहरूको संख्या यति थोरै बनाउनेछन् कि तिमीहरूका बाटो सूनसान हुनेछन्। "यी सब भएर पनि तिमीहरू मतर्फ फर्केनौ र मेरो विरुद्धमा हिँड़िरह्यौ भने, म पनि तिमीहरूका विरुद्धमा हुनेछु, र तिमीहरूका पापका लागि म **सात गुणा** तिमीहरूलाई प्रहार गर्नेछु।" (लेबी २६ : १४-२४)

कि आकाश फलाम जस्ता हुनेछ र पृथ्वी पित्तल जस्तो धेरै बोल्छ, किनकि पवित्रस्थानमा भएको वस्तुहरु काँसाले बनेका छन् र परमेश्वरको चरित्रको झूटो र साँचो समझको मिश्रणलाई झल्काउँदछ । काँसाको वेदी, जहाँ पशुहरुको बलिदान गर्दथे, त्यसले गलगथालाई संकेत गर्दछ । तर हामीले देखिसकेका छौं कि काँसाको सर्पले प्रभुले क्रुसलाई एक साधनको रुपमा प्रतिनिधित्व गर्नुहुन्छ जसद्वारा हाम्रो पिता हाम्रो सोचाइमा पुग्नुहुन्छ । काँसाको बाटा, जुन आँगनमा भएको अर्को वस्तु हो, जुन महिलाहरुको ऐनाद्वारा बनेको थियो ( प्रस्थान ३८ : ८); त्यसैले यसले आँगनको अनुभवलाई संकेत गर्दछ जहाँ परमेश्वरको व्यवस्थाले इस्रयलको वास्तविक अनुहारलाई झल्काउँछ, उहाँको प्रेमिलो चरित्रको सट्टा । तिनीहरुको पापको परिणामहरु भोग्नुपर्दा यस सातगुणा दण्डको पुनरावृत्तिले सात भविश्यसूचक




साँढे तीन बर्षको पहिलो समयअवधि (१२६० बर्षहरु) ले मूर्तिपूजकको शक्तिलाई देखाउँदछ, र दोस्रोले पोपतन्त्रको शक्तिलाई :

> "उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्।" (दानिएल ७ : २५)

१२६० बर्षसम्म राजनैतिक परिदृश्यमाथि प्रभुतव जमाउन सक्ने क्षमता फ्रनसको राजा क्लोभिसको धर्म परिवर्तनबाट प्राप्त भएको थियो, ५०८ ए.डीं. मा तीस बर्ष पहिले उनी क्याथोलिक विश्वासमा आएका थिए । उसको सामर्थ मार्फत पोपतन्त्रले यसको शत्रुलाई वसमा पार्न सफल भयो । यसैकारण दानिएल १२ : ११ ले संकेत गर्दछ कि दैनिक वा मूर्तिपूजक हटाइएको बेला देखि पोपतन्त्रको स्थापना देखि अन्तको समयसम्मको समय १२६० बर्ष नभएर १९९० बर्ष हुनेछ । अब्राहमसँग बाँधेको करार अनुरुप इस्रायलीहरुको निम्ति परमेश्वरको योजना तिनीहरुलाई सबै जातिहरुको प्रमूख बनाउन र जसद्वारा सारासंसारलाई आशिष दिनु थियो :

> "तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु। **तँद्वारा नै पृथ्वीका सबैकुलले आशिष् पाउनेछन्।"** (उत्पति १२ : ३)

> "मैले आज तिमीहरूलाई दिएका परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरूमा ध्यान दिएर ती होशियारीसाथ पालन गर्‍यौ भने, परमप्रभुले तिमीहरूलाई पुच्छर होइन तर शिर तुल्याउनुहुनेछ। तिमीहरू सधैँ टुप्पामा हुनेछौ, कहिल्यै फेदमा पर्नेछैनौ।" (व्यवस्था २८ : १३)

तर करार भंग गरी आएका परिणामले इस्रायलीहरुलाई पुच्छर तिर फर्कायो :

> "तिमीहरूका बीचमा वास गर्ने परदेशी तिमीहरूभन्दा माथि-माथि चढ्नेछ, तर तिमीहरू तल-तल गिर्नेछौ। त्यसले तिमीहरूलाई ऋण दिनेछ, तर तिमीहरूले

> त्यसलाई ऋण दिनेछैनौ। **त्योचाहिँ शिर हुनेछ, तर तिमीहरूचाहिँ पुच्छर हुनेछौ।**" (व्यवस्था २८ : ४३-४४)

यस प्रकृया मार्फत इस्रायलको सट्टामा बेबिलोन राष्ट्रहरुका प्रमुख भए र उनीहरु यसका दास भए :

> "हजूर नै राजाहरूका महाराजा हुनुहुन्छ। स्वर्गका परमेश्वरले हजूरलाई राज्य, पराक्रम, शक्ति र महिमा दिनुभएको छ। हजूरको हातमा उहाँले सारा पृथ्वीका मानिसहरू र पशुहरू र आकाशका पक्षीहरू दिनुभएको छ। जहाँ-जहाँ उनीहरू बस्छन्, उहाँले हजूरलाई उनीहरूमाथि अधिकार गर्न दिनुभएको **छ। हजूर नै त्यो सुनको टाउको हुनुहुन्छ।"** (दानिएल २ : ३७-३८)

यदि इस्रायलीहरुले पवित्रहरुको पवित्र तर्फ जान आफ्नो मार्गमा प्रगति गरेको भए, जुन प्रगति उनीहरुको परमेश्वरको वास्तविक चरित्रको अनवेषणमा निर्भर भएको भए ; उनीहरुको अनुभवलाई धातुको वर्गीकरणले छाप लगाएको हुने थियो, फलाम र काँसाबाट सुरु गर्दै र परमेश्वरको चरित्रको शुद्ध सुन सम्म पुग्दै । चाखलाग्दो कुरा यो छ कि बेबिलोन, जसले इस्रायलको स्थानलाई कब्जा गरेको थियो, सुनौलो टाउको रुपमा प्रतिनिधित्व गर्दछ, तर धातुको ठूलो सालिकको पछिको राज्यहरुले कम गुणस्तर धातुहरुले प्रतिनिधित्व गर्दछ, यसरी कमबद्ध गरिन्छ : चाँदी, काँसा र फलाम, (दानिएल २ : ३१-३३) यो गिरावट ती मूर्तिपूजक राष्ट्रहरुको परमेश्वरको चरित्रको समझमा भएको गिरावटलाई पनि झल्काउँदछ । यो दानिएल ७ ; को दर्शनमा पनि परिलक्षित हुन्छ, जहाँ उही सम्राज्यलाई पशुको रुपमा प्रतिनिधित्व गरिएको छ ; प्रत्येक सफल कमिक राज्य अघिल्लो भनदा कूर छ । त्यसैले, बेबिलोन पछि आउने सबै राज्यहरु उनको बिस्तार मात्र हुन्

किनकि उनी मूर्तिको प्रमुख हुन् । यो प्रक्रिया गिरावटको तर्क, राज्यको सम्पूर्ण अनितम परिणाम स्वरुप के हुनेछ भनेर बीजको रुपमा सुनको टाउको को रुपमा पूरा भएको थियो । अन्तिम शासक बेलसजरको समयमा, परमेश्वरको चरित्रको गलत धारणाको गिरावट पूर्ण थियो, र यो आफैमा निम्ति तरिकामा प्रकट भयो :

> "यसकारण उनीहरूले **<u>सुनका </u>भाँड़ाहरू ल्याए**, **जुनचाहिँ यरूशलेममा भएको परमेश्वरको मन्दिरबाट** ल्याइएका थिए, र राजा र उनका भारदारहरू, उनका श्रीमतीहरू र रखौटीहरूले तीबाट पिए। जसै उनीहरूले दाखमद्य पिए, **<u>उनीहरूले सुन र चाँदीका, काँसो, फलाम, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गरे।"</u>** (दानिएल ५ : ३-४)

अब बेबिलोनले केबल सुनले घमण्ड गरेन तर सम्पूर्ण अपमानजनक सामग्रीको साथ, यसैले पवित्र चरित्रको ज्ञानबाट पूर्णरुपमा तल झर्दै आयो जुन पवित्र मन्दिरमा देखा पर्‍यो, जहाँ सामग्रीहरुको कम बिल्कुल विपरीत थियो । सात समयहरु (२५२० बर्षहरु) ले देखाए अनुसार बेबिलोनको शक्ति इस्रायलमा सजाय रहुन्जेल संसारभरी रहनेछ । किनभने केवल इस्रायलीहरुलाई मात्र परमेश्वरको सत्य चरित्र छुट्याउन आफ्ना अगमवक्ताहरु मार्फत ज्ञान थियो । जब इस्रायलले परमेश्वरको चरित्रको सत्यको बिरुद्धमा उहँका आज्ञाहरु, कानुनहरु र न्यायहरु भंग गरेर हिँड्दछन्, तब सम्पूर्ण संसार अन्धकारमा हिँड्दछन् । यो चाखलाग्दो कुरा हो कि फारिसीहरुले कब्जा गरेको रात बेबिलोनका भित्तामा लेखिएका शब्दहरुको संख्यात्मक मान पनि २५२० । सङ्केतन गरिएको वाक्यांश "मेने, मेने टेकेल, पेरेसी /परिसिन" दानिएलले बेलसजरको राज्यको लागि प्रत्यक्ष आवेदनको रुपमा व्याख्या गरे, जस्तै यहाँ दिइएको छ :

"यी शब्दहरूको अर्थ यही हो: मेने: **परमेश्वरले हजूरका राज्यका दिन गन्ती गर्नुभएको** छ, र त्यसको अन्त गर्नुभएको छ। **टेकेल**: हजूर तराजूमा जोखिनुभएको छ, र हल्का भेट्टाइनुभएको छ। **पेरेस**: हजूरको राज्य विभाजन भई मादी र फारसीहरूलाई दिइएको छ।" , (दानिएल ५ :२६-२८)

यी शबदहरुले निम्न मानको साथ मापन एकाईहरुको प्रतिनिधित्व गर्दछ :

मीना (mene) = ५० सेकेल (टेकेल)

"पेरेस" वा 'परिसिन' ले फरिसीहरुलाई बुझउँदछ, त्यस्तै यसको अर्थ आधारमा विभाजित हुनु पनि हो, जस्तै यो उल्थाबाट स्पष्ट हुन्छ, र त्यो आधा आधारभूत (मिना) को मान हुनेछ । त्यसो भए शेकेलमा वाक्यांशको मान यस्तो हुनेछ :

मिना = ५० शेकेल
मिना = ५० शेकेल
टेकेल = १ शेकेल
परिसिन = १ १/२  मिना = २५ शेकेल
जम्मा = १२६ शेकेल

तर इजकिएल ४५ : १२ यो देखाउँछ कि बीस शेकेल गेराह, र यो हुन आउँछ : १२६ X २० = २५२०

२५२० बर्षहरुका घृणित घटनाहरुलाई समेट्ने बेबिलोनको शक्तिको यो विश्वव्यापी योजनामा बेलसजर बेबिलोनको मूल राजा लुसिफरको नमुना हो । (यशैया १४ : ३, १२-१४) उनको पतनको घोषणा

गलगथामा भएको थियो, र यो कुनै संयोग होइन कि भविष्यवाणीको आत्माले दुई घटनाहरुलाई  समानान्तर प्रस्तुत गर्दछ :

*यो सुन्दर पर्दालाई तल तिर च्यात्नेको हात कुनै पुजाहारीको थिएन जसले महा पवित्रबाट पवित्रस्थानको विभाजन गर्दछ । यो परमेश्वरको हात थियो । जब येशूले "यो सकियो"  भनेर कराउनुभयो । (यूहन्ना १९ : ३०)* ***पवित्र रेखदेखकर्ता जो वेलसजरको भोजनमा अदृष्य पाहुना थिए जसले यहूदी जातिलाई निस्कासित जाति भनि घोषणा गर्नुभयो । हात जसले बेलसजरको विनाश र बेबिलोनी राज्यको अन्त्यको लेखोटलाई भित्तामा अभिलेख गरे, त्यही हातले मन्दिरको पर्दालाई माथिबाट तल तिर च्याते, उच्च र तल्लो****, धनी र गरीब, यहूदी र अन्यजाति सबैको लागि नयाँ र जीवित मार्ग खोल्दे । अबदेखि मानिसहरु परमेश्वरमा पुजाहारी र शासक बिना आउन सक्दछन् ।* (Ms 101 - 1897 . 16)

पिताको वास्तविक चरित्रको लागि बाटो खोलेर, ख्रीष्टको मृत्युले बेबिलोन राज्यको अन्त घोषणा गर्‍यो । तर साँचो अन्त्य आफैद्वारा आउँथ्यो जब कुनै मानिस महा पवित्रस्थानमा आउँथे र स्वर्गमा हुनुहुने पिताको महिमा प्रतिबिम्बित गर्थे (प्रकाश १४ : १)

बेबिलोनको २५२० बर्षहरुको अधिकारको धारणा, घृणित मूर्तिद्वारा, बेबिलोनका शासक नबुकदनेसरको फैसलामा पनि पाइन्छ :

> "उनले चर्को स्वरमा कराएर भने, "त्यस रूखलाई ढालिदे र हाँगाहरूलाई काटिदे, त्यसका पातहरू झारिदे र त्यसका फलहरू छरपष्ट पारिदे। पशुहरू त्यसको छहारीबाट र चराहरू त्यसका हाँगाबाट भागून्। तर **फलाम र काँसाले** बाँधिएको त्यसका ठुटो र जराहरू जमिनमा, खेतको घाँसमा नै रहोस्। "आकाशको शीतले त्यसलाई

भिजाओस्, र त्यो पशुहरूसँग पृथ्वीका बोट-बिरुवाहरूका बीचमा रहोस्। त्यसको मन **मानिसकोबाट बद्लिएर त्यसलाई पशुको मन दिइओस्**, जबसम्म त्यसको लागि **सात काल** बित्नेछैनन्।" (दानिएल ४ : १४-१६)

तसर्थ, यस बेबिलोनी शासकको अनुभव २५२० बर्षहरुमा बेबिलोनको समपूर्ण शक्तिको प्रतिक बन्यो ।

यो माथिको रेखा चित्रमा देखाइएको, यो २५२० बर्षहरुको अवधि क्रमश १७९८ वा १८४४ ए.डी. मा समाप्त हुन्छ । पहिलो मितीमा नेपोलियनको फैजले पोप पायस छैठौंको बन्धिको साथमा पोपतन्त्रको राजनितिक समाप्तको छाप लगायो । दोस्रो २३०० दिनहरुको भविष्यवाणीको अन्तय पनि हो । जब एडभेन्ट मानिसहरुले विश्वासका साथ परमेश्वरको पुत्र महा पवित्रस्थान भित्र को प्रवेशलाई सत्यको सम्पूर्ण प्राणालीलाई पूर्ण स्थापित गर्नको लागि एउटा परमेश्वरको साँचो चरित्रलाई जान्ने र प्रतिबिम्बित गर्ने प्रदर्शन गर्ने केन्द्रको रुपमा पछ्याए । त्यसैले, हाम्रो दोस्रो स्वर्गदूतको सन्देशमा पाउँछौं १८४४ को गर्मी मौसममा दिएको "बेबिलोनको पतन भयो" भन्ने सन्देश छ । (प्रकाश १४ : ८)

एडभेन्टिष्ट अग्रजहरुको ७० हप्ताको अन्तर सम्बन्धित भविष्यसूचक अवधिको उल्था (दानिएल ९ : २५) २३०० दिनहरु (दानिएल ८ : १४) ; १२६० दिनहरु , (दानिएल ७ : २५ ; १२ : ७, प्रकाश ११ : २,३ ; १२ : ६, १४ र १३ : ५), १२९० दिनहरु (दानिएल १२ : ११) , १३३५ दिनहरु (दानिएल १२ : १२) र २५२० दिनहरु ; र दैनिक रुपमा मूर्तिपूजकहरुको प्रतिकको बुझाई १८४३ को भविष्यसूचकको महान चित्रमा झल्किन्छ । यसको विषयमा एलेनजी ह्वाटले यी कुराहरु भन्नुहुन्छ :

*सेप्टेम्बर २३, प्रभुले मलाई देखाउनुभयो कि दोस्रो पटक आफ्ना मानिसहरुको बाँचेको अंशलाई बचाउनको लागि उहाँले आफ्नो हात फैलाउनुभयो, र ती प्रयासहरु यस* ***भेलाको समयमा*** *दोब्बर हुनु पर्दछ (२५२० बर्षहरु पछि) तितरबितर हुँदा, इस्रायललाई प्रहार गरियो र फुटाइयो, तर अब भेला हुने समयमा परमेश्वरले आफ्ना जनहरुलाई निको पार्नुहुनेछ र एकजुट गर्नुहुनेछ.........* ***मैले देखे कि १८४३ को मान चित्र परमेश्वरको हातद्वार निर्देशित थियो, र तयो हो कि यो भिन्न हुनुहुँदैन ; त्यो संकेत त्यस्तै थियो जस्तो उहाँले चाहानुभएको थियो ;*** *कि उहाँको हात पूरा भयो र केहि तथ्यांकहरुमा एउटा गल्ती लुक्यो ( अस्तित्व नभएको शून्य '0' ) त्यसैले जबसम्म उहाँको हात हटाइएन यो कसैले पनि देख्न सकेन । तब मैले "दैनिकको सम्बन्धमा देखे ( दानिएल ८ : १२) कि "बलिदान" शब्द मानिसको बुद्धिले आपूर्ती गरेको थियो, र यो पदसँग सम्बन्धित छैन ; र त्यो हो* ***र प्रभुले ती व्यक्तिहरुलाई यसको सही दृश्य दिनुभयो जसले न्ययाको घडीको चर्को आवज दिएका थिए ।*** *जब १८४४, अघि, समुह देखा पऱ्यो प्राय सबैजना "दैनिक" को सही धारणामा एकजुट थिए ; तर १८४४ देखिको अन्योलमा, अन्य विचारहरुलाई अँगालेको छ, र अन्धकार र अन्योललाई पछ्याएको छ ।* (EW 74)


BABYLON
MEDIA AND PERSIA
GRECIA
PAGAN ROME
BABYLON
MEDIA AND PERSIA
GRECIA
GRECIA
A CHRONOLOGICAL CHART OF THE VISIONS OF DANIEL & JOHN.
PUBLISHED BY J.V.HIMES 14 DEVONSHIRE ST.
677
2520
677
1843
538
2300
457
457
1843
332
7
12
84
30
2520.
164
158
ROME
PAGAN ROME
PAGAN ROME
THE TEN KINGDOMS
1335
1290
45.
490
508
538
606
1299
1449
1798
508
45
1335
1843
1843
3 1/2
12
42
30
1260.
PAPAL ROME
PAPAL ROME
PAPAL ROME
MAHOMETANS
MAHOMETANS
1843 GOD'S EVERLASTING KINGDOM

१८४४ को मान चित्र

१८४४ लाई “मध्यरातको चित्कार” भनि चिनिन लाग्यो, जसलाई शामूएल स्नो (१८०६-१८९०) ले यसको महत्वलाई स्पष्ट पारे, जसले यसको आवश्यक प्रकाशलाई गर्मी मौसममा प्रस्तुत गरेका थिए।

यो भविष्यसूचकको अवधिको प्रयोगलाई पनि हिराम एड्सन (१८०६-१८८२), पहिलो व्यक्ति थिए जसलाई परमेश्वरले ख्रीष्ट अक्टुबर २२, १८४४ मा महा पवित्रस्थान भित्र प्रवेश गर्नुभएको देखाउनुभयो, २५२० बर्षहरुको भविष्यवाणीको उद्देश्यहरु र यसको दुई घिनलाग्दो कार्यहरु सँगको सम्बन्ध विस्तृत रुपमा विकाश भयो। १८४४ मा अन्तय भएको इस्रायलमा सातगुणाको दण्ड यो यो इस्रायलसँगको करारको निरन्तरताको रुपमा एडभेन्टिष्ट अभियानको एउटा स्पष्ट पहिचानको प्रमाण हो। त्यसकारण २५२० बर्षहरुको पूर्णतामा भेलाहुने समय पनि आयो (लेबी २६ : ४३-४५, यशैया ११ : ११,१२) यधपि, प्रोटेस्टटेन्ट सुधारले एडभेन्टिष्ट आन्दोलन र परमेश्वरको पुत्रको खोजीको लागि मार्ग प्रशस्त पार्न मद्दत पुऱ्याएता पनि हामी देख्छौं कि प्रोटेस्टेनटवादको नाम “जीवित” भनिएको, तर यो “मृत” छ (प्रकाश ३ : १)। यो पोप शासनको अवधि भरी उजाडस्नानमा सताइएकि स्त्रीको कथाबाट पनि स्पष्ट हुन्छ :

> “**त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो।**” (प्रकाश १२ :६)

> **तब त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो, र त्यसका बाँकी सन्तानसँग युद्ध गर्न गयो– <u>अर्थात् तिनीहरूसँग,</u>**


**<u>जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्दछन्, र येशूको गवाही दिन्छन्।</u>**" (प्रकाश १२ :१७)

प्रोटेस्टेन्टनिजम (सार्डिस) को अवधिका "केहि व्यक्तिहरु" जसले "आफ्नो वस्त्रलाई बिटुलो पार्दैनन्" (प्रकाश ३ : ४) यीनीहरु चर्चको "शेष" जनहरु हुन जसले १७९८ पछि फिलाडेलफियाको अभियानमा निरन्तर लाग्ने थिए । यी तिनीहरु हुन जसले परमेश्वरको एकमात्र पुत्रको नामलाई त्यागेनन् । (प्रकाश ३ : ७ ख) र त्यसैले विश्वासपूर्वक महा पवित्रस्थानको ढोका खोलीदिए (प्रकाश ३ : ७,८) इस्रायलसँग बाँधेको करारमा प्रवेश गर्न र पूर्ण रुपमा पूर्ण स्थापना गर्न ।

यशैया ५८ : १२-१७)

उहाँको पुत्रसँगको सम्बन्धको स्वरुप प्रकट नभएसम्म वास्तविक चरित्रलाई प्रकट गर्न असम्भव छ । एकमात्र पुत्र मात्र एउटा त्यस्तो व्यक्ति हो जसले परमेश्वरको प्रेमलाई साँचिकै पैतृक रुपमा प्रकट गर्दछ । उहाँ एकमात्र त्यस्तो व्यक्ति हुनुहुन्छ जसले नयाँ र जीवित तरिकाको माध्यमबाट साँचो सम्बन्धको समझदारी प्रणालीको माध्यमबाट महा पवित्रस्थानको बाटो खोज्दछ ।

# इसाई मण्डली इतिहासका सात मण्डलीहरु



# ६. अनन्तको सुसमाचार

"अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो।"
(प्रकाश १४ : ६)

यहूदी मानिसहरुको पमेशपवरको पुत्रलाई विश्वासपूर्वक स्वर्गीय पवित्रस्थानमा हेर्ने असक्षमता र इसाई संसारको पवित्रस्थान तर्फको निरन्तर यात्रामा असक्षमताको कारण मानवजातिलाई एक विभाजीत सुसमाचारको साथ छाडीदियो । यहूदी र अन्यजातिहरु बीचको फाटोको पर्खाल भत्काउने घटना नै कूसको अघि सुसमाचारलाई व्यवस्थाको प्रणाली र त्यसपछिका अनुग्रहको प्रणालीको विभाजन गर्न प्रयोग गरिएको थियो । अगमवाणीको आत्माले यो समस्यालाई निम्न शब्दहरुमा व्यक्त गर्दछ :

*त्यसबेला देखि **पिता र पुत्रलाई अलग** गर्न शैतानको विशेष प्रयास भएको छ । उसले यहूदीहरुलाई रुनको निम्ति डोहोऱ्यायो, **व्यवस्था : पिता ! हे पिता पुत्रबाट टाढा हुनुहोस् !**.... तर जब मानिसहरुले पुत्रमाथि विश्वास गर्न थाले, र ईश्वरीय प्राप्त - येशूको चेलाहरुको ओठबाट - गर्न थाले, शैतानलाई लाग्यो कि **उसले अरु केहि गर्नु आवश्यक छ** त्यसैले उसले मानिसहरुलाई **पिता र उहाँको व्यवस्थालाई अस्वीकार** गर्न नेतृत्व गर्ने दृढ संकल्प गऱ्यो ....**दाबी गरिएको इसाईहरुलाई रुवाउँदै "येशू, येशू !व्यवस्था देखि टाढा हुनुहोस् ।" उसको छलीको कारण, मानिसहरु स्वर्ग र पृथ्वीमा उहाँको शासनको जग, उहाँको व्यवस्था पालन गरेर परमेश्वरको महिमा गर्न असफल हुने थिए। पुरानो करारमा येशूको आगमनको बारेमा समावेश गरिएको भविष्यवाणीहरु***

***अब सानो (साधरण) बनेको छ । अहिले तयो चर्को आवाज हो "ख्रीष्ट, ख्रीष्ट ! सुसमाचार सुसमाचार !" तर सुसमाचार बाइबल भरी उत्पति देखि प्रकाश सम्म सिकाइएको थियो...प्रत्येक पुरानो प्रबन्धको कार्य भनेको मानिसहरुलाई पापबाट हटाउन वा उनीहरुलाई क्षमा दिन आउनेवाला मुक्तिदाताको सन्दर्भमा गरिएको थियो ।*** *एक फङ्को मार्ने ढुङ्गा हुनुहुन्थ्यो जसबाट मानिसहरु उचालिने थिए । मोसाले जस्तो* ***नयाँ प्रबन्धमा इसाई संसारले यो सुने,*** *"हे पितासँग टाढा हुनुहोस् : व्यवस्थाबाट टाढा हुनुहोस् !" ऊ अचम्मले भरिए ।* ***के मानिसहरुले उहाँको व्यवस्थालाई तुच्छ ठानी परमेश्वरको आदर गर्छन ?*** *शैतानको विशेष कार्यको रुपमा पिता र पुत्रलाई अलग गर्नु थियो, त्यसैले उसले इसाई संसारको आँखालाई अन्धा तुल्याएको छ कि तिनीहरु पिता र उहाँको व्यवस्थाबाट तर्किन्छन् र* ***सम्पूर्ण रुपमा ख्रीष्टमा भरोसा गर्दछन्*** । ( Ms 69-1912 : Par 40-44)

सुसमाचार अनन्तको छ ! यो दुवै नयाँ र पुरानो प्रबन्धमा प्रयोगमा आयो नयाँ र पुरानो समयको कारण भनेको मानवजातिको महा पवित्रस्थान तर्फको परमेश्वरको चरित्रलाई जान्ने सामुहिक यात्राको झलक हो । जब परमेश्वरका जनहरुले उहाँमाथि विश्वास गर्न र विश्वासद्वारा उहाँको पुत्रको धार्मिकता स्वीकार गर्न इन्कार गर्दछन्, तिनीहरु पुरानो करारको अनुभवमा रहनेछन जुन न्यायलय वा पवित्रस्थानको उत्तम कराले प्रतिनिधित्व गर्दछ ; मानव इतिहासको कुनै समयअवधि बावजुद ।

जुन मानिस आफू नयाँ करारमा छ भनि विश्वास गर्दछ जबकि ऊ वास्तवमा पुरानामानै रहन्छ भने, केवल पुरानो करार र नयाँ करारको प्रबन्धलाई सामुहिकको प्रतिबिम्बित देख्नेछ, तर मानवजातिको व्याक्तिगत यात्रा होइन । जब कुनै व्यक्तिले परमेश्वरको साँचो चरित्रको सन्दर्भमा नयाँ करारको वास्तविकतालाई अनुभव गरेको छैन्, नयाँ करारको पठन पढनु भनेको कूसको अघि र पछिको अवधि सम्बन्धित प्रबन्धलाई बुझ्नु मात्र हो । तर जब एक व्यक्तिले उसको आफ्नो


हृदयमा भएको परिवर्तनलाई खीष्टको कूसको प्रतिकियाको रुपमा देख्दछ, उसको दुई करार प्रतिको धारणा दुई हृदय अनुभवहरु हुन्छन् । उहाँको बुद्धिमा, परमेश्वरले आफ्ना जनहरुको पुरानो करारको सोचलाई प्रयोग गर्नुहुन्छ, जहाँ तिनीहरु उहाँको आज्ञाहरु आफैमा भरपरी पालना गर्ने प्रतिज्ञा गर्नेछन् । तिनीहरुलाई नयाँ करारमा डोहोऱ्याउनको लागि जहाा तिनीहरु आफ्नो सबै प्रतिज्ञाहरु पूरा गर्न उहाँमाथि भरोसा राख्छन् । पुरानो करारको महिमित सेवाकाइले मानिसको पापीपनलाई देखाउन उसको पापपूर्ण सोचलाई झल्काउँदछ, तसर्थ उसलाई परमेश्वरको पुत्र र उहाँको धार्मिकताको आवश्यक्ता देखाउन, जब यो एकपटक प्राप्त हुन्छ, उसलाई महा पवित्रस्थानमा परमेश्वरको यनसाफको लागि तयार गर्दछ, किनकि यो त्यस्तो बेला हो जब उसले परमेश्वरको साँचो चरित्रलाई चिन्न सक्छ :

> "तर **मृत्यु ल्याउने व्यवस्थाका अक्षरहरू ढुङ्गामा खोपिएका थिए।** त्यो व्यवस्था यस्तो महिमामय भएर आयो, कि त्यसको तेजले गर्दा इस्राएलीहरूले मोशाको अनुहार हेर्न सकेनन्, यद्यपि त्यो तेज हराउँदै जाँदैथियो। पवित्र आत्माको सेवा कसरी अझ बढ़ी महिमामय नहोला **किनभने दोषी ठहराउने व्यवस्था महिमामय थियो भने**, **धर्मी ठहराउने सेवा ज्यादै बढ़ी महिमामय हुन्छ।**" (२ कोरिन्थी ३ : ७-९)

जब उहाँ आउनुहुनेछ, उहाँले संसारलाई पाप (१) पाप र (२) धार्मिकता र (३) इन्साफको बारेमा सुधार गर्नुहुनेछ : (यूहन्ना १६ : ८) अगमवाणीको आत्माबाट उदधृत गरिएको खण्डबाट हामी देख्नसक्छौं कि, परमेश्वरका जनहरुलाई करारहरु बीचको सुमधुर सम्बन्धको दृष्टिकोण राख्नको लागि, तिनीहरुले पिता र पुत्रलाई अलग गर्नु हुँदैन् । इसाई धर्मत्यागको समयमा शुरु भएको त्रिएक परमेशवरको

शिक्षाले (इसाई युगको चौथो शताब्दीमा) खीष्टको वास्तविक पुत्रत्वलाई इनकार गर्दछ, तसर्थ सुसमाचारको फाटोको लागि उत्तम जग शैतानलाई दिन्छ । तसर्थ, प्रबन्धको लागि इसाईहरुका पुरानो करारको सेवाकाइलाई अस्वीकार गरिएको छ, र यसलाई व्यवस्थको माध्यमबाट पापी मानिसको अन्तस्करणलाई मनाउने अधिकार हटाइयो र इसाईहरुले अनुग्रहमा भर पर्न थाले । तर अनग्रह त्यस्तो अवस्थामा मात्र दिन सकिन्छ जब त्यहाँ पापीपनाको सचेतना हुँदछ :

जति धेरै **व्यवस्था आयो** र अपराधको बृद्धि भयो, तर **जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो** : (रोमी ५ : २१)



व्यवस्था र सुसमाचारको बीचको यो बचाउने (मुक्ति) सम्बन्ध केवल पिता र पुत्रको बीचमा रहेको ईश्वरीय सम्बन्धमा मात्र बुझ्न सकिन्छ, जहाँ पहिलो स्रोत (मूल) हो र दोस्रो माध्यम (फल) :

> "तर हाम्रा निम्ति त एउटै परमेश्वर पिता हुनुहुन्छ, **जसबाट** सबै थोक हुन आए, अनि उहाँकै निम्ति हामी जिउँदछौं– हाम्रा निम्ति एउटै प्रभु, येशू ख्रीष्ट हुनुहुन्छ, जसद्वारा सबै कुरा हुन आए, र **जसद्वारा** हामी जिउँदछौं।" (१ कोरिन्थी ८ : ६)

*धेरै.... जनाले पुरानो करारलाई अलग राखछन्,..पुरानोलाई इन्कार गर्दा उनीहरुले नयाँलाई वस्तुत : तिरस्कार गर्दछन् ; दुवैको लागि पूर्णतया अलग गर्न नमिल्ने अँशहरु हुन् । कुनैपनि व्यक्तिले परमेश्वरको व्यवस्थालाई बिना सुसमाचार प्रस्तुत गर्न सक्दैन । व्यवस्था भनेको सुसमाचारको स्मारक हो, र सुसमाचार खुला गरिएको व्यवस्था हो । **व्यवस्था जरा हो भने**, सुसमाचार सुगन्धित सुगन्ध र फल्ने फल हो ।* (COL 128.2)

यो किनभने एक समान स्रोत मानिने दुई तत्वले दिमागमा प्राकृतिक द्वन्द्व निम्त्याउँदछ जस्तै कसरी एकअर्कासँग सम्बन्धित गराउने भनेर । त्रिएकले रहस्यमय तत्वको साथमा यो संकटको पार गर्दछ - तपाई केवल यसलाई स्वीकार मात्र गर्नुहुन्छ र अलमल्ल र द्वन्द्व तपाईको दिमागमा बिना जानकार रहनेछ ।

सन् १८४४ मा एडभेन्टिष्टहरुले खीष्टलाई विश्वासद्वारा महा पवित्रस्थान भित्र पछ्याए र परमेश्वरको पवित्र सन्दुकलाई दशआज्ञालाई सहित देखे जसमा उनीहरुले बिस्तारै तोडिदै गरेको चौथो आज्ञालाई पनि देखे । प्राचिन इस्रायललाई जस्तै उनीहरुलाई पापको निम्ति र उनीहरुको व्यवस्थालाई आफ्नै शक्तिमा राख्न असमर्थता महसुस गर्न र

ख्रीष्टको धार्मिकतामा विश्वास गरेर अडान लिन आमन्त्रित गरिएको थियो, जुन व्यवस्थाको एकमात्र साँचो पूर्ति हो । दुर्भाग्यवस यो भएन्, र एडभेन्टिष्ट व्यक्तिहरुले प्राचिन इस्रायलको पुानो करारको अनुभवलाई दोहोऱ्याउँदै उनीहरुले आफ्नो शक्तिले व्यवस्था पालन गर्न खोजीरहेका थिए । यस विरासतले तिनीहरुलाई परमेश्वरको धार्मिकता र अग्निमय प्रेमको स्रोतबाट अलग गऱ्यो र चाँडै उनीहरुलाई लाउडिकियाको सुस्तता र आत्मसंयमको स्थितिमा राख्यो । (प्रकाश ३ : १४-२२) उनीहरुलाई यस अवस्थाबाट बाहिर निस्किन मद्दत गर्न, उहाँको महान कृपामा सन् १८८८ - १८९५ बर्षहरुमा परमेश्वरले एल्डर ए.जी. वाग्नर (१८५५-१९१६) र ए.टी. जोन्स (१८५० - १९२३) मार्फत एउटा सन्देश पठाउनुभयो ।

*दाजु-भाई दिदी-बहिनीहरु के हामी सबैजनाले आफ्नो भारी त्यहाँ छोड्दैनौं र ? र जब हामी यो बैठकलाई छोड्दछौं भने यो हाम्रो आत्मा भित्र सतयता जलेको जस्तो हुनेछ जसरी आगो हड्डीमा सल्किन्छ । तपाईले त्यस्ता व्यक्तिहरुलाई भेटाउनुहुन्छ जसले भन्नेछन "तपाई यस विषयमा ज्यादा उत्साहित हुनुहुन्छ । तपाई धेरै गम्भिरतामा हुनुहुन्छ । तपाई ख्रीष्टको धार्मिकतामा पुग्नु आवश्यक छैन, र यसको बारेमा धेरै चर्चा गर्नु पर्दैन । मात्र व्यवस्थालाई प्रचार गर्नुपर्छ ।" मानिसको रुपमा गिलबोवाको पहाड  जत्तिकै सुक्खा नभएसम्म न शित न वर्षा भएसम्म हामीले व्यवस्थाको प्रचार गऱ्यौं ।* ***हामीले व्यवस्थामा ख्रीष्टको प्रचार गर्नुपर्दछ र प्रचारमा सार र पोषण (अनुग्रह) हुनेछ जुन परमेश्वरको भोकाएको बगालको निम्ति खाना हुनेछ । हामीले हाम्रो आफ्नै योग्यतामा भर पर्नु हुँदैन (स्वतन्त्र जीवन स्रोत), तर नासरतका येशूका गुणहरुमा । हाम्रो आँखा मलहम लगाई अभिषेक गर्नुपर्दछ । ( लाउडेकियालाई सन्देश) हामी परमेश्वरको नजिक जानुपर्दछ र उहाँ हाम्रो नजिक आउनुहुनेछ, यदि हामी उहाँको आफ्नै तरिकामा आउँछौं भने ।*** *त्यसो भए पेन्टिकोसको दिन पछि चेलाहरुले गरेजस्तै तपाई पनि अगाडि*

*बढ्न सक्नुहुन्छ र तपाईको सांक्षीले जीवित औंठी पाउनेछ र मानिसहरु परमेश्वरमा परिवर्तन हुनेछन् ।* ((RH March 11, 1890, par.13)

*यो सन्देशले संसारको अघि, महिमित मुक्तिदाता, सारा संसारको पापहरुको निम्ति बलिदान, अझ स्पष्टताको साथ ल्याउनु थियो । यसले निश्चिततामा विश्वासद्वारा धार्मिकतालाई प्रस्तुत गर्दछ ; यसले मानिसहरुलाई ख्रीष्टको धार्मिकता ग्रहण गर्न आमन्त्रित गर्‍यो,* ***जुन परमेश्वरको सबै आज्ञाहरुको आज्ञाकारीतामा प्रकट गरिएको छ ।*** (TM 91.2)

वागनरको करारहरुको सम्बन्धित अडानहरुमा कूसको अगाडी र पछाडी तिनीहरुको एकात्मकता सम्बन्ध स्पष्टसँग देखाउँदछ । उसले करारको प्रबन्धको दृश्यलाई अस्वीकार गर्दछ र त्यसको सट्टामा तिनीहरुलाई प्रत्येक व्यक्तिको अनुभवमा प्रयोग गर्दछ :

*म दोहोर्‍याउँदछु ; कि विश्वासद्वारा धार्मिकता भनेको त्यस्तो कुरा हो जुन प्रत्येक व्यक्तिले आफैले अनुभव गर्नुपर्छ । ख्रीष्टको पहिलो आगमनमा भएका हजारौंलाई यस अनुभवको केहि थाहा थिएन, जबकि हजारौं जो उहाँ आउनु भन्दा अघि लामो समयसम्म जीवित थिए, र उनीहरुलाई वास्तवमा क्षमाको निम्ति ख्रीष्टकहाँ ल्याइएको थियो, र तिनीहरुले यो पाएका थिए ....* ***र यसले अत्यन्त सकारात्मक रुपमा प्रमाणित गर्दछ कि प्रेरित, गलातीहरुको तेस्रो अध्यायमा, व्यक्तिगत अनुभवको कुरा गरिएको छ , प्रबन्ध परिवर्तनको होइन । त्यहाँ कुनै इसाई अनुभव धार्मिकताको घोषणा, धार्मिकता हुन सक्दैन, यो कुनै व्यक्तिगत कुरा होइन ।*** *मानिसहरु व्यक्तिगत रुपमा बचाइनेछन् राष्ट्र वा जातिगत रुपमा होइन....* (E.J. Waggoner, Gospel in Galatians, (1888 r.), P.45)

जब जोन्स र वागनरले बाँडेका सन्देशलाई चर्चका अगुवाहरुले अस्वीकार गरे, एलेन ह्वाटले वागनरले प्रयोग गरेका एकात्मकता स्थितिलाई समर्थन गरे :

*अघिल्लो रात प्रभुले* ***मलाई देखाउनुभयो*** *जुन* ***करारका सम्बन्धमा प्रमाणहरु स्पष्ट र विश्वस्त थिए ।*** *तिमी आफै (उरायास्मिथ) भाई डेन जोनस, भाई पोर्टर, र अनयहरुले तिम्रो अनुसन्धान शक्ति खर्च गरिरहेका छन् कि भाई वागनरले* ***प्रस्तुत गरेको अडान भन्दा एक फरक भिन्न अडान लिनु .. करारको प्रश्न एक स्पष्ट प्रश्न हो र हेरक स्पष्त, अप्रभावित दिमागले प्राप्त गर्दछ, तर मलाई त्यहाँ ल्याइएको थियो जहाँ प्रभुले मलाई यस विषयमा अन्तर्दृष्टि दिनुभयो ।*** (Lt 59–1890 . 18,19)

यस सन्दर्भमा, ए.टि. जोन्सले खीष्टलाई एक अनन्त पुजाहारीको रुपमा पैतिनिधित्व गरे जसको सेवा मानव जातिको पापी इतिहास भरी नै उपलब्ध थियो, तर तथाकथित नयाँ कराको प्रबन्धमा मात्र होइन :

*त्यो (पृथ्वीको पवित्रस्थान) यो सत्य हो, यसले खीष्टको पुजाहारीको दललाई प्रतिनिधित्व गऱ्यो, तर ....* ***के हामी खीष्टको पुजरीत्व प्रतिनिधित्वलाई टाढाको कुरा भनौं ? अहँ, होइन ।*** *यरुशलेममा रहेको त्यो पुजाहारीको दलले उजाडस्थानको पवित्रस्थानमा मल्किसेदेकको आज्ञा पछि अस्तित्वमा रहेको पुजारीत्वलाई प्रतिनिधित्व गऱ्यो ? मल्किसेदेक जस्तै तिमी सदाको लागि पुजाहारी बन्ने छौ ? होइन, होइन ।* ***"तपाई मल्किसेदेकको आदेश पछि सदाको लागि पुजाहारी हुनुहुन्छ ।"*** *के मल्किसेदेक आब्राहमको समयमा पुजाहारी थिएनन् ? र मल्किसेदेकको आदेश पछि सँधै खीष्टको पुजारीत्व छैन र ? त्यसोभए,* ***के तपाई देख्नुहुन्न कि इस्रायललाई दिइएको सम्पूर्ण सेवा प्रणालीले उनीहरुलाई खीष्टको उपस्थिति र त्यसबेलाको मानिसहरुको उद्धारको लागि सिकाउनु थियो,*** *(पुरानो करार प्रबन्धमा सुसमाचार उपस्थिति थियो ) र तिनीहरुको आत्माको उद्धारको लागि सिकाउनु थियो, (पुरानो करारको प्रबनधमा सुसमाचार थियो) र तिनहिरुको आत्माको उद्धारको लागि १८०० बर्ष वा २००० बर्ष वा ४००० बर्ष टाढा छैन ? पक्कै पनि त्यस्तै हो ।* (GC B /GCD 1895,P.477.6,7)

उहाँ अनन्तकालमा जन्मिएका परमेश्वरको पुत्रको रुपमा पुजाहारी हुनुहुन्छ भन्ने तथ्यबाट पवित्रशास्त्रले ख्रीष्टको अनन्त पुजाहारीको पद प्रस्तुत गर्दछ :

> **"ख्रीष्टले पनि प्रधान पूजाहारी हुन आफैले आफैलाई उच्च पार्नुभएन, तर उहाँलाई यसो भन्नुहुनेबाट नियुक्त हुनुभयो, "तिमी मेरा पुत्र हौ, मैले नै आज तिमीलाई जन्माएको छु।"** (हिब्रु ५ : ५)

१८८८ को सन्देशको परिणामले अझ बढी प्रकाश ल्यायो र एलेन ह्वाटले ख्रीष्टको पुजाहारी वर्गको बारेमा उनको दृष्टिकोणलाई कायम राख्दै अनन्त सुसमाचारको प्रसङ्गमा राखे :

***मानिसले पाप गर्ने बित्तिकै*** *ख्रीष्टको पुजाहारीको काम शुरु भयो । उहाँलाई* ***मल्किसेदेकको आदेश पछिको पुजाहारी बनाइयो*** *।* (Ms 43b-189.5)

सन् १८८८ पछिको बर्षहरुमा एडभेन्टिष्ट मानिसहरुले यस अनन्त सुसमाचारको लागि ढोका बनद गरे आफूलाई र सम्पूर्ण संसारलाई परमेश्वरको चरित्रको ज्योतिबाट बञ्चित गरे जुन यो महा पवित्रस्थानमा देखा पर्दछ । जबसम्म हामी अनन्त सुसमाचार बाहिर खडा हुन्छौं, प्रभु हामीसाग पुरानो करारको मृत्युको भाषामा बोल्नुहुनेछ, जहाँ व्यवस्थाले हाम्रो प्रकृतिक अनुहार प्रतिबिम्बित गर्दछ र हामीलाई स्वर्गमा हुनुहुने हाम्रो पितासँग डराउने बनाउँछ । यहि कारणले पहिलो स्वर्गदूतको सन्देशको शुरुवात अनन्तको सुसमाचार भएको स्वर्गदूतको वर्णनबाट शूरु हुन्छ । अनन्तको सुसमाचार १८८८ को सन्देशमा सिकाइएको कराहरुको सहि बुझाईमा आधारित छ। यो बुझाइए बिना बाँकी रहेको पहिलो स्वर्गदूत, र त्यस्तै दोस्रो र तेस्रो स्वर्गदूतको ढाँचालाई सहि अर्थमा बुझ्न सकिन्दैन ।

## ७. परमेश्वरसँग डराउनु

*तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"* (प्रकाश १४ : ७)

प्रभुले हामीलाई क्षमा दिन कूसमा उहाँको पुत्रको मृत्यु हुन आवश्यक छ भन्ने कुरा बुझ्नेहरु अझै पनि पवित्रस्थानको चोकमा छन्, जहाँ "बेकारका बलिदानहरु " दिइन्छ, र जहाँ गोडा धुने बाटाको ऐनाको तस्बिरले (प्रस्थान ३८ : ८) आफ्नै अनुहार प्रस्तुत गर्दछ (याकुब १ : २३) जसलाई उनीहरु परमेश्वरको मान्दछन् (भजनसंग्रह ५० : २१) । पहिलो स्वर्गदूतको सन्देश यस्तो धारणा भएका मानिसहरुलाई सम्बोधन गरिएको छ, र त्यसैकारणले यसले "परमेश्वरसँग डराउनु" भन्ने शब्दबाट शुरु हुन्छ । यदि, आदम जस्तै, म विश्वास गर्दछु कि परमेश्वर म जस्तु हुनुहुन्छ भने, म उहाँसँग साँचैकै डराउनु पर्छ र मेरो आफ्नै सिद्धान्तको "झाडी" मा लुक्नु पर्छ । तर यदि हामी व्यवस्थाद्वारा मृत्युको प्रकृयाको कार्यपद्दतिलाई हाम्रो पापलाई स्वीकार गराउन अनुमति दिँदछौं भने, जसले गर्दा हामी परमेश्वरको पुत्रको खोजी गर्छौं, त्यस्तो अवश्थामा "परमेश्वरसँग डराउनु" हाम्रो लागि बुद्धिको शुरुवात बन्नेछ :

"परमप्रभुको भय **बुद्धिको सुरु** हो, उहाँका आदेशहरू पालन गर्नेहरूको समझशक्ति ठीक हुन्छ, उहाँको प्रशंसा सधैँभरि रहिरहन्छ।" (भजनसंग्रह १११ : १०)

"परमप्रभुको भय मान्नु नै बुद्धिको सुरुआत हो,
र परमपवित्रको ज्ञान नै समझशक्ति हो। "
(हितोपदेश ९ : १०)

परमेश्वरको बुद्धिको ज्ञान परमेश्वरको पुत्रको ज्ञानबाट शुरु हुन्छ, किनकि उहाँ परमेश्वरको बुद्धि हुनुहुन्छ (१ कोरिन्थी १ : २४)

म **बुद्धिमानपूर्वक** विवेकका साथ बस्छु, र रमाइलो आविस्कारको ज्ञान फेला पार्छु.....

"म बुद्धि हुँ, सावधानीसित म बसोबास गर्दछु, मसँग ज्ञान र विवेक छन्। "परमप्रभुले सृष्टिको प्रारम्भमा नै मलाई सृजनुभयो, उहाँका आदिका सबै कामहरूभन्दा पहिले नै। अनन्तदेखि नै मेरो नियुक्ति भएको थियो, सबैभन्दा पहिले, संसार सुरु हुनुभन्दा पनि पहिले नै। महासागर नहुँदै **मेरो जन्म भएको** थियो, पानीले भरिएका खोला-नालाहरू हुनुभन्दा अघि नै। पर्वतहरू आ-आफ्नो स्थानमा स्थापित हुनुभन्दा पहिले नै, **पहाड़हरूभन्दा अघि नै मेरो जन्म भएको थियो।** उहाँले पृथ्वी वा यसका जमिन, वा संसारमा धूलाको कण बनाउनुभन्दा अघि नै म सृजिएको थिएँ। उहाँले आकाशलाई त्यसको ठाउँमा बसाल्नुहुँदा, र महासागरलाई क्षितिजले घेर्नुहुँदा, म त्यहाँ थिएँ। उहाँले बादललाई आकाशमा स्थापित गर्नुहुँदा, र महासागरका मूलहरूलाई तिनीहरूका स्थानमा दृढ़सँग बसाल्नुहुँदा, उहाँले समुद्रको सिमाना तोकिदिनुहुँदा– उहाँको आज्ञाभन्दा बाहिर नाघी पानी नजानलाई– र उहाँले

पृथ्वीका जगहरू बसाल्नुहुँदा, म एक कारीगरझैँ उहाँको छेउमा थिएँ। म दिनहुँ हर्षले विभोर हुन्थें, उहाँको उपस्थितिमा निरन्तर आनन्दित भइरहन्थें। " (हितोपदेश ८ : १२, २२-३०)

*ब्रह्मण्डको सर्वभौम उहाँको फाइदाको काममा मात्र सिमित थिएन । "आदीमा वचन थियो र वचन परमेश्वरसँग थियो, र वचन, परमेश्वर हुनुहुन्थ्यो । उही शुरु देखि परमेश्वरसँग हुनुहुनथ्यो ।" (यूहन्ना १ : १,२)* ***ख्रीष्ट, वचन, परमेश्वरको एकमात्र पुत्र, अनन्त पितासाग एक हुनुहुन्थ्यो - उहाँ स्वभावमा, चरित्रमा, उद्देश्यमा - केवल एकमात्र व्यक्ति जसले परमेश्वरको सबै सल्लाह र उद्देश्यहरुमा प्रवेश गर्न सक्दछ...र परमेश्वरको पुत्र आफैले घोषणा गर्नुहुन्छ आफ्नो कामको शुरुवातमा : "परमेश्वरले पुरानो कामहरु भन्दा पहिले नै मलाई ग्रहण गर्नुभयो । म सदाको लागि स्थापित भएको थिएँ......जब उहाँले पृथ्वीको जग स्थापना गर्नुभयो : त्यसपछि म उहाँद्वारा भए जस्तै म उहाँद्वारा हुर्के : र म दैनिक उहाँको खुशी थिए, सँधै उहाँको अघि रमाउँथे ।"*** *हितोपदेश ८ : २२-३० ।* (PP 34.1)

जब उहाँको पुत्रलाई अनन्तताको लागि ल्याउनुभयो, उहाँ अगापे प्रेममा परमेश्वरले उहाँलाई सबै कुरा दिनुभयो :

> "मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पिताबाहेक पुत्रलाई कसैले चिन्दैन, र पुत्रबाहेक पितालाई कसैले चिन्दैन, अनि तिनीहरूले पनि चिन्छन् जसलाई पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्दछ।" (मत्ती ११ : २७) "पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबै थोक उहाँकै हातमा दिनुभएको छ।" (यूहन्ना ३ : ३५)

"उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो," (कलस्सी १ : १५,१९)

"तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्‌वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्‌वारा नै समस्त सृष्टि रच्नु पनि भयो। उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ। पापको शुद्‌धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्‌टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो। जसरी उहाँले प्राप्त गर्नुभएको नाउँ स्वर्गदूतहरूका भन्दा उत्तम छ, त्यसरी नै उहाँ तिनीहरूभन्दा अझ उच्च ठहरिनुभएको छ।" (हिब्रु १ : २-४)

पिताको मुहारमा ब्रह्मण्डले आज्ञाकारिताको उदाहरणलाई देख्न सकदैन किनकि उहाँ आफैमा उहाँसँग कोही छैन जसमा उहाँ सम्पिनु हुन्छ, यसैले सबैथोक सृष्टि हुनु भन्दा पहिले परमेश्वरले उहाँको पुत्रको जन्म दिनुभयो । त्यसपछि उहाँले सबै कुरा उहाँ मार्फत सृष्टि गर्नुभयो, र पुत्रको अनुहारमा, सबै सृष्टि गरिएका प्राणीहरुको अज्ञाकारिता, कृतज्ञता र प्रेमको उत्कृष्ट उदाहरण थियो । त्यसैकारण म येशू नै "बाटो सत्य र जीवन हुनुहुन्छ : (र) उहाँ बाहेक कसैद्वारा पिताकहाँ आउन सक्दैन,

(यूहन्ना १४ : ६) यसरी परमेश्वरले आफ्नो आत्मा आफ्नो पुत्र मार्फत सबै सृष्टिलाई दिन सक्नुहुन्छ, जुन उहाँले शक्ति र अधिकारको विषयमा, सबैभन्दा उच्चमा हुन चाहने खतरालाई ख्याल गर्दै (जस्तै शैतान) सुरक्षितसाथ उपलब्ध गराउनु हुन्छ :

***येशूलाई हेर्दा हामी देखन सक्छौं कि यो दिनु हाम्रो परमेश्वरको महिमा हो। "म आफैले केहि गर्दिन्" भनि खीष्टले भन्नुभयो ; "जीवित पिताले मलाई पठाउनुभयो। र म पिताद्वारा बाँचिरहेको छु।" "म आफ्नै सम्मान खोज्दिन," तर उहाँको महिमा जसले मलाई पठाउनुभयो। यूहन्ना ८ : २८, ६ : ५७, ८ : ५०; ७ : १८। यी शब्दहरुमा महान सिद्धान्त स्थापित गरिएको छ जुन ब्रह्मण्डको लागि जीवनको व्यवस्था हो। सबैकुरा खीष्टले परमेश्वरबाट प्राप्त गर्नुभयो, तर त्यो दिनको लागि लिनुभयो। त्यसैले गर्दा स्वर्गीय अदालतहरुमा, सबै सृष्टि गरिएकाहरुमा उहाँको सेवकाई : प्रिय पुत्र मार्फत, पिताको जीपन सबैमा बहन्छ ; पुत्र मार्फत यो प्रशंसा र रमणिय सेवामा, सबैको महान स्रोतमा एउटा प्रेमको मुहानमा फर्किन्छ। र यसैले खीष्ट मार्फत लाभको परिक्रमा पूरा हुँदछ, जसले जीवनको व्यवस्था दिनुहुने महान दाताको चरित्रको प्रतिनिधित्व गर्नुहुन्छ।*** (DA 21.2)

केवल साँचो जन्मिएको अनन्तकालको परमेश्वरको पुत्रले मात्र पिताको अगापे प्रेमलाई प्रकट गर्दछ, किनकि यो प्रेम इरोस लब (eroslove) भन्दा भिन्न छ, जसले केहि पाउने आशा होइन तर मूल्य दिने गर्दछ। यो सँधै दिइरहने हो र लिनुको आवश्यक्ता पर्दैन, किनकि यो पूर्ण रुपमा यसको आफ्नै मूल्यमा स्थिर छ, र यसरी पिताले खीष्ट मार्फत उहाँको सृष्टिमा काम गर्नु हुन्छ ; खीष्टलाई "परमेश्वरको शक्ति" बनाउँदै (१ कोरिन्थी १ : २४)। जीवन प्राप्त गर्नुको अर्थ के हो र जीवन दिनको अर्थ के हो भन्ने कुरा खीष्टलाई अचम्म र राम्ररी थाहा छ र यसैले खीष्ट ब्रह्मण्डलाई सँगै च्यापेर राख्न गम बन्नुहुन्छ- "सबै थोक उहाँद्वारा आए" (कलस्सी १ : १७)। खीष्ट अगापे पुत्र निःस्वार्थ) अनन्त जीवनको साँचो (चाबी) हुनुहुन्छ :

"तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु।" -(मत्ती ३ : १७)

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" (यूहन्ना ३ : १६)

"येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्ने हरेक परमेश्वरको बालक हो। जसले बाबुलाई प्रेम गर्छ उसले तिनको छोरालाई पनि प्रेम गर्छ।" (१ यूहन्ना ५ : १

जब खीष्टलाई पिताबाट स्वतन्त्र ईश्वरत्व प्राप्त गरिएको रुपमा प्रस्तुत गरिन्छ, परमेश्वरको ईश्वरत्वमा उहाँको स्थितिलाई शक्तिको आधारमा निर्धारण गरिन्छ । यो एक शक्ति हो १ कोरिन्थी १ : २४ मा भनिएको जस्तो परमेश्वरको बुद्धि होइन, तर शैतानको भ्रष्ट सोचाइमा खीष्टको त्रिएकको बुझाईले परमेश्वरको अगापे प्रेमलाई ध्वस्त पार्छ यसलाई इरोसको साथ मिलाएर क्याथोलिक चर्चका प्रमुख आफैले भन्नुभएको छ :

*परमेश्वर सबै प्राणीहरुको पूर्ण र परम स्रोत हुनुहुन्छ ; तर खीष्टको यो सार्वभौमिक सिद्धान्त - लोगोस, आदिम कारण- त्यहि समयमा यो एक साँचो प्रेमको सबै जोसको साथ एक प्रेमि हो । (प्रेम भोगी)* ***इरोस यति सर्वोच्च आत्मासम्मानित छ, यधपि यसलाई यतिको शुद्ध गरिएको छ जस्तो कि यो अगापे सँग एक बन्नेछ ।*** (Pope Benedict IX Encyclical Letter, 2005, Deus Caritas Est "God is Love")

त्यसैकारण, "परमेश्वरसँग डराओ" भन्ने बोलावटको पहिलो स्वर्गदूतको सन्देशले हामीलाई परमेश्वरको पुत्रलाई उहाँ जस्तो हुनुहुन्छ त्यस्तै स्वीकार गर्न आह्वान गर्नुहुन्छ ताकि हामी उहाँलाई अनुकरण गर्न सकौं र परिवर्तन गर्न अगापेको माध्यमहरु बन्न सक्छौँ ; जसले हामीलाई परमेश्वरको सुन्दर चरित्र अनुसार परिवर्तन गर्दछ ।

> "उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए।तब सामरी स्त्रीले उहाँलाई भनी, "तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ" यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्।) येशूले त्यसलाई भन्नुभयो, "तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।" त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईंसित उघाउने भाँड़ो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ ।" (यूहन्ना ४ : ८-११)

अनन्त करारको सर्न्दभमा पहिलो स्वर्गदूतले बोलेको पहिलो शिक्षा भनेको साँचो परमेश्वरको आराधनाको बोलावट हो । यो परमेश्वर आफ्नो एकमात्र पुत्रको माध्यमबाट प्रकट हुनुभएको छ, र पिताको प्रेम उहाँले आफ्नो पुत्रलाई देखाउने प्रेमले परिभाषित गरेको छ । यो परमेश्वरको पुत्रको उत्तराधिकार हो जसले पिताको अगापे वास्तविक हो भनेर प्रमाणित गर्दछ पिताको सम्पूर्ण ईश्वरत्वको पूर्णता पुत्रको हक हो । यसरी साँचो पिता र पुत्रको सम्बन्धले परमेश्वरको अगापेको अर्थलाई परिभाषित गर्दछ र परमेश्वरको चरित्रलाई बुझ्नको लागि गह्रो छ, त्यसैले हामीलाई उहाँको महिमा दिन अनुमति दिन्छ ।

# ८. उहाँलाई महिमा देओ

> "तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र **उहाँलाई महिमा देओ।** किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" (प्रकाश १४ : ७)

परमेश्वरको महिमा उहाँको चरित्र हो र व्यवस्था यस चरित्रको प्रतिलिपी हो ।

> "तिनले भने, "अब **मलाई तपाईंको महिमा देखाउनुहोस्।"** उहाँले भन्नुभयो, "**म तेरै सामुन्ने मेरो सारा श्रेष्ठता देखाउनेछु, र तेरै सामुन्ने 'परमप्रभु' नाउँको घोषणा गर्नेछु।** जसलाई म अनुग्रह गर्न चाहन्छु त्यसलाई म अनुग्रह गर्नेछु। जसलाई म कृपा देखाउन चाहन्छु, त्यसलाई म कृपा देखाउनेछु।" (प्रस्थान ३३ : १८-१९)

> "तब मोशाले पहिलेकै जस्तो **ढुङ्गाका दुई वटा पाटी** काटेर परमप्रभुले आज्ञा गर्नुभएझैं बिहान सबेरै उठी सीनै पर्वतमा उक्ले। तिनले आफ्ना हातमा ती दुई वटा शिला-पाटी पनि लगे। अनि परमप्रभु बादलमा ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा भएर उहाँले **आफ्नो नाउँ** "परमप्रभु" घोषणा गर्नुभयो। ट्त्यसपछि परमप्रभु तिनको

> सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु **टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौँ हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप** क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ।" (प्रस्थान ३४ : ४-७)

परमेश्वरलाई महिमा दिनको लागि गरिएको निमन्त्रणाको अर्थ हामी उहाँको चरित्र अनुसार परिवर्तित हुनु हो, जसले परमेश्वरको व्यवस्था साँचो रुपमा पालन गर्नको लागि डोह्रेऱ्याउँछ ; जुन उहाँको चरित्रको प्रतिलिपि हो । यो त्यस्तो प्रकृया होइन जहाँ हामी इस्रायलीहरुले गरे जस्तै व्यवस्थाका पत्रहरु पालन गर्न वाचा गर्दछौँ, जहाँ चाँडैनै तिनीहरु सुनको बाछोलाई पुज्न आए (प्रस्थान ३२ : ४) । तर उहाँलाई चिन्ने र उहाँको वास्तविक चरित्रलाई प्रतिबिम्बित गर्ने प्रकृया हो, जुन उहाँको पुत्र मार्फत प्रकट गरिएको छ :

> "फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई पुग्छ।" येशूले तिनलाई भन्नुभयो, **"फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ।** तिमी कसरी भन्न सक्छौ, हामीलाई पिता देखाइदिनुहोस् ।" (यूहन्ना १४ : ८-९)

> "जुन परमेश्वरले "अँध्यारोबाट **ज्योति चम्कोस्" भन्नुभयो**, **उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ**, **ताकि परमेश्वरका** महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।" (२ कोरिन्थी ४ : ६)

***ख्रीष्टले परमेश्वरको चरित्रलाई उच्च पार्नुभयो,*** *उहाँलाई प्रशंसा र उहाँलाई पृथ्वीमा* ***आफ्नो लक्ष्यको सम्पूर्ण उद्देश्यको श्रय दिनुभएर - परमेश्वरको प्रकाशद्वारा मानिसहरुलाई धर्मि तुल्याउनुभयो*** *। ख्रीष्टमा* ***पिताको कृपा र अतुलनिय पुर्णता*** *मानिसहरु सामु* ***सजिएको थियो ।*** *क्रूसमा टाँगीनु भन्दा केहि समय अघि उहाँले आफ्नो प्रार्थनामा भन्नुभयो ; "मैले तपाईको नाउँलाई प्रकट गरेको छु ।" "मैले तपाईलाई पृथ्वीमा महिमा गरेको छु" तपाईले मलाई गर्न दिनुभएको काम मैले पूरा गरेको छु । "* ***जब उहाँको कामको उद्देश्य पूरा भयो,-*** *संसारमा परमेश्वरको प्रकाश - परमेश्वरको पुत्रले घोषणा गर्नु भयो कि उहाँको काम पूरा भयो र* ***जो पिताको चरित्र मानिसहरु सामु प्रकटमा ल्याउनुभयो ।***
( ST January 20, 1890, par.9)

तर यदि हामी बाइबलका कथाहरु पढ्छौं जहाँ परमेश्वरको न्याय हिंसा सँग सम्बन्धित छ र हामी यसलाई परमेश्वरको चरित्रमा श्रेय दिन्छौं हामी केवल यो देखाउँदछौ कि हामीले परमेश्वरको पुत्रको उहाँको पिताको बारेमा दिइएको गवाही प्राप्त गरेको छैनौं र हामी अझै पवित्रस्थानको आँगनमा छौं जहाँ हामी व्यवस्थामा हाम्रो प्राकृतिक अनुहारको झल्को मात्र देख्छौं । पापीहरु माथि परमेश्वरको न्यायको सबै मुद्धाहरु तर्कसंगत हुनुपर्दछ र पृथ्वीमा येशू ख्रीष्टको जीवनसँग मिलाप गर्नुपर्दछ किनकि :

*असल सामरीको कामले संसारको लागि ख्रीष्टको उद्देश्यलाई प्रतिनिधित्व गर्दछ । हाम्रो मुक्तिदाता मानिसहरुको लागि उहाँको प्रेमको प्रतिनिधित्व गर्न, परमेश्वरको चरित्र प्रकट गर्न आउनुभयो ।* ***पिताले***

***सबै आपतकालिनमा गर्नुभए झैं उहाँले व्यवहार गर्नुभयो ।*** *ख्रीष्टले हाम्रो लगि त्यस्तो प्रम प्रकट गर्नुभयो जुन मानव प्रेमले कहिल्यै त्यसको तुलना गर्न पनि सक्दैन ।* ***उहाँ आफ्ना शत्रुहरुलाई बचाउनको लागि मर्नु भयो ; उहाँले आफ्ना हत्याराहरुको लागि प्रार्थना गर्नुभयो ।*** (HM october 1, 1897,par 7)

महा पवित्रस्थानमा प्रकट भएको जस्तै पिताको महिमा देख्न र प्रतिबिम्बित गर्न सक्षम हुनको लागि, हामीलाई बाइबलका राम्रा विधार्थीहरु हुन आमन्त्रित गरिएको छ जसले सबै पदहरुको मिलाप गर्दछन् ताकि यो स्पष्ट हुन्छ कि पिताले सबै आपतकालमा दुष्टको अन्तिम ज्वलन्त न्याय सहित आफ्नो पुत्रको रुपमा कार्य गर्नुहुन्छ । केवल तब मात्र उहाँको व्यवस्थामा “हत्या नगर्नु” भन्ने आज्ञा समावेश हुन्छ, हामी कुनै चरित्रको सुन्दरता देख्न सक्दछैं जुन हामीलाई सितैमा प्रदान गरिएको छ :

> “अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, **जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए।”** (प्रकाश १४ : १)

जब हामी बुझ्छौ कि परमेश्वरको पुत्र वास्तवमा पिताको प्रतिरुप हुनुहुन्छ, त्यसपछि जब त्यो स्वरुप पृथ्वीमा प्रकट गर्नुभयो तब हामीले पितालाई कसरी महिमा दिने र उहाँको छापलाई कसरी ग्रहण गर्ने भनेर जान्ने मुख्य कुरालाई भेटाउँछौं । परमेश्वरसँग डराउनु र उहाँलाई साँचो महिमा वा चरित्र दिनु नै एकमात्र तरिका हो जुन हामीले उहाँको छाप पाउँदछौं जस्तै प्रकाश १४ : १ मा वर्णन गरिएको छ ।

# ९.उहाँको न्यायको घडी

"तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका **इन्साफको घड़ी आएको छ।** स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" (प्रकाश १४ : ७)

जब हामी परमेश्वरको चरित्रलाई बुझ्छौं र ग्रहण गर्दछौं जुन यो पृथ्वीमा उहाँको पुत्र मार्फत प्रकट भएको छ, तब हामी अक्टुबर २२, १८४४ पछि स्वर्गीय पवित्रस्थानको महा पवित्रस्थानमा के भइरहेको छ भन्ने प्रकृतिलाई ठिकसँग बुझ्नेछौं :

"जसै म ती सीङहरूका बारेमा विचार गर्दैथिएँ, मेरो अगि एउटा सानो सीङ थियो, जुनचाहिँ तिनीहरूमध्येबाट उम्रेको थियो, र पहिलेका सीङहरूमध्ये तीन वटाचाहिँ त्यसको सामु जरैसमेत उखेलिए। मानिसका आँखाजस्तै त्यस सीङका आँखा थिए, र **अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो। जसै मैले हेरें, सिंहासनहरू बसालिए**, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। **उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो।** उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको

थियो। हजारौँ हजारले उहाँको सेवा गर्थे दश हजार गुणा दश हजार उहाँको सामु उभिएका **थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो,र पुस्तकहरू खोलिए। "तब यो सीङ बोलिरहेको अहङ्कारपूर्ण शब्दहरूको कारणले गर्दा मैले त्यसलाई हेर्दैरहें। त्यो पशु मारिएर त्यसको शरीर नष्ट पारी आगोको ज्वालामा नफ्याँकिएसम्म मैले हेर्दैरहें। अरू पशुहरूको अधिकार खोसिएको थियो, तर केही समयको लागि तिनीहरूलाई बाँच्न दिइयो।** "राती मैले मेरो दर्शनमा हेरें, र **त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो**, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन। (दानिएल ७ : ८-१४)

यो न्याय अँध्यारो मध्य युग भरी पोपतन्त्रको गलत न्याय प्रणालीको जवाफमा आउँदछ, र यसको मतलब यो हो यहाँ यसको प्रक्रियालाई प्रस्तुत गरिएको छ : "किनभने जसरी तिमीहरु अरुहरुलाई दाषी ठहऱ्याउँछौं त्यसरी नै तिमीहरु पनि दोषी ठहऱ्याइने छौ । जुन नापले तिमीहरु नाप्त छौ, त्यसैगरी तिमीहरुका निम्ति पनि नापिने छ ।

पोपतन्त्रले परमेश्वरलाई चरित्रको बारेमा सम्पूर्ण मानिसजातिको पापी सोचलाई प्रतिनिधित्व गर्दछ । यस विचारले परमेश्वरको महिमा र जीवनको नदीलाई देख्छ ; जुन परमेश्वरको उपस्थिति र उहाँको पुत्र आत्माको माध्यमबाट (प्रकाश २२ : १) आगोको भट्टीको रुपमा हुनुहुन्छ :

> "**इस्राएलीहरूका दृष्टिमा** परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा **भस्म पार्ने आगोजस्तै थियो।"** (प्रस्थान २४ : १७)

> (दानिएल ७ : १०) **"उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो ।** हजारौं हजारले उहाँको सृवा गर्थे ; दश हजार गुणा दश हजार उहाँका सामु उभिएका थिए । न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरु खोलिए ।

दानिएल ७ : १० मा ज्वलन्त प्रवाह (आगोको नदी) भन्ने शब्दहरुको वास्तवीक अर्थ (प्रकाश २२ : १) मा वर्णन गरिएको जस्तो चम्किएको नदी हो । तर शारीरिक दिमागमा यो भस्म पार्ने आगोको ज्वाला जस्तो देखिन्छ ।

जस्तो तरिकामा पोपतन्त्र माथि न्याय आएको थियो, त्यसलाई १९ औं शताब्दीको अन्त्यतिर इतिहासमा अभिलेख गरिएको छ, र यसले हामीलाई "पशुलाई कसरी मारियो र उसको शरीरलाई ध्वस्त पारेर दन्किएको आगोमा दिइयो" भनेर देखाउँदछ :

*त्यो भयानक विस्फोट थियो (फन्सको क्रान्तिको समय)* ***तर रोमले धर्मशास्त्रको दमनको <u>वैध न्यायीक परिणाम</u> थियो ।*** *यसले सबै भन्दा* ***<u>उल्लेखनिय चित्रण</u> प्रस्तुत गऱ्यो जुन पोप नितिले संसारले कहिल्यै गरेको कामको*** *- यस्तो सांक्षी गरेको थिएन । एक हजार भन्दा धेरै*

*बर्षदेखि रोमन चर्चको शिक्षाले अपनाएको परिणामहरुको एउटा उदाहरण । पोपतन्त्रको अवधिमा धर्मशास्त्रको दमन भविश्यवक्ताहरुले अगमवाणी गरेका थिए ; **खुलासाकर्ताले विशेष गरी फ्रन्समा** <u>**"पापको मानिस"**</u> **बाट आफ्नो प्रभुत्व जमाउने** <u>**भयानक नतिजाहरुलाई**</u> **पनि औंल्याउँछ ।** परमप्रभुका दूतले भन्नुभयो : "पवित्र शहरहरु बयालिस महिनासम्म पैदल हिँडनेछन् अनि म मेरा दुई सांक्षीहरुलाई शक्ति दिनेछु ; अनि तिनीहरुले एकहजार दुईसय साठी दिन अगमवाणी गर्नेछन् । यहाँ उल्लेख गरेको समयअवधि - "बयालिस महिना" र " एकहजार दुईसय साठी दिन" - उही समान, ख्रीष्टको चर्चले **रोमबाट दमन सहनुपर्ने समयलाई पनि प्रतिनिधित्व गर्दछ ।** १२६० बर्षको पोपको वर्चस्व ५३८ ए.डी. मा शुरु भयो, र त्यस्तै १७९८ ए.डी.मा समाप्त हुनेथियो ।त्यस समयमा एउटा **फ्रान्सेली सेना रोम प्रवेश गरी पोपलाई कैदि बनायो र उनी निर्वासनमा मरे ।** यधपि एक नयाँ पोप छिटै छनौट गरिए, पनि पोपको सर्वोच्चतालाई त्यहाँदेखि कहिल्यै त्यो शक्ति हाँसिल गर्न सक्षम भएको छैन, जुन उसले पहिलो प्राप्त गरेको थियो ।* (GC 266.3)

रोमले नै बाइबल र यसका अनुयायीहरुका विरुद्धमा प्रयोग गरेका दमनकारी उपायहरु फ्रान्सको घटनाहरुको प्राकृतिक विकाशको माध्यमबाट यसको टाउकोमा फर्कियो (भजनसंग्रह ७ : १६) यो संकेत हो कि यो त्यो देश हो जसले एक पटक पोपतन्त्रलाई आफ्नो शक्ति जोगाउन सहयोग गऱ्यो, क्लोभिस र फ्रेन्क्स व्यक्तित्वमा, त्यो शक्तिको विरुद्ध विद्रोह गर्ने पहिलो व्यक्ति नै हो ? घृणितकार्यको १२९० बर्ष अवधिको शुरुवात ५०८ मा परिवर्तित मूर्तिपूजक राजाको समर्थनले स्थापित भएको थियो, (दानिएल १२: ११), र ५३८ (प्रकाश १३:५) मा पोपतन्त्रको शक्तिको शुरुवात भएको बेला होइन् ।

र अब घृणितकार्यको परिणाम उही व्यक्तिहरु मार्फत पोपतन्त्रमा फर्कने थियो, जो यसको शिक्षासँग असन्तुष्ट भएका थिए- जसको परिणामस्वरुप फ्रन्सेली क्रान्तिमा रोषको क्रोधको प्रकोप देखा पऱ्यो ।

"**धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ।**" (गलाती ६ : ७)

यसले स्पष्ट रुपमा देखाउँछ कि स्वर्गमा बस्नुहुने हाम्रो पिताको न्याय हाम्रो न्याय जस्तो छैन, र दानिएल ७ मा चित्रित गरिएको दृश्य अनुसार हामी परमेश्वरको व्यवस्थामा हामौ न्याय गर्ने सोचाईलाई झल्किएको (प्रतिबिम्बित) देख्छौँ । जब दानिएलको पुस्तकको अर्को अध्यायमा मूर्तिपूजकको घृणितकार्य र पोपतन्त्र (अनाज्ञाकारिताको विनाश) बाट पवित्रस्थानको शुद्धिकरण वा पर्नस्थापना गर्नेकार्य कहिले हुन्छ भनि स्पष्ट रुपमा देखाइएको छ ; सम्भावत : परमेश्वरको पुत्रले गाब्रीएललाई दानिएललाई त्यस दर्शनको विवरण दिन आदेश दिनुभएको थियो । त्यहाँ, यस पुस्तकमा पहिलो पटक यहूदी शब्द प्रयोग गरिएको छ, जसको एउटा साझा जरा छ यो महिलाको ऐनाको लागि प्रयोग गरिएको छ, जुन बाटा बनाउनको लागि दान गरिएको थियो : र उसले काँसाको बाटा बनाए, र यसको खुट्टा काँसाको थियो ; जुन ऐनाको थियो מַרְאָה (मिरोह) = उपस्थिति (H47 59)

भेट हुने पालको प्रवेशद्वारमा भेला भएका महिलाहरुको थियो । उलाईको किनारामा मैले एउटा मानिसको आवाज सुने ; जसले बोलाए र भने, "गाब्रिएल यस मानिसलाई दर्शन बुझ्ने समझ देऊ ।" מַרְאָה ( मिरोह) = उपस्थिति (H47 58) (दानिएल ८ : १६)

| | |
|---|---|
| (कडा हिब्रु )<br><br>4759 mar'ah mar-aw<br>मार‘आह मार- अव- स्त्री लिङ्ग को उउटा दर्शन ; र ऐना पनि हेर्नें सिसा, दर्शन, यसको हिब्रुको लागि  हेर्नुहोस गुगलमा | (कडा हिब्रु)<br><br>4758 mar'eh<br>मार ‘ रिह मार इहा’ 7200 बाट - एउटा दृश्य (हेर्न काम), त्यस्तै - उपस्थिति (देखिने कुरा) वा (वास्तविक) आकृति ( विषेशत यदि सुन्दरता, प्राय - बहुवचन) वा (मानसिक) एउटा दर्शन |

दानिएलको दुई अध्याय देखि ७ अध्याय आरामिक भाषामा लेखिएको छ, वास्तविक रुपमा ठूलो दर्शकको लागि पुग्न । ८ अध्याय देखि १२ अध्याय सम्म हिब्रुमा निरन्तरता छ ।

न्यायको दर्शन पुस्तकको आरामी भागमा छ, जब कि पवित्रस्थानको दर्शनबाट यसको व्यख्या हिब्रु भाषामा छ । पुस्तकको यो क्रमले देखाउँछ कि हामी पनि दानिएलले जस्तै ऐनाको दर्शन भन्दा परको कुरा हेर्न निमन्त्रित भएका छौँ - स्वर्गमा हुनुहुने हाम्रो पिताको वास्तविकस्वरुप जसको बारेमा परमेश्वरको पुत्रले भनुहुनछ :

> “किनकि **पिताले कसैको न्याय गर्नुहुन्न**, तर **सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ**,” (यूहन्ना ५ : २२)

स्वर्गमा बस्नुहुने हामी पिताले कसैलाई दोषी ठहऱ्याउनु हुन्न तर सबैले आफ्नो सजायलाई उहाँको पुत्रले पृथ्वीमा रहँदा आफ्नो पितालाई दिइएको गवाही प्रतिको सोच अनुसार निर्धारण गर्दछ । यस अर्थमा "उहाँको न्यायको घडीं" भन्ने वाक्यांशलाई त्यस समयको रुपमा बुझ्नु पर्दछ जब मानवजाति आफैले उहाँको पुत्रको गवाहीको आधारमा परमेश्वर कस्तो हुनुहुन्छ भनेर न्याय गर्न आमन्त्रित गरियो :

> "यो त्यस दिन हुनेछ जब परमेश्वरले मैले प्रचार गरेको सुसमाचारअनुसार **येशू ख्रीष्टद्वारा मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ।"** ( रोमी २ : १६)

> "अरूलाई दोषी नठहराओ, र **तिमीहरू पनि दोषी ठहराइनेछैनौ। किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ।"** (मत्ती ७ : १,२)

जब येशू पृथ्वीमा हुनुहुन्थ्यो, उहाँले परमेश्वरको न्यायको स्वभाव के हो र यो शैतानको झूटो न्याय प्रणालीद्वारा पोषण गरिएको न्यायको हाम्रो धारणा भन्दा कत्ति फरक छ भनेर प्रष्ट पार्नुभयो :

> "तिमीहरू मानव दृष्टिले न्याय गर्दछौ। म कसैको न्याय गर्दिनँ। मैले न्याय गरें भने पनि, मेरो न्याय सत्य ठहरिन्छ। किनभने न्याय गर्ने म एकलै छैनँ, तर म छु,

र मलाई पठाउनुहुने पिता हुनुहुन्छ।" (यूहन्ना ८ : १५-१६)

"कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, **म त्यसको न्याय गर्दिनँ।** किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। **जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ।"** (यूहन्ना १२ : ४७-४८)

व्यभिचारमा फसेकी स्त्रीको कथामा हामीसाग महापवित्रस्थानमा गरिएको अनुसनधानको फैसलाको लागि एउटा नमुना छ । जब तपाई पढ्नुहुन्छ, ध्यान दिनुहास् येशूले व्यक्तिगत रुपमा कसैको निन्दा गर्नुभयो कि :

> र शास्त्रीहरु र फरिसीहरुले एकजना व्यभिचारमा समातिएकि स्त्रीलाई उहाँ कहाँ ल्याए, र तिनीहरुले उनलाई बीचमा राखे, ती मानिसहरुले उहाँलाई भने, "गरुज्यू , यस स्त्री व्यभिचारमा समातिएकि हुन रंङ्गे हात । मोसाको व्यवस्थाले आज्ञा गर्दछ कि यस्तो स्त्रीलाई ढुङ्गाले हान्नु (व्यवस्थाले मानिसको प्राकृतिक सोचलाई झल्काउँछ) तपाई यसको बारेमा के भन्नु हुन्छ ?" तर तिनीहरुले उहाँको चियो गर्नलाई, र उहाँमाथि अभियोग लगाउन सकिन्छ कि भनि यसो भनेका थिए । (न्याय गर्ने आत्मा) **येशूले निहुरेर भुँइमा औंलाले लेख्नु भयो** । (पुस्तकहरु खोलिए) तर जब तिनीहरुले उहाँलाई सोधिनैरहे, तब उहाँले खडा भएर तिनीहरुलाई भन्नुभयो, "तिमीहरुमा जो पाप रहित छ, त्यसैले यस स्त्रीलाई पलिो ढुङ्गा हानोस् ।" अनि फेरी निहुरेर उहाँले भुँइमा औंलाले

लेख्नुभयो । तर जब तिनीहरुले यो सुने ; तब ठूला देखि शुरु गरी साना सम्म एक-एक गरेर गए, तिनीहरुको आफ्नै समझ द्वारा पछुतो गरी, (**तिनीहरुले आफैलाई दोषी भेटाए** किनकि उनीहरुको परमेश्वरको चरित्रको बारेमा भएको विश्वासले क्षमाको अनुमति दिएन-याकुब २ : १३) र येशू एक्लो छाडिनुभयो र **बीचमा उभिएकी स्त्री त्यहीँ उभिरहिन** । येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "हे नारी, तिनीहरु कहाँ गए ? **के कसैले तिमीलाई दण्ड दिएन ?"** (तसर्थ, उहाँले तिनलाई परमेश्वरको चरित्र माथिको उनको न्यायको बारेमा सोधिरहनुभएको छ,) त्यसले भनि, "प्रभु, **कसैले दिएन् ।"** (उनले परमेश्वरको चरित्रमा आशा रहेको जानिन्) येशूले तिनलाई भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्न : जाऊ, अनि फेरी पाप नगर," (यूहन्ना ८ : ३-११)

*तर येशूले राम्रोसँग जान्नुहुन्थ्यो कि कुन उद्देश्यले यो मुद्धा उहाँ कहाँ ल्याएका थिए भनि ; उहाँले तिनीहरुको* ***हृदयको रहस्यहरु पढ्नुभयो ; र उहाँको उपस्थितिमा प्रत्येक व्यक्तिको चरित्र र जीवन*** *- इतिहास थाहा थियो.....उहाँ निहुरिनु भयो र* ***आफ्नो औँलाले लापरवाहीपूर्वक लेख्नुभयो ।*** *यधपि , कुनै स्पष्ट ढाँचा बिनानै यो गरिरहनुभएको थियो,* ***येशूले जमिनमा स्पष्ट चरित्रमा चिन्ह लागाउँदै हुनुहुन्थ्यो, विशेष पापहरु जसमा ती स्त्रीलाई आरोप लगाउनेहरु दोषी थिए,*** *सबभन्दा जेठाबाट शुरु गरी र सबै भन्दा सानोमा अन्त्य गर्दै । लामो समयको लागि फरिसीहरु येशूको उदासिनतामा उनीहरुको प्रश्नको उत्तरमा ढिलाइको कारण धर्यता गुमाए र आग्रहको छिनोफानो गर्न अझ नजिकिदैगए ।* ***तर तिनीहरुको आँखा बालुवामा लेखिएका शब्दहरुमा परे पछि ; डर र आश्चर्य तिनीहरु भरिएं ।*** *मानिसहरुले ; हेरे ; तिनीहरुको अनुहारको रङ्ग अचानक परिवर्तन भउको देखे ; र आश्चर्यचकित र लाजको अभिव्यक्तिको साथ उनीहरुले के हेरिरहेका थिए पत्ता लागाउन अगाडी बढेर आए... "त्यसपछि येशू उठ्नुभयो र तिनीहरुलाई भन्नुभयो,*

*तिमीहरु मध्ये जसले पाप गरेको छैन त्यसले पहिले यिनलाई ढुङ्गाले हानोस । र फेरी उहाँ निहुरिनुभयो र भुँइमा लेख्नुभयो ।" **आरोप लागाउनेहरुले देखे कि येशूलाई उनीहरुको विगतका पापहरुका गोप्य कुराहरु मात्र थाहा थिएन् तर उहाँसामु यो मुद्धा ल्याउने तिनीहरुको उद्द्देश्यसँग पनि जानकार हुनुहुन्थ्यो र आफ्नो अतुलनिय ज्ञानले उनीहरुको गहिरो योजनााई हराउनुभयो ।** अब तिनीहरु भयभित भए कि नत्र भने येशूले तिनीहरुको दोष त्यहाँ उपस्थित सबैमा प्रकट गर्नु हुनेछ र यसकारण **"तिनीहरु आफ्नै अन्तस्करणद्वारा दोषी ठहरिए, र एक पछि अर्को गर्दै बाहिर निस्के** जेठोबाट शुरु गर्दै, अन्त सम्म आइपुग्दा पनि ; र येशू एक्लो छाडिनुभएको थियो, र बीचमा उभिएकी स्त्री ।"* (2 SP 35 0.2)

*यहाँ अन्तिम न्याय हुने प्रकिया र उस्तै आत्मन्याय बीच समानान्तर रहेको छ :*

*जब सिंहासनमा पवित्रले चर्मपत्रहरु पल्टाउनुभयो, र उहाँको आँखा केहि क्षणको लागि व्यक्तिहरुमा अडियो, **उहाँको नजर उनीहरुको प्राणमा जलेको जस्तो देखिन्थ्यो, र उनीहरुको जीवनको प्रत्येक शब्द र कार्यहरु उनीहरुको दिमागको अघि स्पष्ट रुपमा देखिएर गयो जस्तो कि आगोको अक्षरहरुको दृश्यको चिन्ह भएर । डरले काम्न लागे, र तिनीहरुका अनुहार पहेंलो भयो** ...प्रतयेक आँखा सिंहासनमाथि हुनुहुनेमा पल्टिएको छ ; र जस्तै उहाँको खोजपूर्ण आँखा त्यो समुहमाथि बढ्यो, त्यहाँ एउटा हृदयको कम्पन छ, तिनीहरु बिना शब्द आफै दोषी ठहरिए । **आत्माको वेदनामा, प्रतयेकले उसको आफ्नै दोषको घोषणा गर्दछ, र भयभित दृश्यताले देख्दछ** कि पाप गरेर उसले अनन्त जीवनको अनमोल वरदानलाई बाहिर फ्याँकेको छ ।* (PHO 43 3.1)

त्यसकारण, परमेश्वरका जनहरुको सम्पूर्ण इतिहासको एकत्रित बत्ती र आफ्ना पिताको लागि परमेश्वरको पुत्रको गवाहीको माध्यमबाट हामीलाई हाम्रो पिता कस्तो हुनुहुन्छ भनि न्याय गर्न आमन्त्रित गरिएको

छ । १२९० बर्षसम्म घृणितकार्यले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने सत्यलाई अस्पष्ट बनायो । सानो सिंहको न्याय भयो र यसको शक्ति यसको जेठो छोरो फ्रन्स द्वारा लग्यो । त्यसपछि त्यहाँ संयुक्तराज्य अमेरिकामा जन्मिएको छोरोको शिक्षा फेरी प्रकाशमा आयो जसमा क्रिश्चियन (इसाई) संयोजकले महत्वपूर्ण भुमिका खेल्यो । धेरै संख्यामा प्रमुख एडभेनिटस्ट अगुवाहरु यस अभियानबाट आए । जन्मेको पुत्रको सिद्धान्तको माध्यमबाट, एडभेन्टिस्ट अभियानलाई एउटा खुला ढोका प्रस्तावित गरियो, फिलाडेलफियाको सदस्यहरुको रुपमा महापवित्रस्थान भित्र । चर्चले ढिला गऱ्यो, तर १८४४ पछि को ४४ बर्ष पछि १८८८को सन्देशको उच्च विन्दुमा ल्यायो, ए.टी जोन्सको प्रवचन १८९३ को साथमा । यस सन्देशले परमेश्वरको चरित्रको सत्यतालाई उदगम गर्ने थियो जसरी एडभेन्टिस्ट अगुवा (पास्टर) जर्ज फिफिल्डले आफ्नो पुस्तक "परमेश्वर प्रेम हुनुहुन्छ" मा शुरु गरेका थिए । सत्यताको साथमा परमेश्वरको चरित्र प्रकाशमा आयो, तब परमेश्वरको चरित्रको सम्बन्धमा साँचो न्याय शुरु हुन सक्थ्यो, र हरेक व्यक्तिको न्याय गरिने छ जसरी उसले परमेश्वरको चरित्रको न्याय गर्दछ ।

*त्यसकारण, यी जीवित मानिसहरुका मुद्धाहरुमा न्यायको फैसलाको स्वभावले, "उहाँको न्यायको घडीं आएको छ" भन्ने सन्देशको समयमा, यो स्पष्ट छ कि त्यहाँ परिक्षको प्रकिया छैन र एकअर्काको विरुद्ध हिसाव बराबर बनाउने ; तर यो प्रत्येक व्यक्तिको अवस्थाको पहिचान मात्र हो, र यो अवस्था आफ्नो रोजाईको अनुसार हुँदछ । केवल ऊ को हो जब ऊ आफ्नो मुद्धामा नियर्णको संकटमा पुगेको छ, कि ऊ सँधैभरि रहन्छ । यदि ऊ धर्मि छ भने, न्यायले यो पहिचान गर्छ, र "यो मानिस अझै धर्मि बनोस" भन्ने शब्द उच्चारण गर्दछ ।" र यो शब्द त्यतिखेरको क्षणमा यसरी उच्चारण गरियो कि किनकि ऊ पहिले देखि नै त्यस्तो छ, जस्तो भनिएको छ र ऊ सँधै रहिरहन्छ, र यदि ऊ अधर्मि छ भने, तब न्यायको उच्चारण "उसलाई अधर्म हुन देऊ" भन्ने हुन आउँथ्यो, र यो यस्तो भनियो किनकि त्यो समयमा ऊ त्यस्तै छ, न्यायको घोषणा*

*गरियो वा गरिएन र इन्साफको संकट, उही क्षणमा उसको परिस्थितिमा आउँछ, यो यस्तै हुन्छ र पहिचान गरिन्छ र भनिन्छ "उसलाई अधर्म गरिरहन देऊ ।"* (A.T. Jones, The Great Nations of Today, Page 243.2)

आउनुहोस्, यो ज्योतिलाई स्वीकार गरौं र होसियारीपूर्वक न्याय गरौं, किनकि हामीले हाम्रो पिताको न्याय गर्ने न्याय हामीसँग परमेश्वरको व्यवस्थाको ऐनामा झल्काइनेछ । हामी कसरी परमेश्वरलाई लिन्छौं भन्ने कुरा हामी कसरी कार्य वा न्याय गर्छौं त्यससँग सीधा सम्बन्धित रहन्छ, र हामी कसरी कार्य र न्याय गर्छौं त्यसैगरी हाम्रो न्याय गरिन्छ । त्यसोभए आउनुहोस्, ख्रीष्टको ज्योतिमा निम्न पदहरु कसरी पूरा गर्ने भनेर होसीयारी साथ विचार गरौं, हामीले शैतानबाट लिएर आएको परमेश्वर कस्तो हुनुहुन्छ भन्ने झूटो कल्पनामा होइन् :

> "**धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन्। धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्। धन्य मेलमिलाप गराउनेहरू,**" (मत्ती ५ : ७-९)

> "**तर आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ। तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ।**" (लूका ६ : ३५-३६)

यो ध्यान दिनु आवश्यक छ कि त्यो १८९३ मा ए.टी. जोन्सको सन्देशको समयमा साबथको प्रकाश आएको थियो र यो अर्को एउटा फर्किने कुरा हो ।

# १०. बनाउनुहुनेलाई दण्डवत गर

> तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। **स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।**" (प्रकाश १४ : ७)

यो पहिलो स्वर्गदूतको सन्देशले लगभग चौथो आज्ञालाई उध्दृत गर्दछ :

> "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। किनकि छ दिनमा **परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो**, तर सातौँ दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथ-दिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" (प्रस्थान २० : ८-११)

जब एडभेन्टिस्टहरु १८४४ मा विश्वासद्वारा महापवित्रस्थन भित्र आए र सन्दुकको करारसँग परमेश्वरको व्यवस्थाको दुई पाटीहरु र

दशआज्ञाहरुलाई देखे, तिनीहरुले यो पनि देखे कि  चौथो आज्ञा अरुभन्दा चम्किलो भएको :

*पहिलो पाटीमा रहेको चारवटा अरु बाकीँ ६ वटा भन्दा चम्किला थिए । तर* ***चौथो बिश्रामको दिनको आज्ञा तिनीहरु सबैभन्दा माथि देखिन्थ्यो ।*** *किनभने* ***परमेश्वरको पवित्रनाऊँको (चरित्र)*** *आधारमा बिश्राम दिन अलग गरिएको थियो ।* (EW 32.3)

महान विवादको शुरुवातमा, लुसिफरले घोषणा गरे कि परमेश्वरको व्यवस्था मनमानी र क्रित्रिम ढंगले लागु गरिएको थियो । यस्तो दृश्यमा सबाथ एक अनावश्यक प्रतिबन्ध जस्तो देखिन्छ । दुर्भाग्यवस, जब एडभेन्टिस्ट मानिसहरुले पनि इस्रायलीहरु जस्तै सिनैमा परमेश्वरको व्यवस्थालाई आफ्नै शक्तिले पालन गर्ने निर्णय गरे, तिनीहरुले यस व्यवस्थालाई लुसिफरले वर्णन गरेको जस्तै तरिकाले हेर्न थाले । जब, उहाँको कृपामा, परमेश्वरले हामीलाई विश्वासद्वारा धार्मिकताको सन्देश पठाउनुभयो, हामीलाई सबाथको सही दृष्टिकोण पर्नस्थापित गर्न आमन्त्रित गरियो :

*सबाथमा येशूको* ***जीवित तस्बिर र यसमा येशू ख्रीष्टको उपस्थिति छ ।*** *उहाँले त्यहाँ राख्नुभयो* ***उहाँले त्यहाँ मानिसका लागि राख्नुभयो, र जसले येशू ख्रीष्टमा विश्वास गर्दछ  ऊ त्यहाँ भित्र प्रवेश गर्न सक्दछ । जब ऊ सबाथ दिनमा आउँदछ उसले परमेश्वरबाट पाउने  आशिष बाहेक अरु थप आशिष प्रभुबाट प्राप्त गर्दछ ।*** *उहाँ सबाथ दिनमा आउनुहँदा, उहाँसँग कत्ति धेरै उपस्थिति हुन्छ भन्ने कुराको महत्व होइन, तर* ***ख्रीष्टको थप उपस्थिति उ,*** *कहाँ आउँदछ । उसलाई यो थाहा छ ।* (A.T. Jones (GCB/GCDB 1893, p 455.10)

जब सबाथमा ख्रीष्टको उपस्थितिबाट थप आशिषहरु आउादछन् भने, यो वास्तवमा परमेश्वरको माध्यम हो आफ्ना जनहरुलाई हाम्रो पिताको स्वरुप वा चरित्रमा छाप लगाउने :

> **"यसबाहेक तिनीहरूलाई पवित्र पार्ने म परमप्रभु नै हुँ भन्ने कुरा तिनीहरूले जानून् भनेर तिनीहरू र मेरो** बीचमा **<u>चिन्हको</u>** लागि मैले तिनीहरूलाई शबाथदिनहरू **पनि ठहराइदिएँ।**" (इजकिएल २० : १२)

सबाथ मार्फत, परमेश्वर हामीलाई विश्वासद्वारा धर्मिकताको सिद्धान्तको अनुभव गर्न आमन्त्रित गर्नुहुन्छ र हामीलाई आफ्नै मामिलाहरुबाट आराम गर्न बोलाउनुहुन्छ, जसले गर्दा हामीले हाम्रो मुक्तिको लागि तिनीहरु माथि भरोसा गर्नुहुँदैन, जसले स्वतन्त्र (स्वंय जीवन पद्धति) जीवन स्रोतको झूट जसले काम मार्फत धेरै मूल्यलाई जोड् दिन्छन् । बरु, ख्रीष्टको धार्मिकतामा सबाथ भनेको विश्वास, आराम र कृतज्ञता हो जसमा हामीले उहाँको आत्माको शान्ति पाउँदछौँ :

> "परमप्रभु परमेश्वर, इस्राएलका परमपवित्र यही भन्नुहुन्छ, "पश्चात्ताप र विश्राममा तिमीहरूको उद्धार छ। मौनधारण र भरोसामा तिमीहरूलाई शक्ति मिल्छ। तर तिमीहरू यी कुनै पनि कुरा चाहन्नौ।" (यशैया ३० : १५)

यदि हामीले तीन स्वर्गदूतको सन्देशहरु सही रुपमा बुझ्यौं भने यसको नतिजा हुनेछ कि हामीले येशूको विश्वास मार्फत परमेश्वरका आज्ञाहरु पालना गर्नेछौं :

**“परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।”** (प्रकाश १४ : १२)

स्वभाविक रुपमा मानिस आफैमा त्यस्तो विश्वार हुँदैन किनकि उसले पितालाई चिन्दैन र उहाँमथि विश्वास गर्न सक्दैन । यस अर्थमा, परमेश्वरको पुत्र विश्वासको योजनाकार हुनुहुन्छ - परमेश्वरमा विश्वास गर्ने पहिलो र एकमात्र जसद्वाराा सबैले यो प्राप्त गर्नेछन्, किनभने उहाँ परमेश्वरको एकमात्र पुत्र हुनुहुन्छ जसले पितालाई अरु कसैले भन्दा बढ्ता चिन्नुहुन्छ ।

“अब मलाई थाहा भयो, कि परमप्रभुले आफ्ना अभिषिक्तलाई सहायता गर्नुहुन्छ। उहाँले आफ्नो दाहिने बाहुलीको उद्धार गर्ने शक्तिद्वारा आफ्नो पवित्र स्वर्गबाट उनलाई उत्तर दिनुहुनेछ। कोही रथहरूमा र कोही घोडाहरूमाथि भरोसा गर्छन्, तर हामी त परमप्रभु, हाम्रा परमेश्वरकै नाउँमा भरोसा गर्छौं।” (भजनसंग्रह २ : ६-७)

हाम्रा **विश्वास सुरु गर्नुहुने** र पूरा गर्नुहुने येशूलाई हेरौं, (हिब्रु १२: २)

“मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पिताबाहेक पुत्रलाई कसैले चिन्दैन, र **पुत्रबाहेक पितालाई कसैले चिन्दैन**, **अनि तिनीहरूले पनि चिन्छन् जसलाई पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्दछ।”** (मत्ती ११ : २७)

यस सिद्ध भरोसा र पिताको इच्छामा खुशीको साथ, परमेश्वरको पुत्रले सम्पूर्ण ब्रह्मण्ड र हाम्रो संसार पनि सृष्टि गर्नुभयो :

> "हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ।" (भजनसंग्रह ४०: ८)

> "अनि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पाल्तु पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" (उत्पति १ : २६)

*विशेष उहाँको पुत्रले पृथ्वीको सृष्टि र पृथ्वीमा अवस्थित प्रत्येक जीवित प्राणीको सृष्टिगर्नमा उहाँसाग एकसाथ काम गर्नुभयो ।**उहाँको पुत्रले आफ्नो इच्छा र उद्देश्यहरु पूरा गर्नुहुने थियो, तर एक्लै केहि गर्नुहुने थिएन । पिताको इच्छा उहाँमा पूरा हुने थियो ।*** (1SP 17.2)

*पृथ्वी र यसमा भएका जीवजनतु सृष्टि गर्नुभए पछि, पिता र पुत्रले उहाँहरुको उद्देश्य पूरा गर्नुभयो, जुन शैतानको पतन हुन अघि तयार गर्नुभएको थियो, मानिसलाई आफ्नो स्वरुपमा बनाउन । उहाँहरु पृथ्वी र यसमा भएका सबै जीवित प्राणीहरुको सृष्टिमा सँगै हुनुहुन्थ्यो । र अब परमेश्वरले आफ्नो पुत्रलाई भन्नुहुन्छ **"हामी मानिसलाई हाम्रै स्वरुपमा बनऔँ ।"*** (1SP 24.2)

> "परमप्रभुले सृष्टिको प्रारम्भमा नै मलाई सृजनुभयो, उहाँका आदिका सबै कामहरूभन्दा पहिले नै। अनन्तदेखि नै मेरो नियुक्ति भएको थियो, **सबैभन्दा पहिले, संसार**

**सुरु हुनुभन्दा पनि पहिले नै। महासागर नहुँदै मेरो जन्म भएको थियो, पानीले भरिएका खोला-नालाहरू हुनुभन्दा अघि नै। पर्वतहरू आ-आफ्नो स्थानमा स्थापित हुनुभन्दा पहिले नै, पहाड़हरूभन्दा अघि नै मेरो जन्म भएको थियो।उहाँले** पृथ्वी वा यसका जमिन, वा संसारमा धूलाको कण बनाउनुभन्दा अघि नै म सृजिएको थिएँ। उहाँले आकाशलाई त्यसको ठाउँमा बसाल्नुहुँदा,र महासागरलाई क्षितिजले घेर्नुहुँदा, म त्यहाँ थिएँ। उहाँले बादललाई आकाशमा स्थापित गर्नुहुँदा, र महासागरका मूलहरूलाई तिनीहरूका स्थानमा दृढ़सँग बसाल्नुहुँदा, उहाँले समुद्रको सिमाना तोकिदिनुहुँदा– उहाँको आज्ञाभन्दा बाहिर नाघी पानी नजानलाई– र उहाँले पृथ्वीका जगहरू बसाल्नुहुँदा, **म एक कारीगरझैँ उहाँको छेउमा थिएँ। म दिनहुँ हर्षले विभोर हुन्थें, उहाँको उपस्थितिमा निरन्तर आनन्दित भइरहन्थें। उहाँले बनाउनुभएको सिङ्गो संसारमा आनन्दित हुँदै म मानव जातिमा प्रसन्न रहन्थें।"**
(हितोपदेश ८ : २२-३१)

"उहाँ अदृश्य **परमेश्वरको प्रतिरूप**, **सारा सृष्टिका ज्येष्ठ** हुनुहुन्छ, किनकि **उहाँमा नै सबै थोक सृष्टि भएका थिए।** स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे

अधिकारहरू, सबै थोक **उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्।**" (कलस्सी १ : १५-१६)

जब पिताले उहाँ मार्फत र उहाँको निम्ति सबै थोक बनाउनुभयो, के हामी परमेश्वरको पुत्रले अनुभव गरेको आनन्दलाई महसुस गर्न सक्छौं ? वास्तवमा भन्ने हो भने, परमेश्वर र उहाँको पुत्रबीचको सम्बन्धको आनन्द बिश्राम दिनमा हामी प्रत्येकलाई दिइन्छ :

"यसरी आकाशमण्डल र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। आफूले गर्नुभएका काम छैटौँ दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौँ दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। अनि परमेश्वरले सातौँ दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।" (उत्पति २ : १-३)

"तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको **शबाथलाई आदरणीय ठान्यौ**, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, **तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ**, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको

> उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।" (यशैया ५८ : १३-१४)

> "किनकि हामीलाई पनि **तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो।** तर **सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन**, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन्। **किनकि हामी विश्वास गर्नेहरूचाहिँ त त्यस विश्राममा प्रवेश गर्छौं**, जसो उहाँले भन्नुभएको छ, "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्'।**" यद्यपि उहाँका कार्यहरू संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए।"** (हिब्रु ४ : २-३)

यधपि, सृष्टिको हप्ता पछि परमेश्वर र उहाँको पुत्रले सृष्टि गर्न छाडेका भए पनि  पतित मानिसलाई उसको स्वरुपमा पर्नस्थापित गर्न परमेश्वरको सृजनात्मक शक्ति बन्द भएको छैन र यो विशेष गरी सबाथको माध्यमबाट प्रकट हुँदछ । त्यसैकारणले येशूले ३८ बर्षसम्म पक्षघाती भउको व्यक्तिलाई निको पार्नु भएपछि भन्नुभयो उहाँको पिताले सबाथमा निरन्तर काम गर्नुहुन्छ । (यूहन्ना ५ : १७) एडभेन्टिष्ट मानिसहरुलाई विश्वासद्वारा धार्मिकता ल्याउने दुई सन्देशवाहकहरुले शुरुमा परमेश्वर र उहााको पुत्रको आनन्द र संसारको उद्धारको लागि यसको निरन्तरता बीचको सम्बन्ध स्पष्ट रुपमा देखाए । पहिलो स्वर्गदूतको सन्देशमा टिप्पणी गर्दै, वागनर यसो भन्दछन् :

यहाँ हामीलाई स्पष्ट रुपमा हाम्रो अगाडी यो वास्तविकतालाई राखिएको छ कि सुसमाचारको प्रचारमा परमेश्वरलाई सबैकुराको सृष्टिकर्ताको

रुपमा र मानिसलाई उहाँको आराधना गर्न बोलावट गरिने कुराहरु संलग्न रहेको हुन्छ....तर हामीले यो पनि सिक्यौं कि सुसमाचार भनेको ख्रीष्ट मार्फत उद्धारको सुसमाचार हो । सुसमाचार भनेको ख्रीष्टको प्रचार र उहाँको बलिदान समावेश हुन्छ...ख्रीष्ट र उहाँको क्रूसमा टाँगिएको प्रचार परमेश्वरको शक्तिको प्रचार हो, र यसैले यो सुसमाचारको प्रचार हो, किनकि सुसमाचार भनेको परमेश्वरको शक्ति हो । र यो दुरुस्तै त्यो सोचसँग मिल्दछ कि सुसमाचार प्रचार भनेको परमेश्वरलाई सृष्टिकर्ताको रुपमा राख्नु हो ; किनकि परमेश्वरको शक्ति सृजनात्मक शक्ति हो, र ख्रीष्ट उहाँ नै हुनुहुन्छ जसद्वारा सबैकुरा सृष्टि गरिएको थियो....(क्रूसद्वारा सृष्टि) यसैले अनन्तको सुसमाचारको प्रचार भनेको खीष्टको प्रचार हो परमेश्वरको सृजनात्मक शक्ति, जसद्वारा मुक्ति आउँदछ । र त्यो शक्ति जसद्वारा खीष्टले पापबाट मानिसलाई बचाउनु हुन्छ, यो त्यो शक्ति हो जसद्वारा उहाँले यो सारा संसारलाई सृष्टि गर्नुभयो । (अनन्तको करार २१-२३)

तर सबाथ भनेको खीष्टको आत्माको बढी विश्वास प्राप्त गर्ने समयको रुपमा, शक्ति र आनन्द पर्नस्थापना साप्ताहिक सबाथमा सिमित छैन् । लेवी २३ सबाथ सिद्धान्तको विस्तार बाहेक अरु केहि पनि छैन भनेर परमेश्वरको समयको पूर्ण श्रंखला प्रस्तुत गर्दछ :

> "इस्राएलीहरूलाई भन्: 'पवित्र सभा स्वरूप तिमीहरूले घोषणा गर्नुपर्ने **परमप्रभुका तोकिएका चाड़हरू** यी नै हुन्। **"छ दिन काम गरिओस्, तर सातौँ दिनचाहिँ विशेष विश्राम को शबाथ, एक पवित्र सभाको दिन हो। त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नू।** तिमीहरूले जहीँ बसोबास गरे तापनि त्यो परमप्रभुको शबाथ हो।" (लेबी २३ : २-३)

प्रभुले तोक्नुभएको समयहरुको सूचीमा, बिश्राम दिन तिनीहरुको शिरको रुपमा राखिएको छ। किनभने यो छुट्टीहरु स्रोत र माध्यमको सम्बन्धमा छन्, पिता र उहाँको पुत्रको सम्बन्धमा आधारित छ। सबाथको सही अर्थ बुझेर हामी अन्य तोकिएको समयको पनि बुझ्नेछौँ :

***<u>पुन : मानिसहरुलाई सबाथको पवित्र दायित्वको सम्झना गराइयो। बार्षिक चाडहरु नियुक्त गरिएको थियो,</u>*** *जसमा राष्ट्रका सबै मानिसहरु परमप्रभु समक्ष भेला हुने थिए, तिनीहरुले उहाँप्रति कृतज्ञाका भेटीहरु ल्याउने र उहाँको अनुग्रहको पहिलो फलहरु ल्याउँथे। यी सबै नियमहरुको उद्देश्य भनिएको थियो :* ***तिनीहरु केवल मनमानी सर्वभौमिकताको प्रयोगबाट अगाडी बढेका थिए ; सबै कुरा इस्रायलीहरुको भलाईको लागि दिइएको थियो*** *। प्रभुले भन्नुभयो ; "तिमी मेरो निम्ति पवित्र मानिसहरु हौ।" पवित्र परमेश्वरले स्वीकार गर्नुहुनेछ* / (PP 311.2)

तर यो अनुभव तब मात्र सम्भव छ, जब हामीसँग व्यवस्था र सुसमाचारको पुस्तक बीचको समांजस्यपूर्ण सम्बन्धको बुझाई छ, किनकि यो व्यवस्था र व्यवस्थाको पुस्तकको बीचमा अवस्थित छ। ( व्यवस्था ३१ : २६) अन्यथा हामी या त वैधानिकता वा एक सुसमाचार प्रति झुकाव राख्नेछौँ जसले व्यवस्थालाई इन्कार गर्दछ। हामीलाई परमेश्वरको व्यवस्था उहाँका सबै आज्ञाहरु, नियमहरु र न्यायहरु पालना गर्न बोलावट गरिएको छ, दासको रुपमा होइन। तर परमेश्वरका छोराछोरीको रुपमा परमेश्वरका पुत्रको आत्माबाट आएका छौँ।

> "मेरो दास **मोशाका व्यवस्थाको** सम्झना गर, **<u>ती विधि र नियमहरू</u>** जो सारा इस्राएलको निम्ति होरेब पर्वतमा मैले त्यसलाई दिएँ। "हेर, परमप्रभुको त्यो महा र डरलाग्दो दिन आउन अघि म एलिया अगमवक्तालाई पठाउनेछु। **त्यसले बाबुहरूका हृदय तिनीहरूका**

**छोराहरूतिर र छोराहरूका हृदय तिनीहरूका बाबुहरूतिर फर्काइदिनेछ**, नत्रता म आएर देशलाई एउटा श्राप **दिनेछु।"** (मलाकी ४ : ४-६)

विश्वासद्वारा यसलाई ग्रहण गर्न सबैको निम्ति तोकिएको समयमा सबाथको आशिषको विस्तारित माध्यममार्फत प्रतिज्ञा गरिएको खीष्टको आत्माको बढ्दो मात्रामा प्रभुले हामीलाई प्रकट गर्नुहुनेछ । गन्ती २८ र २९ मा बलिदानको सटीक बढ्दो मात्रा र पिठो र तेलको लागि नाप समावेश गरिएको छ । यस बढ्दो आशिषको विस्तृत अध्ययन "लिभिङ ब्रेड फ्रम हेभन " मा पाउन सकिन्छ । प्रायश्चितको दिनमा स्वर्गीय पवित्रस्थानमा रहेको अभिलेखबाट पापहरु मेटाउनु भनेको प्रभुको उपस्थितिबाट स्फूर्ति प्राप्त गर्नुसँग सम्बन्धित छ :

"**यसकारण** पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका **पाप मेटिऊन्**, र **परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्**, र उहाँले तपाईंहरूका निम्ति अघिबाटै नियुक्त गर्नुभएको **ख्रीष्ट**, **अर्थात् येशूलाई पठाइदिनुहुन्छ।"** (प्रेरित ३ : १९-२०)

यो कुनै संयोग होइन कि, पाप प्रणाली मार्फत, शैतानले बिश्राम दिन मात्र परिवर्तन गर्ने योजना गरे, तर चाडहरु पनि हुन्, यसले परमेश्वरको मानिसहरुलाई प्रभुको स्फूर्तिबाट बञ्चित गऱ्यो ।"

उसले (पोपतन्त्र) **धार्मिक चाडपर्व र कानुन** बदल्ने विचार गर्नेछ, र पवित्रजनहरु एकसमय, समय र आधा समयको लागि उसलाई सुम्पिनेछ" (दानिएल ७ : २५-क्रिसचियन स्टाण्डर्ड बाइबल)

हामीलाई भनिएको छ कि पछिल्लो समस्याको अघि पूर्ण सबाथको पुर्नस्थापना आत्माको भरणसँग सम्बन्धित छ । र यसले दुवै पतित चर्चहरु र नाम मात्रको एडभेन्टिष्टहरुको केधलाई निम्त्याउँदछ :

मैले देखे कि परमेश्वरको छोराछारीहरु थिए, जसले सबाथलाई देख्दैनन् र पालना गर्दैनन् । तिनीहरुले यसमा भएको प्रकाशलाई अस्वीकार गरेका छैनन् । **अनि संकटको शुरु भएपछि , हामी पवित्रआत्माले भरियौं किनकि अघि बढ्दै जाँदा बिश्राम दिनको अझ विस्तृत घोषणा गरौं । यसले बिश्रामदिनको स**तयताको खण्डन गर्न नसक्दा चर्च र मुखय एडभेन्टिष्टहरु रिसाए । अनि यस समयमा परमेश्वरका चुनिएका सबैले हामीसँग सत्यता छ भनेर स्पष्टसँग देखेका थिए, र तिनीहरु बाहिर निस्के र हामीसँगै सतावट भोगे । मैले तरवार, **अनिकाल, रुढी र देशहरुमा ठूलो गोलमाल** भएको देखे । (EW 33)

यी घटनाहरुले समस्याको शुरुमा इ्रायलीहरु मिश्रबाट प्रस्थानको नमुनालाई पछ्याउँछन् :

> "**यी कुराहरू तिनीहरूलाई उदाहरणको रूपमा भएथे** र हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युग-**युगको अन्त्य आइसकेको छ।**" (१ कोरिन्थी १० : ११)
>
> "त्यसपछि मोशा र हारून फारोकहाँ गएर भने, "परमप्रभु इस्राएलीहरूका परमेश्वर यसो भन्नुहुन्छ, 'उजाड़-स्थानमा **मेरो निम्ति चाड़ मनाउनलाई** मेरो प्रजालाई जान दे'।" फारोले भने, "परमप्रभु को हो, र म तिनको कुरा मानेर इस्राएलीहरूलाई जान दिऊँ परमप्रभुलाई म चिन्दिनँ, र इस्राएलीहरूलाई म जान पनि दिन्नँ।" तब तिनीहरूले

**भने, "हिब्रूहरूका परमेश्वरले हामीलाई भेट गर्नुभएको छ। बिन्ती छ, उजाड़-स्थानमा तीन दिनको बाटो गएर हाम्रा परमेश्वरको निम्ति बलि चढ़ाउन हामीलाई जान दिनुहोस्, नत्रता उहाँले हामीलाई रूढ़ी वा तरवारले प्रहार गर्नुहुनेछ।** तब मिश्रका राजाले तिनीहरूलाई भने, "ए मोशा र हारून, तिमीहरू मानिसहरूका काममा किन बाधा गर्छौ? तिमीहरू आफ्ना काममा लाग।" फारोले फेरि भने, "हेर, देशका मानिसहरू अब धेरै भएका छन्, र तिमीहरूचाहिँ तिनीहरूलाई काम गर्नबाट रोक्न चाहन्छौ!" (प्रस्थान ५ : १-५)

इस्रायलीहरु मिश्र छोड्नुभन्दा अघि मोशाले बिश्राम दिनलाई पुन : स्थापित गरे र त्यसपछि फारोलाई भोज मनाउन भने ताकि तिनीहरु तरवार र रुढीले मारिन नपरोस् । तयसैले अन्तको समयमा परमेश्वरका मानिसहरु सर्वशक्तिमानको छायाँमा लुकिनेछन्, र महामारीले उनीहरुको छाउनीमा आक्रमण गर्ने छैन् । (भजनसंग्रह ९१ : १,१०) जब विध्वंसक् शैतान ; आउँछन् जो आफ्नो पशुको चरित्र अनुशरण गर्नेहरुलाई नाश गर्न : जब तेस्रो स्वर्गदूतको सन्देश बन्द हुन्छ, दयाले पृथ्वीको दोषी बासिन्दाहरुको लागि विन्ति गर्दैन ।

*- परमेश्वरका मानिसहरुले आफ्ना भम्र पूरा गरे ।* ***तिनीहरले, "पछिल्लो वर्षा" पाए "प्रभुको उपस्थितिबाट स्फूर्ति पाए"*** *र तिनीहरु उनीहरको जाँचको घडीको निम्ति तयार छन् । स्वर्गदूतहरु स्वर्गमा हतार गर्दै तल माथि गर्दैछन् पृथ्वीबाट फर्केका एक स्वर्गदूतले आफ्नो काम सकियो भनेर घोषणा गरे ; अन्तिम परिक्षा संसारको अघि ल्याइएको छ,* ***र जसले आफूलाई परमेश्वरको आज्ञाहरु प्रति वफदार सावित गरेका छन् "जीवित परमेश्वरको छाप ।" तिनहिरुले पाएका छन् । तब येशूले***

*माथिको पवित्रस्थानमा आफ्नो मध्यस्तता रोक्नुहुन्छ, जब उहाँले पवित्रस्थान छोडनुहुन्छ ; अन्धकारले पृथ्वीका वासिनदाहरुलाई समेट्छ.....दुष्टमा भएको संयम हटाइन्छ ; र शैतानको अन्तत : शैतानको निर्दयिता साथ सम्पूर्ण रुपमा नियन्त्रण गर्दछ ...परमेश्वरको आत्मा दृदयता पूर्वक (धर्यता, सहनसिलता) संर्घष गर्नुभयो ; अन्तत हटाइएको छ । परमेश्वरको पवित्र अनुग्रहले अप्रसन्न तिनीहरुसँग दुष्टबाट कुनै सुरक्षा छैन् । तब शैतानले पृथ्वीका वासिन्दाहरुलाई एउटा ठूलो अन्तिम समस्यामा डुबाउँछ । परमेश्वरका स्वर्गदूतहरुले मानव उत्कटताका तिब्र बतासहरुलाई रोक्न छोड्दा झगडाका सबै तत्वहरुलाई छोडिनेछ । पुरानो यरुशलेममा भएको भन्दा पनि भयङ्कर विनाशमा सारा संसार सामेल हुनेछ ।* (GC 613.614)

यो स्पष्ट हुन्छ  कि धर्मशास्त्रले परमेश्वरको क्रोध वा रिस भन्ने कुरा भनेको परमेश्वरबाट सीधै आएको सजाय होइन, तर परमेश्वरको आत्माले अन्तिम विस्फोट वर्षात ; दुष्टहरु दयाको अन्तिम सनदेशहरु द्वारा इन्कार गरियो । “पशु” माथिको विजय (पोपतन्त्र) यसको “स्वरुप” हो । चर्च र राज्यहरुको मिलन र यसको चिन्ह झूटो “सबाथ” हो । पवित्रआत्मा मार्फत परमेश्वरको चरित्रको अनुसार तिनीहरुको चरित्रको रुपान्तरणबाट परमेश्वरका मानिसहरुमा कामहरु समपन्न हुनेछन् । जुन सबाथ र त्यसको विस्तारमा अधिक मात्रामा दिन्छ - परमेश्वरका सबै तोकिएका समयहरु ।

> “मैले स्वर्गमा ठूलो र अचम्मको अर्को एउटा चिन्ह देखें: सात स्वर्गदूतहरूले सात वटा अन्तिम विपत्ति लिएका थिए, किनकि **तिनीहरूमा नै परमेश्वरको क्रोध समाप्त भएको छ। आगोसँग मिसिएका काँचको समुद्रजस्तो मैले देखें। त्यहाँ पशु र त्यसको मूर्तिमाथि र त्यसका नाउँको**

**संख्यामाथि** विजय पाउनेहरू आफ्ना हातमा परमेश्वरको वीणा लिई त्यस काँचका समुद्रको किनारमा खड़ा थिए। तिनीहरूले यसो भनेर **परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए**, **"हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्।"** (प्रकाश १५ : १-३)

# ११. बेबिलोनको पतनको कारण के थियो ?

> “अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, “पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् **बेबिलोनको पतन भयो।”** (प्रकाश १४ : ८)

हामीले अघिनै देखेका छौँ ; बेलसजरको दरवारको भित्तामा द्वेषपूर्ण शब्दहरु घोषणा गर्ने बेबिलोनका पतन उही हातले गरिएको थियो । र जब येशरुले कराउनुभयो “यो सकियो !” यो माथिबाट तल च्यातियो र यस पर्दाले पार्थिव मन्दिरको पवित्रस्थानबाट महापवित्रस्थानलाई अलग गऱ्यो । उहाँको अतुलनिय करुणा, दया र प्रेमको जीवन मार्फत, र उहाँ क्रूसमा मर्नुभन्दा पहिले उहाँ स्वयम - इनकार भएको कहिल्यै देखिएको थिएन, येशूले आफ्नो पिताको बारेमा डाँडाको उपदेशमा सिकाउनु भएको कुरालाई पुष्टि गर्नुभयो :

> “तिमीहरूले यसो भनेको सुनेका छौ, ‘तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।’ तर म तिमीहरूलाई भन्दछु, **आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र <u>तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ।</u> उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ।** किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम

> छ ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र ? तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गर्‍यौ र ? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र ? **<u>यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।"</u>** (मत्ती ५ : ४३-४८)

यधपि, बेबिलोनको पूर्ण पतन पृथ्वीमा त्यस्तो मानिसहरु हुनु भन्दा पहिले हुन सक्दैन जुन पूर्ण तवरले उस्तै चरित्रलाई प्रतिबिम्बित गर्दछ । जब अनन्तको सुसमाचार प्रचार गरिन्छ, तब शैतानको झूटो न्याय प्रणाली मार्फत घृणितकार्य जसले विनाशलाई निम्त्याउँछ त्यसको पूर्ण तवरले निन्दा हुनेछ ;.....

किनभने पोप १७९८ मा कैद गरिएको थियो र सन् १८४४ मा पोटेस्टेन्ट चर्चहरु बेबिलोनको छोरीहरुको रुपमा प्रस्तुत भए किनकि खीष्टको चाँडै आउने सन्देशलाई इन्कार गरिएको थियो, किनकि पहिलो स्वर्गदूतको सन्देश त्यस ढंगले प्रचार गरिएको थिएन जसले बेबिलोनको पूर्ण पतन ल्याउँदछ । परमेश्वरको चरित्रको गलत धारणाको घृणा अझै पनि अरबौको हृदयमा बास गर्दछ, र त्यसले पोपको घाउ लगभग पुर्ण रुपमा निको भयो । (प्रकाश १३ : ३) त्यसैले, जब सुसमाचारको प्रचारको कुरा समयको अन्त्यमा हुनेछ, येशू यो घृणित कुरा जीवितै रहने भनि देखाउनु हुन्छ :

> "अनि **राज्यको यो सुसमाचार सारा संसारमा** सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, **त्यसपछि अन्त्य आउनेछ।** "यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको **विनाशकारी घृणित**

**थोक** पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले **बुझोस्)**, (मत्ती २४ : १४-१५)

तीन स्वर्गदूतको सन्देशहरु अनन्त सुसमाचारको ढाँचामा ठ्याकै बुझ्नुपर्दछ र प्रचार गर्नु पर्दछ ; जसले देखाउँछ कि :

१. पुरानो र नयाँ करारका बीच सामाजस्यपूर्ण सम्बन्ध कराहरु) पिता र पुत्र बीचको सम्बन्धको नमुना अनुसार (स्रोत र माध्यम, जरा र फल) अनन्त करारको रुपमा (हिब्रु १३ : २०)

२. परमेश्वरको डर परमेश्वरको ज्ञानको शुरुवातको रुपमा छ, जुन ख्रीष्ट एकमात्र पुत्रको रुपमा हुनुहुन्छ जो पिताको शुद्ध अगापे प्रेमको पुत्र हुनुहुन्छ (१ कोरिन्थी १ : २४, १ यूहन्ना ४ : ९-११, २ यूहन्ना १ : १-३)

३. स्वर्गमा हुनुहुने हाम्रो पिताको सत्य, अहिंसक स्वभावको प्रतिबिम्बको रुपमा परमेश्वरलाई महिमा दिने उहाँ पृथ्वीमा आफ्नो पुत्रले प्रकट गुर्नभए जस्तै हुनुहुन्छ । (यूहन्ना १७ :३,४)

४. परमेश्वरको न्यायलाई त्यस समयको रुपमा जब हामीलाई परमेश्वरको पुत्रको आत्मा मार्फत धर्मपुत्रको पूर्णतामा प्रवेश गर्न आमन्त्रित गरिएको छ ताकि हामी देख्नसक्छौं कि “ख्रीष्ट येशूमा हुनेहरुलाई कुनै आरोप छैन् । ” (रोमी ८ : १)

हामीले पितालाई हाम्रो सोचाईमा ऐना देखाए जस्तो गरेर होइन ; तर उहाँको पुत्रले प्रकट गरे जस्तो गरी - जसले कसैलाई दोषी ठहऱ्याउँदैन, तर सबैको इच्छालाई सम्मान गर्छ कि उसले परमेशवरको चरित्रको बारेमा तिनीहरको धारणा अनुसार न्याय गर्दछ । तसर्थ, पिताको प्रेम

जो पुत्र मार्फत हामीमा आउँदछ जसले हरेक डरलाई हटाउँदछ, किनभने डरको आफैमा सजाय छ, र यसरी हामी वास्तविक्तामा न्यायको दिनमा विश्वास गर्न सक्छौँ । (१ कोरिन्थी १३ : १२, यूहन्ना ५ : २२, १ यूहन्ना ४ : १५-१८)

५. सबाथ भनेको समय मन्दिरको रुपमा हो जसले हामीलाई उहाँको पुत्र मार्फत परमेश्वरको उपस्थिति गराउँदछ, आफ्नो पिताको काखमा आराम र पुन : आराममा सबै खुशी समावेश सहित, उसले हाँसिल गरेको कार्यहरुमा भन्दा उहाँसँगको सम्बन्धमा निरन्तर उहाँको पहिचानलाई पुष्टि गर्दै । हाम्रो स्वर्गमा हुनुहुने पिताको सबै नियुक्त समयहरुमा यो एकमात्र पुत्रको पवित्रआत्माको वरदान केवल यो स्वतन्त्र र आशीर्वाद बिनाको सबाथ सिद्धान्तको विस्तारको रुपमा बुझिन्छ ( लेबी २६ : २, लेबी २३ : १-३, मत्ती ११ : २५-३०) ।

जब यी समाग्रीहरु पहिलो स्वर्गदूतको सन्देशमा उपस्थित हुन्छन्, तब हामी वास्तवमै यसको वास्तविक प्रसंगमा प्रचार गर्छौं - अनन्त सुसमाचार, र यसको अर्थ यो छ कि बेबिलोनको पतन हामीमा रहेको परमेश्वरको चरित्रको प्रकटबाट सुरक्षित हुनेछ - तपाईमा खीष्ट - महिमाको आशा हुनुहुन्छ (कलस्सी १ : २७) ती मानिसहरुको अदितिय गितको पाठ सुन्नुहोस् जसले पशुलाई, उसको मूर्तिलाई र उसको छापलाई हरायो, जसले अनन्त सुसमाचारको सन्दर्भमा पहिलो स्वर्गदूतको सन्देशका सिद्धानतहरुलाई पूर्ण रुपमा समाहित गऱ्यो :

> तिनीहरुले यसो भनेर परमेश्वरको दास मोशाको भजन र थुमाको भजन गाउँदै थिए, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान ; तपाईका कार्य महान र आश्चर्यपूर्ण छन् ; युगयुगका महाराजा ; तपाईका मार्ग धार्मिक र सतय छन । हे परमप्रभु ; **तपाईको डर कसले मान्दैन** (परमेश्वरसँग डराउनु) र **तपाईका नाउँको महिमा** कसले गर्दैन ? (उहाँको चरित्र झल्काउनु) किनकि तपाई मात्र पवित्र हुनुहुन्छ । सबै

जातिले **आएर तपाईलाई दण्डवत गर्नेछन्,** (उहाँको अघि जसले स्वर्ग र पृथ्वी बनाउनुभयो) किनभने तपाईका धार्मिक कार्यहरु प्रकट भएका छन् ।" (न्यायको स्वरुप) **यी कुरापछि मैले हेरें, र स्वर्गमा गवाहीका मण्डपको मन्दिर उघारियो।** (प्रकाश १५ : ३-४)

जब अनन्त सुसमाचारको यो गती हृदयमा ख्रीष्टको आतमाको साथ गराइन्छ ; सबैभन्दा पवित्र ठाउँ खुल्दछ (महापवित्रस्थान) किनभने स्वर्गमा हुनुहुने हाम्रो पिताको चरित्र उहाँसँग पूर्ण रुपमा संसारमा प्रस्तुत गरिएको छ । दुर्भाग्यवस, धेरैजसो विश्वले यो महिमा देख्छ, यसको पछाडी फर्कने इच्छा गर्दछ, र त्यसो गर्दा तिनीहरु आफै तिनीहरुको दयाको समय समाप्त हुनेछ र विपत्तिहरु पछि लाग्नेछ ।

# १२. बेश्याको मद्य परमेश्वरको क्रोधमा बदलिन्छ

"अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! **जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।"** (प्रकाश १४ : ८)

"त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, त्यसले पनि **उहाँका क्रोधको कचौरामा केही नमिसाई** तयार गरिएको परमेश्वरका **क्रोधको कड़ा** मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने **आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ।** तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि **<u>आराम पाउनेछैनन्।"</u>** (प्रकाश १४ : ९-११)

"यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। **<u>तिनको वैभवले पृथ्वी</u>**

**<u>उज्यालो भयो।</u>** तिनले यसो भनेर शक्तिशाली सोरले कराए: **"महानगरी बेबिलोनको पतन भयो**, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। किनकि सबै जातिहरूले **त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्**, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।" तब मैले स्वर्गबाट यसो भनिरहेको अर्को आवाज सुनें: **"हे मेरा मानिस हो**, **त्यसबाट निस्केर आओ**, **नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ**, **र त्यसका <u>विपत्तिहरू</u> तिमीहरू भोग्नेछौ,"** (प्रकाश १८ : १-४)

दोस्रो देखि चौथो स्वर्गदूतसम्मको समय भनेको शेष जनहरुको अनन्त सुसमाचारको पूर्ण प्रतिनिधित्व गर्न असफलताको साथमा ढिलाई भएको परिणाम हो ; उनीहरुको तेस्रो स्वर्गदूतको सन्देशको पूर्ण अर्थको सम्बन्धमा गलत बुझाईको कारण :

*यदि उनीहरु (शुरुका एडभेन्टिष्ट) अझै पनि मार्गदर्शनको हातमा भरोसा राखेका हुन्थे जुन उनीहरुको विगतका अनुभवमा उनीहरुसँग थियो, तिनीहरुले परमेश्वरको उद्धार देखेका हुन्थे । यदि सबै जसले १८४४ मा एकताबद्ध भएर काम गरेका थिए,* ***<u>तेस्रो स्वर्गदूतका सन्देश पाएका हुन्थे र यसलाई पवित्रआत्माको शक्तिमा घोषणा गरेका हुन्थे भने,</u>*** *प्रभुले उनीहरुको प्रयासको साथ जोडले काम गर्नुहुने थियो । प्रकाशको बाढी संसारमा बगेको हुने थियो । धेरै बर्ष पहिले पृथ्वीका बासिन्दाहरुलाई*

*चेतावनी दिएको थियो, त्यो अन्तिम कार्य सम्पन्न भयो, र ख्रीष्ट आफ्ना जनहरुको छुटकाराको लागि आउनुभएको हुन्थ्यो ।* (GC 457)

*हामी हाम्रो अगाडी एउटा विशेष काम भएको देख्छौँ । अब हामी पवित्रआत्माको अगुवाइको निम्ति हामीले कहिल्यै नगरेको जस्तो प्राथना गर्नुपर्दछ । हामी प्रभुलाई सम्पूर्ण हृदयले खोजी गरौं ताकि हामी उहाँलाई भेट्न सकौँ । हामीले तिन स्वर्गदूतहरुको सन्देशको प्रकाश पाएका छौँ ; र अब हामी निश्चित रुपमा अगाडी आउन र सत्यको पक्षमा हाम्रो स्थिति लिन आवश्यक छ । प्रकाशको चौथो अध्याय गहिरो चासोको अध्याय हो ।* ***यो धर्मशास्त्र चाँडैनै यसको सबै भोगाईहरुमा बुझिन्छ र प्रकाशको पुस्तक लेख्ने यूहन्नालाई दिएका सन्देशहरु स्पष्ट उच्चारणसाग दोह्रोरिनेछन् । प्रकाशको १८ औं अध्यायमा भएको भविष्यवाणी चाँडै पूरा हुनेछ*** *। तेस्रो स्वर्गदुतको सन्देशको घोषणाको बेला* ***"अर्को स्वर्गदूत" ठूलो शक्तिसित स्वर्गबाट ओर्लेर आउँदछ "र पृथ्वी " उहाको महिमाले उज्यालो हुँदछ । प्रभुको आत्मा यति कृपालुपूर्वक पवित्र भएकाहरुलाई आशिष दिनुहुनेछ मानव उपकरणहरु जुन पुरुष, महिला र बच्चाहरुले प्रशंसा (चरित्र) र*** *धन्यवादको लागि आफ्नो ओठ खोल्नेछन् ;* ***परमेश्वरको ज्ञानले पृथ्वी भर्नेछ पानीले समुद्ध ढाके जस्तो ।*** (RH October 13, 1904, par. 1-3)

हामीलाई भनिएको छ कि यो दोहोरिने काम येशूको पृथ्वीको उद्देश्यमा उस्तै छ :

*जब येशूले आफ्नो सार्वजनिक सेवाकाईको थलानी गर्नुभयो, उहाले मन्दिरलाई यसको भ्रस्टता र अशुद्धताबाट शुद्ध पार्ने काम गर्नुभयो । उहाँको सेवाकाईको अन्तिम कार्यहरु मध्ये एक मन्दिरको दोस्रो शुद्धियाइ थियो ।* ***त्यसैले संसारको चेतावनीको लागि अन्तिम काममा, चर्चहरुलाई दुई अलग बोलावट गरिन्छ । दोस्रो स्वर्गदूतको सन्देश यो छ,*** *"बेबिलोनको पतन भयो, पतन भयो त्यो महानगरीको पतन भयो, जाति*

*जाति आफ्नो व्यभिचारको कोधको मद्य पिउन लगाउने महान बेबिलोनको पतन भयो ।" र तेस्रो स्वर्गदूतको* ***ठूलो आवाजमा स्वर्गबाट एउटा आवाज आयो " हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ,*** *नत्रता त्यसका पापहरुसँग तिमीहरु पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरु तिमीहरु भोग्नेछौ, किनकि त्यसका पापहरु स्वर्गसम्मै थुप्रो लागेका छन्, र परमेश्वरले त्यसका अधर्महरु सम्झनुभएको छ ।* (1888 Materials, 1078.7)

मन्दिरमा व्यपार गर्ने एउटा समस्या जसको शुरुवात जब लुसिफरले एकमात्र पुत्रको उपासना गर्न अस्वीकार गऱ्यो र आफ्नो जन्मजात स्रोत र जन्मजात धार्मिकताको झूटलाई प्रस्तुत गरे तब देखिनै भएको थियो । (इजकिएल २८ : १६,१८) किनकि यो लेनदेनहरुको व्यपार परमेशवरको छोरा र छोरीको रुपमा हाम्रो सम्बन्धको पहिचान र मूल्य बाहिर गरिन्छ, जहाँ विश्वासको नियम छ कि, हामीसँग केहि फिर्तामा अरुलाई दिनको लागि केहि व्यक्तिगत छ (१ कोरिन्थी ४ : ७) मन्दिरको अन्तिम सफाई, चौथो स्वर्गदूतको सन्देशमा बढेको प्रकाशको माध्यमबाट हामीलाई येशू माथिको विश्वास र हाम्रो साँचो मूल्यमा पूर्णरुपमा पन : स्थापित गर्नु हो जब परमेश्वरका छोराछोरीहरु उहाँको एकमात्र पुत्रमा स्वीकारियो । (मत्ती ३ : १७ ; एफिसी १ : ६), र पुरानो करारको शारीरिक मानिसको सोचको प्रदर्शनहरु र उपलब्धिहरु मार्फत होइन् (प्रस्थान १९ : ८) ।

त्यस्ता विश्वासको साथमात्र हामी धर्मि ठहरिन्छौं र परमेश्वरको राज्यका सबै सिद्धानतहरु पालना गर्न सक्षम हुन्छौं- उहाँको आत्मिकि नियमहरु, कानुनहरु र अध्यायदेशहरु । (रोमी ७ : १४) केवल यस्तो मात्र धार्मिकताद्वारा मात्र हामी महापवित्रस्थानमा परमेश्वरको चरित्रलाई सम्मान गर्न पूर्ण रुपमा तयार हुन्छौँ जस्तो पृथ्वीमा उहाँको पुत्रको जीवन मार्फत प्रकट गरिएको छ। तब हामी देख्नसक्छौं कि परमेश्वरको कोध, जुन तेस्रो स्वर्गदूतले चेतावनी दिँदाछन्, त्यो बेश्या बेबिलोनको कोध हो । सबैजातिहरु र चर्चहरुलाई परमेश्वरको चरित्रको बारेमा

यसको भ्रमक शिक्षाले मताए पछि, तिनीहरुलाई अनन्त सुसमाचारको सत्यता प्रस्तुत गरेको भएता पनि तिनीहरुले त्यसको गम्भिरतालाई अस्वीकार गरे, हाम्रो स्वर्गमा हुनुहुने पिताले अन्तमा ठूलो शोक र दु:खको साथ अनुमति दिनुहुनेछ, यो क्रोध तिनीहरुमा फर्किनु पर्छ, यसलाई परमेश्वरको क्रोध भनिनेछ, किनभने त्यसरीनै शारीरिक मानिसहरुमा यो देखा पर्नेछ :

> "तर हाम्रो अधार्मिकताले परमेश्वरको धार्मिकतालाई प्रकाशमा ल्याउँछ भने, हामी के भनौं के परमेश्वरको **<u>क्रोध हामीमाथि आइपर्दा उहाँले अन्याय गर्नुहुन्छ</u>**, म मानिसले जस्तै तर्क गर्दछु।) (रोमी ३ : ५)
>
> तिनीहरूका हृदयको कठोरतामा **<u>दुःखित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो</u>** अनि त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसाऱ्यो र त्यसको हात निको भयो। -(मर्कूस ३ : ५)
>
> "परमप्रभु त उहाँकै न्यायद्वारा चिनिनुहुन्छ। **दुष्टहरूचाहिँ आफ्नै हातका कामको जालमा फसेका छन्।** (हिग्गायोन)" भजनसंग्रह ९ : १६)

"अनि तिमीले देखेका दश सिंह र त्यस पशुले त्यस वेश्यालाई घृणा गर्नेछन्, **<u>र त्यसलाई एक्लो र नाङ्गो पार्नेछन् ; त्यसको मासु खानेछन् ; र त्यसलाई आगोमा भस्म पारिदिनेछन</u>** । किनकि **परमेश्वरको वचन**

**पूरा नहुन्जेल एक मनको भई** (परमेश्वरले पापलाई पापद्वारा सजाय दिन अनुमति दिनुहुन्छ) तिनीहरुले आफ्नो राजकिय शक्ति त्यस पशुलाई दिएर उहाँको अभिप्राय पूरा गर्न परमेश्वरले तिनीहरुका हृदयमा यो विचा।र हालीदिनुभयो ! (प्रकाश १७ : १६,१७)

तसर्थ, जब उहाँ आफ्नो पुत्रमा उहाँको साँचो चिनारी स्वीकार्नेहरुलाई बेबिलोनबाट बाहिर आउन बोलाउनु हुन्छ ; उनको विपत्तिमा भाग नलिनको लागि परमेश्वरले उनीहरुलाई त्यसो गर्न भन्नुभएको छ ( प्रकाश १८ : ४) । परमेश्वरको कोध र उहाँको कष्टहरु वास्तवमा वेश्याको कोध र विपत्तिहरु हुन ; उनी र राष्ट्रहरु माथि आइपर्न छाडे किनकि , तिनहिरुले परमेश्वरको साँचो चरित्रलाई अस्वीकार गरेका छन् ; तिनहिरुले घटनाहरुलाई यसरी हेर्न रोजे । त्यसैकारणले, सबाथको सन्देशलाई पूर्ण रुपमा अस्वीकार गर्ने छनौट गरेर ; तिनीहरु यो तोकिएको समयमा निहित पिताको काखमा परमेश्वरको पुत्रको विश्वासबाट बञ्चित हुन्छन्, यसको परिणाम यो हुन्छ कि त्यहाँ उनीहरुको लागि "दिन र रात" बिश्राम छैन :

> "त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र **गन्धकमा** त्यसलाई यातना दिइनेछ। तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" (प्रकाश १४ : १०-११)

'गन्धकको लागि यहाँ प्रयोग गरिएको ग्रीक शब्दको निम्न परिभाषाहरु छन् :

> Θειον : (थिइओन, थिइआस सँग सम्बन्धित - (इश्वरीयको बारेमा) मजबुद परिभाषा : १. गन्धक (क) पवित्र धुप..

उडभेन्टिजमको अग्रजहरुलाई यो कुरा थाहा थियो कि यो आगोले सम्पूर्ण युगको लागि दुष्टतालाई जलाउन सक्दैन, किनकि यो परमेश्वरको धार्मिक चरित्रहरुको विरुद्धमा हुने थियो । आज हामीलाई परमेश्वरको चरित्रको बारेमा यस सत्यको साँघुरो मार्गको अर्को चरणमा हिँडन आह्वान गरिएको छ, यो कुरा बुझ्न कि स्वर्गमा बस्नुहुने हाम्रो पिता यस पीडाको स्रोत हुनुहुन्न, तर उहाँको प्रेमिलो उपस्थितिले पापलाई यसको विनाशकारी प्रकृतिमा प्रकट गर्दछ, र यो प्रकियाले न्यायलाई पूरा गर्दछ ।

हामी परमेश्वरको आज्ञा भंग गर्नेहरुको लागि अन्धकारको सङ्लाहरुलाई पढ्दछौं । हामी नमर्ने किरा र निभाउन नसक्ने आगोको बारेमा पढ्छौं । यसैले यसले प्रत्येक **व्यक्तिको अनुभवलाई प्रतिनिधित्व गर्दछ जसले** आफूलाई शैतानको भण्डारमा अंश हुन अनुमति दिएको छ, जसले पापी गुणहरुको कदर गरेको छ । जब ढिलो हुँदछ, उसले बुझ्नेछ कि पाप भनेको परमेश्वरको व्यवस्थाको उल्लंघन हो । उसले बुझ्नेछ कि अपराधको कारण उसको आत्मा परमेश्वरबाट अलग पारियो र परमेश्वरको कोध उहाँमा रहयो । **यो आगो कहिल्यै ननिभ्ने खालको छ,** र यसबाट सबै अपत्यचारी (पाप स्वीकार नगरेको) पापीहरु नष्ट हुनेछन् । शैतानले मानिसजातिलाई पापमा डोह्येऱ्याउन निरन्तर प्रयासरत छ, र जसले डोह्येऱ्याउन इच्छुक हुन्छन्, र जसले आफ्नो पाप त्याग्न अस्वीकार गर्दछ, र क्षमा र अनुग्रहलाई तुच्छ ठान्दछ, **उसले आफ्नो मार्गको पणिाम भोग्नेछ ।** (ST, Apri 14, 1898.par 13)

यो परमेश्वरको तर्फबाट स्वच्छिक शक्तिको कार्य होइन । उहाँको कृपालाई अस्वीकार गर्नेहरुले उनीहरुले छरेको कटनी गर्नेछन् । परमेश्वर जिवनको मूल हुनुहुन्छ ; र जब एक जनाले पापको सेवालाई छनौट गर्दछ, ऊ परमेश्वरबाट अलग हुँदछ र आफूलाई जीवनबाट अलग गर्दछ । ऊ “परमेश्वरको जीवनबाट अलगिगएको छ ।” खीष्टले भन्नुहुन्छ ; “मलाई घृणा गर्नेहरु सबैले मृत्युलाई प्रेम गर्दछन ।” एफिसी ४ : १८ ; हितोपदेश ८ : ३६ । परमेश्वरल उनीहरुलाई एक समयको लागि अस्तित्व दिनुहुन्छ कि उनीहरुले आफ्नो चरित्र विनाश गर्न र आफ्ना सिद्धानतहरु प्रकट गर्न सक्दछन् । तिनीहरुले आफ्नै छनौटको नतिजा प्राप्त गर्दछन् त्यही नै यसको उपलब्धि हो । विद्रोहको जीवनद्वारा शैतान र उसकोसाथ एकतामा बाँध्ने सबैले आफूलाई परमेश्वरको मिलापबाट टाढा राख्छन कि उहाँको उपस्थिति तिनीहरुको लागि भस्म पार्ने आगो हुँदछ ।

प्रेमको महिमाले तिनीहरुलाई नष्ट गर्दछ ।

## (DA 764.1)

जो प्रेम हुनुहुन्छ उहाँको महिमाले पापलाई यसरी उदाङ्गो पार्दछ कि यसको दोषले पापीलाई मार्नेछ, जसरी परमेश्वरको पुत्र संसारको पापले क्रूसमा मर्नुभयो । आउनुहोस ; उठौँ र खडा हौँ हाम्रा दयालु र धिरजी पिताको चरित्रको बारेमा सहश्राब्दि भ्रमहरु हल्लाउन उठौं । जसले गर्दा हामी उहाँको महिमा प्रतिबिम्बित गर्न सकौँ र चौथो स्वर्गदूतको ज्योति सँगै चम्कन सकौँ, जसले एक्लै बेबिलोनलाई उजागर गर्न सक्दछ !

# निष्कर्ष

स्वर्गमा महान विवादस्पदको शुरुमा, लुसिफर, जीवन र मृत्युको स्वतन्त्र स्रोतमा विश्वास गरेर आत्मा- त्यागको दिशामा अघि बढे, परमेश्वरको व्यवस्था प्रस्तुत गरियो र यसैले परमेश्वरको चरित्रलाई मनमानी र कृत्रिम ढंगले थोपरियो, र त्यसैले परमेश्वरको शासनको चरित्र प्रेमको थिएन । जब उनले यसमा धेरै स्वर्गदूतहरुलाई धोका दिन सफल भए, तब उनीहरुको निर्ण्नयको अपरिवर्तनियता घोषणा गरेर उनले सुरक्षित गरे, उनीहरुले परमेश्वर र उहाँको पुत्रमा फर्कने निर्णय गरे ता पनि, परमेश्वरले उनीहरुलाई क्षमा गर्नुहुनेछैन् । यी बीचारहरुनै बेबिलोनको विचार हो, र धर्मशास्त्रले उनीहरुलाई घृणितकार्य भन्यो किनकि उनीहरुले पिताको दयालु अनुहार लुकाए र त्यस व्यक्तिले पापलाई देवताको अनुचित अत्याचारबाट स्वतन्त्र हुने मार्गको रुपमा बुझ्न लगाउँदछ जुन वास्तविकतामा स्वर्गमा हुनुहुने हाम्रो पितासँग कुनै सरोकार छैन, बरु शैतानको आफैको नक्कल हो । शैतानले स्वतन्त्रता र प्रेमको सरकार प्रस्ताव गरेको दावी गर्छ, तर उसको सरकार वास्तविकतामा, असुरक्षा र लोभमा आधारित छ । जब हाम्रो प्रथम मातापिताले ती झूटहरुलाई गहिरोसँग हृदयमा अँगाले ; तिनीहरुको न्यायको समझले शैतानको प्रणालीलाई प्रतिबिम्बित गऱ्यो कि हरेक पापलाई दण्डीत गर्नुपर्दछ र रगत नबगाई त्यहाँ कुनै क्षमा हुँदैन । जब बलिदान प्रणाली र ख्रीष्टको क्रूसिकरणलाई परमेश्वरले हामीलाई क्षमा दिन सक्षम हुनुपर्ने कुराको रुपमा बुझिन्छ, हाम्रा स्वर्गमा हुनुहुने पिता हामीसँग प्रक्रियामा पुग्न सहमत हुनुहुन्छ जुन व्यवस्थाले मानिसमा पाप प्रशस्त बनाउने सोचलाई झल्काउँछ ; त्यसैले पाप जतातेतै फैलन्छ, अनुग्रह झन धेरै बढ्दछ । (रोमी ५ : २०)

इस्रायलको इतिहास एक उदाहरण हो कि कसरी सम्पूर्ण राष्ट्रले केवल परमेश्वरको स्वरुपलाई आफ्नो स्तरमा राख्न सक्दैन, तर यी झूटा

धारणाहरुलाई शैतानको न्याय प्रणालीको मिलापमा परमेश्वरको शासनसँग बैधानिक बनाउँछ, जहाँ न्याय र न्यायको हरेक कार्य दया र प्रेमले निर्धारण गर्दछ । (१ राजा १७ : ७,८, मत्ती ५ : २८, २९) किनकि सबै इस्रायलीहरु पुरानो करारको अनुभवमा बाँचे, पुरानो नियमको अवधिलाई पुरानो करारको कालको रुपमा सजिलै देख्न सकिन्छ यधपि नयाँ करारको अनुभव उनीहरुमा उपलब्ध थियो । त्यही सुसमाचार उनीहरुलाई प्रचार गरियो जुन हामीलाई प्रचार गरिएको थियो (हिब्रु ४ : २) । परमेश्वरको कृपा अनन्तको छ (भजनसंग्रह ११८ : १), तर जब यहूदीहरुले उहाँको पुत्रको व्यक्तित्वमा परमेश्वरको चरित्रको पूर्ण प्रकाशलाई अस्वीकार गरे, एक मानिसको रुपमा त्यो भन्दा ज्यादा गर्न अरु केहि बाँकी थिएन । मानिसको जमातले चौथो स्वर्गदूतको माध्यमबाट दयाको अन्तिम सनदेश अस्वीकार गरे पछि यहि प्रकियाले मानवजातिको दयाको ढोकालाई पनि बन्द गर्नेछ ।

यधपि इसाई चर्चले शुरुमा ख्रीष्टलाई पवित्र ठाउँमा विश्वासद्वार पछ्याए र त्यसैले पवित्रआत्माको अघिल्लो बर्षा प्राप्त गरे ; त्यस पछिको धर्मत्यागले इस्रायलीहरुलाई यहूदीहरुको जस्तै अवस्थामा राख्यो । जतिबेला इस्रायलीहरुले मन्दिरको आँगनमा बेकारका बलिहरु चढाउँदैन थिए, तर उनीहरुले एक देवतामा व्यर्थका प्रार्थना गरे जसलाई उहाँको पुत्रको मृत्युले प्रायश्चित गर्नुपर्दछ । र यदि यो प्रयाप्त थिएन भने, पोप र कन्या मरियमको नेतृत्वमा रहेको मानव अधिवक्तहरुको सम्पूर्ण हतियारहरु यस देवताको कोधलाई शान्त पार्न उनीहरुको सहयोगमा आउँथे । यस गम्भिर अवस्थालाई कम गर्न इस्रायलीहरुले परमेश्वरको व्यवस्थालाई पुरानो नियमको रुपमा स्थापित गरे, तर यसले तिनीहरुलाई परमेश्वरको साँचो चरित्रको धारणाबाट थप स्थानान्त्रण गर्‍यो । यसकारणले गर्दा, शारीरिक इस्रायलको इतिहास र इसाई धर्मको इतिहास परमेश्वरको करारको उलंघनको लागि सातगुणा दण्डको युगको प्रतिनिधित्व गर्दछ (लेबी २६ : १८,२१, २४) । ती दुई फरक छैनन् ; आफ्नो समयमा रहेर घृणितकार्यको प्रकट जसले विनाश

ल्याउँदछ । यो कुरा पत्ता लाग्यो कि स्वर्गमा बस्नुहुने हाम्रो पिताको उत्तम योजना इस्रायलीहरु पवित्रस्थान र आँगनको बचिमा भौतारिनको लागि थिएन, धेरै मानिसहरुको लागि न्यायको गलत धारणा पूरा गर्न १२ शताब्दी भन्दा भन्दा बढी समयसम्म सतावट र मृत्यु भोग्न र थोरैले मात्र विश्वासको लागि समान प्रकियाको माध्यमबाट

मुक्ति पाउन परमेश्वरको उत्तम योजनामा थिएन ।

त्यसैकारण प्रोटेस्टेन्ट सुधारबादले मानिसहरुलाई यो सोचाईबाट टाढा लान असफल भयो र यो क्याथोलिक र प्रोटेस्टेन्ट बीचको थुप्रै रक्तपातपूर्ण युद्धहरुमा प्रतिबन्धित भएको थियो । यो एउटा चमत्कार हो कि स्वर्गमा बस्नुहुने हाम्रो पिताले एडभेन्टिष्ट मानिसहरुलाई आफ्नो पुत्रलाई परमपवित्रस्थानमा पछ्याउन आर्कषित गर्नुभयो । पर्दा जसले पृथ्वीमा पवित्रस्थान र महापवित्रस्थानलाई छट्याउने गर्दथ्यो त्यहाँ स्वर्गदूतहरु थिए । (प्रस्थान २६ : ३१-३४) यसको अर्थ यो हो कि यो तीन स्वर्गदूतहरुको सन्देशको सही बुझाई हो, जसले एडभेन्टिष्ट मानिसहरुलाई महापवित्रस्थानमा ल्याउँदछ । तर तीन स्वर्गदूतहरुको सन्देश मार्फत पनि हामी कसरी पढ्छौं भनेर परिक्षण गरिएको छ, किनभने परमेश्वरले हामीलाई उहाँको चरित्रलाई स्वीकार्न बाध्य नपार्न हाम्रो शैतानिक प्रभावित सोचलाई प्रतिबिम्बित गर्न अनुमति दिनुहुन्छ, र हामीलाई हाम्रो आफ्नै रोजाईको ईश्वर मान्न स्वतन्त्रता दिनुहुन्छ । महापवित्रस्थानको बाटो कलबरीमा खोलियो, परमेश्वरको पुत्रको जीवन र मृत्युबाट तर हामीलाई यस मार्गको अन्त्यमा जान आमन्त्रित गरिएको छ, हाम्रो पापी सोचबाट कमिक रुपमा तर पूर्ण मुक्तिबाट पार गर्दै, धार्मिक ठहऱ्याएपछि हाम्रो स्वर्गमा हुनुहुने पिताको सुन्दर चरित्रको प्रतिबिम्बि पाउन, जसमा कुनै अनधकार छैन (यूहन्ना १ : ५) । के हामी थुमालाई जहाँ गएता पनि पछयाउन चाहान्छौं जसले गर्दा उहाँको पिताको नाउँ हाम्रो निधारमा पाउनसकौं ? म यो मार्ग अनुशरण गर्न इच्छुक छु । अनन्त सुसमाचारको सन्दर्भमा हामी पहिलो स्वर्गदूतका सन्देशका सबै पुरकतत्वहरु प्राप्त गरौं कि बेबिलोनको झूट पर्दाफास

गर्न सकिन्छ र यसरी मानिसहरुको दिमागमा यसको प्रभूत्व खस्नेछ जुन परमेश्वरले हामी बारे भन्न सक्नुहुन्छ :

> “परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।”
> (प्रकाश १४ : १२)

# तेस्रो स्वर्गदूतको सन्देश सशक्तिकरण गर्ने चाबी

यो धेरै स्पष्ट भएको छ कि पहिलो स्वर्गदूतको सन्देशको अनुक्रमको सही समझले बेबिलोनको पतन र उनको मद्यको विषाक्तताको पर्दाफासको चाबीलाई पक्रेर राख्दछ । यो पहिलो स्वर्गदूतसाग कुनै सुसमाचार मात्र छैन, तर अनन्तको सुसमाचार छ, र तिनीहरु जसले यसलाई ग्रहण गर्दछन् उनीहरुले थुमाको गीत मात्र गाउने छैनन्, तर मोशाको गीत पनि गाउनेछन्, किनभने, अनन्तको सुसमाचारमा यो नै गीत हो । यस्तो सुसमाचारको आश्वासनले हामीलाई यो निष्कर्षमा पुऱ्याउँछ कि खीष्टले पुथ्वीमा आफ्नो चरित्रमा पूर्ण रुपमा अहिंसाको रुप प्रकट गर्नुभएको कुरा हिजो, आज र सदासर्वदा उस्तै हो, र यस्तो प्रकाशको कारण हामी उहाँलाई महिमा दिन सक्छौं । खीष्टमा यस चरित्रको प्रकाशको साथ हामी त्यसपछि न्यायको घडींमा भाग लिन सक्षम हुन्छौं, र परमेश्वर पवित्र, दयालु र धर्मीको रुपमा न्याय गर्नुहुन्छ। उहाँमा बिश्राम लिन यसले हाम्रो हृदयलाई खोल्दछ “जसले स्वर्ग, पुथ्वी, समुद्र र पानीका मूलहरु बनाउनुभयो” र प्रेम र सतयतामा उहाँको आराधना गर्न ।

सेभेन्थ-डे एड्भेन्टिष्टहरुले सन् १८८८ देखि तेस्रो स्वर्गदूतको सन्देशलाई घोषणा गरिरहेका छन्, तर परमेश्वरको चरित्रको पूर्ण ज्ञान बिना यो सन्देशले दोस्रो स्वर्गदूतले बाँड्को सन्देशको अभिव्यक्तिको भाव उत्पनन गऱ्यो (प्रकाश १४ : ८ लाई ठूलो आवाजको साथ भनिएको थिएन ।) चाबी जसले तेस्रो स्वर्गदूतको सन्देशलाई शक्ति प्रदान गर्दछ त्यो परमेश्वरको प्रेमिलो चरित्रको महिमित ज्योतिको प्रकाश हो । (कास्ट अबजेक्ट लेशन पेज .४१५)मा हेर्नुहोस् । यो चाबी प्राप्त गर्ने प्रवेशद्वार एकमात्र पुत्रको हातमा र १८८८ मा एल्डरहरु वागनर र जोन्स्ले दिएको अनन्तको करारको सत्यतामा थियो ।